परिच्छेद एक

# शोध परिचय

## १.१. शोध शीर्षक :

प्रस्तुत शोधपत्रको शीर्षक 'बाँके जिल्लाको थारु जातिको भाषा र संस्कृतिको विश्लेषण' रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह नेपाली विषयको अङ्कभार परिपूर्तिको प्रयोजनार्थ तयार पारिएको छ ।

## १.३. विषय परिचय :

नेपालको विभिन्न भौगोलिक प्रदेशहरुमा विभिन्न भाषाभाषी, भेषभूषा, रीतिरिवाज र विविध सांस्कृतिक परम्परा अँगाल्दै आएका जातिहरुको बसोबास छ । नेपाली समाज र संस्कृतिको निमार्णमा कुनै एक वर्ग र जातिको मात्र योगदान नभएर अनेक जातिहरुको साझा योगदान रहेको छ । प्रत्येक जातीय समुदायहरु समाजको आधारस्तम्भको रुपमा उभिएका छन् । यिनै जातीय समुदाय बीचको एउटा महत्वपूर्ण आधारस्तम्भको रुपमा उभिएको जाति हो थारु जाति ।

तराईको विविध क्षेत्रमा वसोवास गर्दै आएका जनसंख्याको दृष्टिले चौथो ठुलो जातिमा पर्ने आदिवासी जनजाति थारुको आफ्नो छुट्टै पहिचान, भाषा, साहित्य, धर्म, संस्कृति, परम्परा र चाडपर्वहरु रहेका छन् । वर्षको वाह्रै महिनामा गाइने फरक-फरक गीत र नाँचहरुमा आफ्नै पहिचान र सौन्दर्य रहेको हुन्छ । पूर्व झापादेखि पश्चिम कैलाली कञ्चनपुरसम्मको तराई खण्डमा बसोबास गर्ने थारु जातिको चाडपर्व र संस्कृतिमा केही फरकपन देखिन आए पनि मूलरुप भने एकै देखिन्छ । यस शोधपत्रमा नेपालमा बसोबास गर्ने थारुहरु मध्येमा बाँके जिल्लामा अवस्थित थारु जातिको भाषा संस्कृतिको विषयमा अध्ययन, विश्लेषण गरिएको छ । वैज्ञानिक ढङ्गबाट गरिएको यस अध्ययन, विश्लेषण र मूल्याङ्कनले यसमा रहेको अभावको परिपूर्ति हुनेछ ।

## १.४. समस्या कथन :

कुनैपनि खोज अनुसन्धानको उद्देश्य निश्चित समस्याहरुको समाधानमा केन्द्रित हुने गर्दछ । खोजलाई प्रस्टाउन र वैज्ञानिक ढङ्गबाट बनाउनका लागि त्यसका समस्याहरुलाई प्रस्ट पार्न जरुरी रहेको हुन्छ । तिनै समस्याहरुमा केन्द्रित रहेर नै

यो शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोध शीर्षकले नै यसको समस्या के हो ? भन्ने स्पष्टरुपमा अवगत गराएको छ । खासगरी मध्यपश्चिमाञ्चल अन्तर्गत पर्ने बाँके जिल्लामा रहेका आदिवासी थारु जातिको भाषा, संस्कृति सम्बन्धमा अध्ययनलाई विश्लेषण गरी त्यसका विविधसमस्याहरु केलाई उचित निष्कर्ष निकाल्ने कार्य यसको मूल समस्या ठर्हछ । तथापि यससंग सम्बन्धित समस्याहरुलाई बुँदागतरुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

१) थारु जातिको परिचय, उत्पत्ति , शैक्षिक, आर्थिक स्थिति कस्तो छ ?

२) बाँकेका थारु जातिको रहन-सहन कस्तो छ ?

३) बाँकेका थारु जातिको भाषा र संस्कृति कस्तो छ ?

## १.५. शोधकार्यको उद्देश्य :

हरेको कार्यको आफ्नो कुनै उद्देश्य रहेको हुन्छ । बिना उद्देश्य कुनै कार्य सफल हुदैन । तसर्थ कार्य थालनी गर्नुपुर्व नै उद्देश्यलाई स्पष्ट र निश्चित गर्नु जरुरी हुन्छ । थारु जाति सम्बन्धमा वस्तुगत अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी उचित निष्कर्ष निकाल्नु नै प्रस्तुत शोधपत्रको मुलभूत उद्देश्य रहेको छ । यस शोधपत्रको उद्देश्यहरुलाई बुँदागतरुपमा तल प्रस्तुत गरिएको छ :-

१) थारु जातिको उत्पत्ति, परिचयको बारेमा जानकारी गराउने ।

२) बाँकेमा अवस्थित थारु जातिको रहन-सहन पत्ता लगाउने ।

३) बाँकेको थारु भाषा र संस्कृतिको अध्ययन विश्लेषण गर्ने ।

## १.६. पूर्वकार्य समीक्षा :

प्रस्तुत शोधकार्यको क्षेत्र बाँकेका थारु जाति हो । परापूर्वकालदेखिनै नेपालमा बसोबास गर्दै आएको थारु जातिको विषयमा अनेक खोज अनुसन्धान गरिदै आइएको छ र यस विषयमा कतिपय यथार्थ कुरा बाहिर आउन बाँकी पनि छ । विभिन्न पत्रपत्रिका, धार्मिक ग्रन्थहरुमा टिप्पणी, समीक्षा, विश्लेषणात्मक लेख लेखिएको पाइन्छ । तर बाँकेमा अवस्थित थारु जातिको भाषा संस्कृति सम्बन्धी कुनैपनि अध्ययनकार्य हालसम्म भएको छैन । अतः यस जातिको इतिहास सम्बन्धी अध्ययन गरिएका आधार शोधपत्रको लागि सहयोगीसिद्ध हुने भएकाले यस विषयमा अध्ययन विश्लेषण गर्नेमा स्वदेशी तथा विदेशी दुबै विद्वानहरुको चिन्तन के कस्तो रहेको छ ? त्यसको छोटो समीक्षा तल गरिएको छ :

- मोरगनद्धारा सम्पादित ‘History of Buddism’ मा एउटा निबन्धमा ‘थारुहरु मङ्गोलमूलका छन्’ भनी लेखेका छन् ।
- मिष्टर ब्रायन होडसन ‘‘Access on the language, literature and Religion of Nepal Tibbet’’ का अनुसार थारुहरुको रगत ( डि.एन.ए. ) परीक्षणको आधारमा औलो निरोधक जात हुन् । यो निरोधक क्षमता प्राप्त गर्नका लागि कम्तीमा तीन हजार बर्ष औलोयुक्त क्षेत्रमा बस्नु पर्दछ भन्ने वहाँको कथन छ ।
- आर.पि. सिंह (१९८८) ‘‘The Real Stories of the Tharus’’ अनुसार थारुहरु मङ्गोलमूलका आर्यपूर्वका हुन् । उनीहरुको मूल उत्पत्ति थलो नेपालको कपिलवस्तु जिल्ला हो । उनीहरु नेपालको पुरै तराई, भित्री तराई, भारतको प्रदेश र बङ्गालका सीमावर्ती जिल्लाहरुमा बसिरहेका छन् जुन शाक्यहरुका अवशेष हुन् ।
- इतिहास शिरोमणी बावुराम आचार्य ( वि.स. २०१० ) थारु जातिको मूल घर कहाँ ? नेपाल सांस्कृतिक परिषद् पत्रिका वर्ष २ अंक २ का अनुसार थारुहरु नेपालका आदिवासी हुन्, उनीहरुको उत्पत्ति नेपालमै भएको हो ।

## १.७. शोधकार्यको औचित्य :

प्रस्तुत शोधपत्रमा आदिवासी जनजाति भएर पनि पिछडिएका, राज्यको साधन श्रोतको पहुँच कम भएका बाँके जिल्लाका थारु जातिको भाषा, संस्कृतिको अध्ययन गरिएको हुँदा यो आफैमा औचित्यपूर्ण रहेको देखिन्छ । थारु जातिको अध्ययन धेरैले गरेतापनि ठाँउ विशेषको अध्ययनमा यो एक थप प्रयास हो । विविध जातजाति रहेको नेपालमा निश्चित जातिको मात्र अध्ययनले समग्रता भेटाउन नसक्ने हुँदा अध्ययन र खोजको विषय बनेको आदिवासी थारु जातिका बारेमा गरिएको अध्ययन विश्लेषणले प्रस्तुत शोधपत्रको औचित्य स्थापित हुने देखिन्छ । भोलिका दिनमा अनुसन्धान गर्ने व्यक्तिलाई सन्दर्भ सामाग्रीका साथै यथार्थताको उद्घाटन हुने भएकोले यो महत्वपूर्ण हुने देखिन्छ ।

## १.८. शोधकार्यको सीमाङ्कन :

शोधपत्रको शीर्षक, समस्या र उद्देश्यलाई पूर्ण गराउन लिइने क्षेत्रगत आयाम नै सीमाङ्कन हो । विषयको गहनता हेरेर त्यसको क्षेत्र तय गर्ने गरिन्छ । क्षेत्र धेरै विस्तृत भएमा त्यसको गहिराईमा प्रवेश गर्न नसकिने भै भद्दा हुने र ज्यादै सानो क्षेत्र भएमा अति सूक्ष्म भै कठिन बन्न जाने हुँदा यहाँ विशेष एक क्षेत्रको स्थान विशेष जुन

मध्यपश्चिमाञ्चलको थारु बाहुल्यता भएको बाँके जिल्ला र त्यहाँका थारु जातिको रहन-सहन, भाषा, संस्कृति, मूल्य मान्यताका विषयमा अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ ।

## १.९. शोध विधि :-

प्रस्तुत शोधकार्यको शीर्षक 'बाँके जिल्लाका थारु जातिको भाषा र संस्कृतिको विश्लेषण' भएको हुँदा यसको मुख्य अध्ययन श्रोत क्षेत्रगत अध्ययन नै रहेको छ । त्यस्तै सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालय विधि अवलम्बन गर्नुका साथै सङ्कलित सामग्री विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा व्याख्या विश्लेषण अनि निष्कर्ष विधि पनि अवलम्बन गरिएको छ ।

## १.१०. शोधपत्रको रुपरेखा :

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एवं सुसंगठित गर्नका लागि जम्मा पाँच परिच्छेद र त्यस अन्तर्गत आवश्यकता अनुरुप विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ ।

## परिच्छेद दुई

# बाँके जिल्लाका थारु जातिको परिच्छय

## २.१. बाँके जिल्लाको मानचित्र

## २.२. बाँके जिल्लाको परिचय :–

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको भेरी अञ्चलमा बाँके जिल्ला अवस्थित छ । बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका नेपाली भू-भाग भारतस्थित इष्टइण्डिया कम्पनी सरकारको अधिनस्थ बन्न पुगेको थियो । जंगबहादुरले आफ्नो कार्यकालमा भारतको सिपाही विद्रोहमा अंग्रेजलाई सघाएवापत वि.स. १९१४ मा यी जिल्लाहरु पुरस्कार स्वरुप पुनः फिर्ता ल्याए । यस अर्थमा बाँके जिल्लालाई नयाँ मुलकको रुपमा चिनिन्छ । बाँके जिल्लाले पूर्वमा दाङ्ग, पश्चिममा बर्दिया, उत्तरमा सल्यानको जिल्ला सीमाना र दक्षिणमा भारतको अन्तराष्ट्रिय सीमाना छोएको छ ।

बाँके जिल्ला २७°५०' देखि २८°२५' उत्तरी आकाशं र ८१°३०' देखि ८२°१५' पूर्वी देशान्तरमा अवस्थित रहेको छ । यस जिल्लामा ४८६ मि. पूर्वी, १४७ मि. पश्चिम, ९६६ मि. उत्तरी र १३९ मि. दक्षिणी उचाई रहेकोले यहाँ उचाईजन्य विविधता रहेको बुझिन्छ । यो जिल्लाको उत्तरी सीमानालाई चुरे श्रृखंलाले घेरेको छ । बाँके जिल्लाको कुल क्षेत्रफल २,३३७ वर्ग कि.मि.(अनुमानित) छ । यहाँको कुल जनसंख्या ३,८५,८४० जना र जनघनत्व १५०-२५० को बीचमा रहेको छ । एकमात्र राप्ती नदी रहेको बाँके जिल्लाको जंगललाई सामुदायिक वन घोषित गरी संरक्षण गरिएको छ । बाँके जिल्लाको साक्षरता दर ५७.८ प्रतिशत रहेको छ ।

मध्यपश्चिमाञ्चलका तराई जिल्लाहरु मध्ये सबभन्दा कम कृषि योग्य जमिन ( ४४,२३७.७ हेक्टर ) भएको जिल्लाको रुपमा बाँके जिल्लालाई लिने गरिन्छ । बाँके जिल्ला मध्यपश्चिमाञ्चलमा नै सबभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला पनि हो । यहाँको नेपालगञ्ज नगरपालिकामा रहेको वागेश्वरी मन्दिर नेपालकै प्रसिद्ध मन्दिरहरु मध्येको एक हो । तल्ले शैली (Multi- roofed) मा निर्मित यो मन्दिरको खास विशेषता के छ भने यहाँ नेपालकै एकमात्र जुँगे महादेवको मूर्ति अवस्थित छ । शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, सञ्चार तथा खानेपानी आदि सुविधा समेत उपलब्ध भएको बाँके जिल्लाको मनिकापुर गा.वि.स. मा राफा विमानस्थल रहेकोले यहाँ हवाई सुविधा पनि उपलब्ध रहेको छ । विविध क्षेत्रका मानिसको आवागमन रहेको बाँके जिल्ला बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुसामुदायिक बन्न पुगेको छ । बाँके जिल्लाको विस्तृत चिनारी तल प्रस्तुत गरिएको छ :-

**क) भौगोलिक अवस्थिति :**

- सीमाना जोडिएका जिल्लाहरु

१. बर्दिया २. सल्यान ३. दाङ्ग
अन्तराष्ट्रिय सीमाना जोडिएको राष्ट्र : भारत
क्षेत्रफल : २,३३७ वर्ग कि.मि.

**ख) प्रशासनिक विभाजन :-**

- गा.वि.स. संख्या : ४६
- नगरपालिका संख्या : १
- इलाका संख्या : १३
- संसदीय निर्वाचन क्षेत्र संख्या : ३

**ग) जनसंख्या सम्बन्धी विवरण ( २०५८ )**

- जम्मा जनसंख्या : ३,८५,८४०
- महिला : १,८७,६०९
- पुरुष : १,९७,२३१
- घरपरिवार संख्या : ६७,२६९
- औसत परिवार सदस्य : ५.७४
- जनघनत्व : ( प्रति वर्ग कि.मि. ) : ३.०१ प्रतिशत
- सहरी जनसंख्या (प्रतिशत) : १४.९१
- पुरुष महिला अनुपात : १०५.६६
- नेपालको जनसंख्यामा जिल्लाको अंश (प्रतिशत) : १.६७

**घ) शिक्षा ( २०५८ )**

- साक्षरता : ६ वर्ष वा सो भन्दा माथिको मात्र प्रतिशतमा
- जम्मा : ५७.८
- महिला : ४९.२
- पुरुष : ६६.०

**ङ) स्वास्थ्य** ( **२०५८** )

- स्वास्थ्य संस्थाहरुको जम्मा संख्या : ४७
- जनसंख्या प्रति स्वास्थ्य संस्था : ८,२०९
- पहिलो विवाह गर्दाको औसत उमेर :

महिला : १९.५६ वर्ष

पुरुष : २३.३१ वर्ष

**च) धर्म मान्नेहरुको जनसंख्या प्रतिशतमा** ( **२०५८** )

- हिन्दु : ७८.४९
- मुस्लिम : १८.९९
- बौद्ध : २.०२
- क्रिश्चियन : ०.३६
- किराँत : ०.०१
- अन्य : ०.१३

**छ) जातजाति** ( **२०५८** )

प्रमुख पाँच जातजातिहरुको जनसंख्या प्रतिशतमा

- मुसलमान : २१.१०
- थारु : १६.४२
- क्षेत्री : १२.३०
- ब्राहमण : ५.९४
- मगर : ५.४२

**ज) मातृभाषा** ( **२०५८** )

प्रमुख पाँच भाषा बोल्नेको जनसंख्या प्रतिशतमा

- नेपाली : ३३.१३
- अवधी : ४४.१६
- थारु : १५.००

- मगर : १.४७
- उर्दू : १.४६

**झ) आर्थिक क्रियाकलाप ( २०५८ )**

आर्थिक दृष्टिले सक्रिय जनसंख्या (प्रतिशतमा)

- जम्मा : ४९.७८
- महिला : ३०.१४
- पुरुष : ६८.२३

ञ) प्रमुख पेशा प्रतिशतमा ( २०५८ )

- कृषि : ३९.३८
- गैह्रकृषि : ६०.६२

**ट) कृषि सम्बन्धी विवरण ( २०५८/५९ )**

कुल कृषि योग्य जमिन :४४,२३७.७ हेक्टर

कुल कृषि योग्य जमिन मध्ये सिँचित क्षेत्र : १३.६९ प्रतिशतमा

**ठ) सडक सुविधा ( २०५९ )**

जम्मा सडकको लम्बाई (कि.मि.) : ३३९

**ड) हुलाक (२०६०)**

हुलाक कार्यालय संख्या : ४७

**ढ) उद्योग (२०५९)**

ठूला उद्योगको जम्मा संख्या : ८९

ठूला उद्योगमा रोजगारी संख्या : ४,१४२

**स्रोत : केन्द्रीय तथ्याङ्क विभाग**
**थापाथली, काठमाण्डौं**
**असार, २०६१**

## २.३. थारु जातिको परिचय :-

नेपालको विभिन्न भौगोलिक प्रदेशहरुमा विभिन्न भाषाभाषी, भेषभूषा, रीतिरिवाज र विविध सांस्कृतिक परम्परा अंगाल्दै आएका जातिहरुको बसोबास छ । यिनै कारणहरुले गर्दा नेपाललाई एक 'सानो संसार' पनि भनिन्छ । नेपाली समाज र संस्कृतिको निमार्णमा कुनै एक वर्ग र जातिको मात्र योगदान नभएर अनेक जातजातिहरुको साझा योगदान रहेको छ । प्रत्येक जातीय समुदायहरु समाजको आधारस्तम्भको रुपमा उभिएका छन् । यिनै जातीय समुदायहरु बीचको आफ्नो छुट्टै भाषा, संस्कृति बोकी समाजको आधारस्तम्भको रुपमा उभिएको जाति, थारु जाति हो ।

नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्मको तराई भू-भागका विभिन्न ठाँउहरुमा छरिएर बसेता पनि पश्चिमी तराईका जिल्लाहरुमा थारु जातिको बाक्लो बस्ती रहेको पाइन्छ । प्राचीन समयदेखि नै तराईमा बसोबास गर्दै आएको आदिवासी जनजाति थारु जनसंख्याको दृष्टिले वाह्रमण, क्षेत्री र मगर पछिको चौँथो ठुलो जाति र जनजाति मध्ये दोस्रो स्थानमा पर्दछ । नेपालमा थारुहरुको जनसंख्या १५,३३,८७९ रहेको छ । जुन कुल जनसंख्याको ६.७५ प्रतिशत हुन्छ ।[1] थारु जातिको आफ्नै छुट्टै भाषा, साहित्य, संस्कृति, भेषभूषा, रहन-सहन, चाडपर्व र नाचगान आदि रहेको छ । नेपाली थारुहरुको इतिहास लामो रहेको कुरा विभिन्न विद्वान र ग्रन्थहरुबाट पत्ता लागेपनि ३५० वर्षको गरिमामय राजनीतिले पनि झनै यस कुराको प्रमाणित गर्दछ ।[2] थारु जातिको रहन-सहन, चाडपर्व, धार्मिक अवस्था र व्यवहारमा भौगोलिक तथा सामाजिक विविधता पाइन्छ । वितरणका हिसाबले यो जाति वाह्य वा मूल तराई वा मधेश भनिने उत्तर भारतसंग जोडिएको ६०० माइल लामो क्षेत्रका अतिरिक्त शिवालिक पहाडी श्रृखंलासित गाँसिएको चुरे प्रदेश क्षेत्र र केही दुन उपत्यका क्षेत्रमा छरिएर बस्दै आएको छ । वातावरणको दृष्टिले हेर्दा अत्याधिक औलोग्रस्त क्षेत्र, पहाडी भेगका मानिसले 'कालापानी' का नामले जान्ने तराईको विषात भू-भागलाई बस्ती योग्य बनाएको पाइन्छ । यो जमिन निकै मलिलो भएको हुँदा कृषि तथा पशुपालनका लागि योग्य देखिन गयो । पछि विस्तारै थारु जातिले बसालेको बस्तीमा अन्य क्षेत्रबाट मानिसको आगमन हुन पुग्यो । यसरी हेर्दा तराईको आदिवासीको रुपमा देखिने थारु जातिसंग वर्तमान समयमा त्यति जग्गा जमिन भएको भने पाइदैन । केहि त सुकुम्बासी समेत बनेका छन् । यस्तो हुनुमा थारु जातिको सोझोपना तथा समयानुसार आफूलाई बदल्न नसक्नुले गर्दा नै हो भन्न सकिन्छ ।

---

१. राष्ट्रिय जनगणना, २०५८ ।

२. जि.सी., एलिजा (२०६३), थारु जातिको रहन-सहन र विविध संस्कृति विश्लेषण, शोधपत्र ।

भौगोलिक विविधता भएको विविध क्षेत्रमा बसोबास गर्दै आएका थारुहरुको भेषभूषा, परम्परा र भाषासंस्कृतिमा पनि विविधता देखिन्छ । क्षेत्रका हिसाबले दाङ्गका बसोबासीलाई दङौरा थारु, कैलालीका बसोबासीलाई कैलहवा, चितवनका बसोबासीलाई चितौन्या, मल्हवारका बसोबासीलाई मलोहया भनिन्छ । यस्तै पूर्वीय ,दङाहा, देशाउरे, राना, कठरिया आदि नामले पनि छुट्टयाएको पाइन्छ । बाँके जिल्लामा अवस्थित थारुहरु देशाउरे हुन र यहाँ छिटपुट मात्रमा दङाहा थारुहरु पनि मिसिएका छन् । यसरी विविध ठाँउमा छरिएर विविध नामले छुट्टिए पनि थारु जाति अनेकतामा एकताका प्रतिविम्ब हुन् ।

मझौला कद, साना आँखा, थोरै दाह्री जुंगा, खदिलो शरीर, कालो गर्मी प्रदेशका लागि विकसित छाला थारु जातिको शारीरिक विशेषता हुन् । सोझा, इमान्दार, मेहनती, सीपयुक्त र मिजासिलो बोली व्यवहार पेशागत विशेषता हुन् । मंगोलमूलको शारीरिक बनावटबाट थारु जातिलाई पहाडका तिब्बत, वर्मेली समूहको भाषा वोल्ने मगर, गुरुङ्ग, तामाङ्ग, किराँत, आदिवासी जातिको नजिक पुर्‍याउँछ । तर भाषागत रुपमा हेर्दा मैथिली, अवधि र भोजपुरी वा प्राकृतको नजिक पुर्‍याउँछ । थारु जाति धर्ममा पनि आस्था राख्ने गर्दछ । उनीहरु धार्मिक पूजाआजा गर्ने जादुटुना मान्ने, भूतप्रेत र तन्त्रमन्त्रमा विश्वास गर्ने गर्दछन् । यिनीहरु आफ्नो कुलदेवता, ग्रामित देवताको पूजा गर्नुको साथै हिन्दूहरुको सम्मिश्रणले शङ्कर, पावर्ती, दुर्गादेवी र सत्यनारायणको पनि पूजा गर्दछन् ।

नारीको अवस्था थारु समाजमा स्वतन्त्र हुने, उनीहरुको प्रभाव घरमा अत्या-याधिक हुने भएता पनि थारु समुदाय पितृसत्तात्मक नै हुन्छ । थारु जाति शिक्षाको उज्यालोबाट पनि पर रहेको जाति हो । भर्खर-भर्खर शिक्षाको महत्व बुझ्न थाले पनि उच्चशिक्षा प्राप्तगर्ने थारु जातिका मानिस धेरै कम रहेका छन् । थारु भाषामा लेखिएका साहित्यिक कृतिको अझैपनि अभाव नै देखिन्छ । लोकसाहित्यमा भने थारु जाति धेरै धनी रहेको छ । मेलापात, चाडपर्व र विवाहमा गीत गाउनु अनि बाजा बजाएर नाच्नु थारु जातिको विशेषतानै रहेको देखिन्छ ।

विविध क्षेत्रमा छरिएर बसेका थारु जातिको पोसाक र गहनामा केही फरकपन देखिएता पनि यो जातिका पुरुषहरुले मुख्यरुपले भोटो, इष्टकोट, धोती र टोपी लगाउँछन् भने महिलाहरु लेहङ्गा, चोली, अघ्रान र विविध गरगहनाको प्रयोग गर्दछन् । ठुलो परिवार, सफासित लिपपोत गरिएको घर, एकै ठाउँमा गुजमुज्ज पारेर घर बनाएर बस्नु, जाँडरक्सी र सुँगुरको मासुको अत्याधिक प्रयोग गर्ने प्रचलन थारु जातिमा रहेको हुन्छ ।

थारुहरुको मुख्य पेशा कृषि नै हो । कृषिका साथै यिनीहरु पशुपालन पनि गर्दछन् । निकै मेहनती देखिने थारु जाति फुर्सतको समयमा माछा मार्ने, गुन्द्री, चटाई, ढकी, खाँडीको कपडा बुन्ने पनि गर्दछन् । तर थारुहरुको आर्थिक अवस्था अधिकाशंरुपमा

दयनीय नै देखिन्छ । थारु जातिले कृषि नै एक मात्र पेशा मान्ने र त्यो पनि पुरानै ढङ्गबाट गर्ने, पाहुनाको सत्कारमा अनावश्यक खर्च गर्ने, अत्याधिक जाँडरक्सीको प्रयोग गर्नुले यिनीहरको आर्थिक अवस्थामा सुधार हुन सकेको छैन ।

थारु जातिको इतिहास पल्टाएर हेरेको खण्डमा परापूर्वकाल देखि नै नेपालमा बसोबास गर्दे आएको तथा ३५० वर्ष लामो गरिमामय राजनीतिक इतिहास बोकेको भएतापनि आजका अधिकाशं थारुहरु सुकुम्बासी र आधियाँ ,वटैया, ज्याला मजदुरी गरी जीविकोपार्जन गर्न बिवश छ । अन्य जातिका तुलनामा शैक्षिक, राजनैतिक, सामाजिक,आथिक क्षेत्रमा पछाडि पर्न गएको छ । यो जातिले आफने भाषा, सहित्य, संस्कृति, भेषभूषा र नाचगानलाई आगाडि बढाउन पनि सकेन । र्वतमान समयमा भने उनीहरु आफै, अन्य खोजकर्ता, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरु यिनीहरुको अवस्थाको अध्ययन विश्लेषण गर्दै सुधार गर्नतिर लागिपरेका छन् । थारु कल्याणकारिणी सभाले पनि थारु जातिमा रहेको अन्धविश्वासलाई हटाएर थारु जातिलाई सुधार गर्न पाइला चालिरहेको देखिन्छ । नेपाली राष्ट्रियताको संरक्षण र सम्बद्धर्नको लागि सरकारी स्तरबाट पनि थारु जातिलाई उँभो लगाउनको लागि नयाँ कदम चाल्नुपर्ने अत्यन्त आवश्यक देखिन्छ ।

**२.४. थारु जातिको उत्पत्ति :**

अरबौं वर्षपूर्व सूर्यबाट टुक्रिएका पुञ्जहरु मध्येमा पृथ्वी पनि एक पुञ्ज हो । त्यो पुञ्ज विस्तारै सेलाउदै गयो, दिन-रातको सृष्टि हुनपुग्यो । पृथ्वी सेलाउदै जाँदा यहाँ अनेक परिवर्तन भएर पहाड पर्वत बने, समुन्द्र बने र अन्तमा प्राणीहरुको पनि सृष्टि भयो । यसरी सृष्टि भएको संसारमा मानवजाति अविकसित थियो । उसले यस संसारमा पहिले यायावरी (घुमन्ते) जीवन व्यतित गऱ्यो । विस्तारै मानवले खेती गर्न र पशुपालनमा लाग्न थाल्यो जसको कारण उसले वाध्यतावश आफ्नो यायावरी जीवन छोडेर एकै ठाँउमा खेती र पशु कुरेर बस्नुपऱ्यो । यसरी मानिस एकै ठाँउमा बस्ने क्रममा समुहमा बस्न थाल्यो, एक अर्काको सहयोगको पनि अपेक्षा गर्नथाल्यो जसको फलस्वरुप समाजको जन्म हुनपुग्यो । समाजको जन्म पछि त्यहाँ अनेक भाषा, संस्कृति, जातजाति देखापर्न थाले । यसरी मानिसको सृष्टि भई सभ्यताको विकास हुन पुगेको हो ।

यस संसारको सृष्टि हुने क्रममा नेपाल पनि प्राचीन देश हो जहाँ मानिसको सृष्टि भई विविध भाषा संस्कृतिको विकास हुनपुग्यो । करीब १३ करोड वर्ष अगाडि बनेका यहाँका पर्वत श्रृखलाहरु र उपत्यकाहरुमा पछि आएर प्राणी विशेषको आकर्षण बढ्दै गएको देखिन्छ । एकातिर प्राचीन शास्त्रहरुमा सृष्टिको विहानीको रुपमा यो भू-भाग चित्रित गरिएको छ भने अर्कोतिर पुरातात्विक साक्ष्यहरुले समेत यसको पुष्टि गरेका

छन् । जसको प्रमाण 'वि.स. २०३७ सालमा बुटवल स्थित तिनाउ खोला नजिकैको ठाँउमा रामपिथकेस मानवको एक करोड दश लाख वर्ष पुरानो दाँत पाइयो ।[३] बाग्मती, विष्णुमती, नारायणी, कोशी आदि नदीका फाँटहरु तथा उपत्यका, बर्दिया, दोलखा, काठमाण्डौं उपत्यकाका विभिन्न क्षेत्रहरु, नवलपरासी, काभ्रेपलान्चोक, मोरङ, झापा, पाल्पा आदि अनेक क्षेत्रहरुमा प्रागैतिहासिक मानवको बसोबास भएको स्पष्ट प्रमाण पाइएको छ ।[४] यसरी प्राचीनकालदेखि नै मानव बसोबास स्थल बन्दै आएको प्राचीन भूमि नेपाल अनेक जाति, भाषा, संस्कृतिको उद्‌गमस्थल पनि बन्न पुगेको छ । यस्तो स्थितिमा कुन जातिको उत्पत्ति कहिले, कहाँ र कसरी भयो भन्ने किटान गर्न भने गाह्रो छ ।

नेपाल आकारमा सानो भएतापनि बहुजातीय सामाजिक संरचना र विविधतायुक्त संस्कृतिले गर्दा एसियाकै 'जातीय सङ्गमस्थल' भनिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीको सीमाभित्र फैलिएको यस देशमा अनेक जातीय प्रदेशहरु पाइन्छन् । तराई प्रदेशको एक प्रमुख र प्राचीन आदिबासी जाति हो थारु जाति । पूर्व झापादेखि पश्चिम कैलाली कञ्चनपुरसम्मको तराई खण्डमा थारुहरुको बसोबास पाइन्छ । संख्याको दृष्टिले मध्य र पश्चिम तराईमा यिनीहरुको बसोबास अधिक रहेको छ । प्राचीन समयदेखि नेपाली र भू-भागमा बसोबास गर्दै आएका भएपनि थारु जातिको उत्पत्तिको कुरा अझैपनि रहस्यमय नै छ । कति विद्वान यो जातिको पुर्खा मङ्गोलियन भन्दछन् भने कति यसलाई आर्य राजपुतका वंशज मान्दछन् । थारु को हुन् ? यिनीहरु कहाँबाट आए भन्ने सम्बन्धमा अझैपनि निश्चित हुन सकेको छैन । विद्वानवर्गबाट भने थारु जातिको बारेमा धेरै पहिलेदेखि अनुसन्धान कार्य हुँदै आएको देखिन्छ ।

थारु जाति किराँतनै हुन् भन्ने विद्वानको भनाई यस प्रकार छ :- "वास्तवमा यो थारु जाति पहाडभित्र रहेका किराँत बोली बोल्ने मङ्गोलहरुबाट आर्य भाषा ग्रहण गरी अलग जाति बनेको देखिन्छ । मङ्गोल भएतापनि मङ्गोलियनबाट सरासर हिमालयका भञ्जाङ् काटेर आउनु एकदम असम्भव छ । किनभने छैठौं शताब्दीका अन्त्यमा मात्र हिमालयका घाटी खुलेका थिए । हिमालयका पूर्वछेउको ब्रहमपुत्रको किनाराको घाँटी अति प्राचीन युगदेखि खुलिरहेको र त्यहाँबाट आएका मङ्गोल जातिका शाखाहरु केही आसाममा र केही पूर्व वंगालमा पुगी त्यहाँका बासिन्दासंग मिसिएको लक्षण मनुष्यमिति (Anthropometry) का कसौटीबाट स्पष्ट देखिन्छ । ब्रह्मपुत्रका घाँटीबाट आखेटक

३. दाहाल, पेशल (२०५८), नेपालको इतिहास (भोटाहिटी, काठमाडौं: एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स), पृ. १५ ।

४. ऐजन्, पृ. २६ ।

अवस्थामा निस्केका केही मङ्गोलहरु हिमालयका दक्षिणपट्टि काखैकाख पल्ला छेउसम्म पुगेर पुराना बासिन्दामा मिसिनु सम्भव छ । तर हिमालदेखि उत्तरपट्टि सबै भाषा असार्वनामिक भएका र केही किराँत बोली आजसम्म सार्वनामिक रहेका हुनाले व्रह्मपुत्रपट्टिबाट आएका मङ्गोलहरुको हिमालका किराँतउपर विशेष असर परेको देखिदैन । यिनीहरुका रङ्गरुपमा जो मङ्गोल लक्षण पाइन्छ त्यो पहाडी जमिनका प्रभावले बनेको अनुमान गर्न सकिन्छ । यस कारणले यिनीहरुको मूल घरको खोजी गर्दा हिमालयभन्दा बाहिर जान सकिदैन ।''[५]

थारु जातिको बसोबास लिच्छविकालमै भएको संकेत भने लिच्छविकालको एउटा अभिलेखले दिएको छ । पाटन चापागाँऊ स्थित शिवदेव प्रथमको संम्वत् ६५० को अभिलेखमा 'स्थरुद्रङ्ग' भन्ने शब्दको उल्लेख भएकोले त्यही शब्दबाट थारुहरु निकै पहिलेका बासिन्दा भएको अनुमान गरिएको छ । योगी नरहरीनाथले संस्कृति शब्द 'स्थास्नु' बाट थारु भएको धारणा व्यक्त गरेका छन् भने बौद्ध मार्गीहरुले 'स्थेर' शब्दबाट 'थारु' हुनसक्ने धारणा व्यक्त गर्दछन् । यसबाहेक कसैले रैथाने वा ठालु शब्दबाट थारु बन्न सक्ने त कसैले तराई शब्दबाट थारु हुन सक्ने कुरा उल्लेख गर्दछन् । हरिवंश पुराणमा 'दर्व' शब्दलाई संस्कार लोप भएको क्षेत्रीय भनिएको र जसको अर्थ किसान भन्ने भएकोले यसैबाट थारु पनि हुन सक्ने तर्क पाइन्छ ।

कतिले थारुको सम्बन्ध राजस्थानको थार मरभूमिसित जोडेर राजस्थानबाट आएको बताएका छन् । यसको खण्डन इतिहास शिरोमणी बावुराम आचार्यले यसरी गरेका छन् : 'राजपुताना र सिन्धका बीचमा बडो मरुस्थल रहेको छ । भारतवर्षको मानचित्रमा यस मरुभूमिको नाम Thar लेखिन्छ र थार पढिन्छ । यो सिन्धी भाषाको शब्द हो । त्यस भाषामा थर बोलिन्छ । परन्तु त्यस मरुभूमिलाई राजपुतानामा ढाट भन्ने चलन छ । यो नबुझेर थरबाट बसाँइ सरेर आएका राजपुत हुनाले थारु कहिएका हुन् भन्ने तर्कमा कमि हुन लागेको छ । त्यो मैदान हजारौं वर्षदेखि मरुभूमि भइरहेको हुनाले त्यहाँ आवादी रहनु असम्भव छ । यदि सम्भवमै माने तापनि राजपुतानापट्टिबाट आएका भए थारु नकहिएर ढाट कहिन्थे ।'[६] थारु जातिले कहाँबाट नेपाल प्रवेश गरेका हुन भन्ने सम्बन्धमा पनि विद्वानहरुमा आआफ्नै तर्क छ । ईश्वर वरालले 'थारु जाति तथा तिनको संस्कृति' नामक लेखमा बाह्रौं शताब्दीमा भारतको चित्तौंढ प्रान्तमा शासन गरेर बसेका राजपुतमाथि

---

५. शर्मा, मोदिनीप्रसाद (२०६४), थारु जाति एक अध्ययन, दोस्रो संस्करण (साझा प्रकाशन), पृ. २ ।

६. ऐजन्, पृ. २ ।

मुस्लिम आक्रमण भएपछि ती राजपुतहरुले आफ्ना श्रीमतीहरुलाई नोकर चाकरको जिम्मा लगाएर उत्तरी जंगलतिर सुरक्षित ठाँउमा पठाइदिए तर दुर्भाग्यवस उनीहरु मुस्लिमहरुको क्रुरतापूर्ण सामूहिक हत्याबाट बच्न सकेनन् । त्यसरी भागेर जंगल पसेका महिलाहरुले निकै लामो समयसम्म आ-आफ्ना पतिदेवलाई पर्खेर बस्दा पनि उनीहरु नआएकाले आफ्ना साथमा नोकर चाकर र स्थानीय व्यक्तिहरुसंग विवाह गरी बसे । तिनकै सन्तानलाई पछि थारु भनियो । यसबाहेक अन्य विद्वानहरुमध्ये बज्रकिशोर वर्माले थारु जातिलाई पश्चिमको हिमक्षेत्र पार गरेर नेपाल प्रवेश गरेका आक्रामक हुण जातिका अवशेष मानेका छन् भने थारु जातिको बारेमा सूबसेन ओलीको भनाइ यस प्रकारको पाइन्छ :- "पहाडबाट जाँगरवस भनौ वा खेतीपातीका लागि मैदानी भागतिर झर्ने र बसोबास गर्ने क्रम सुरु भयो । पहाडबाट झरी पहाडको फेदीको उब्जाउ र मैदानी भूमिमा बसोबास गरिआएका पहाडको मगरजाति नै नेपालको थारु जाति हो ।"[७]

जनकलाल शर्माले अझ शाक्य जाति नै थारु जाति हुन् भन्ने पुष्टि गरेको देखिन्छः- भगवान गौतम बुद्धले निर्वाण प्राप्त गरेको सत्र वर्षदेखि बौद्ध धर्ममा महासाङ्घिक र स्थविरवाद नामका दुई हाँगा फाटे । सम्भवतः यिनै दुई हाँगामध्ये एक हाँगो स्थविर सम्प्रदायतिर शाक्यवंशीहरुको झुकाउ भएको हुनुपर्दछ जसले गर्दा ती स्थविरवादमा आस्था राख्ने शाक्यवंशको नाम नै स्थविरवादी वा छोटकरीमा स्थविर रहन गएको पनि हुन सक्दछ र जनजिब्रोको उच्चारणमा स्थविरको विकृत रुपपछि गएर थारु हुन आयो ।"[८] यस आधारमा नेपालमा थारु जातिको बसोबास इ.पू. २५०० वर्ष अर्थात आजभन्दा ४५०० वर्ष अघिसम्म रहेको थाहा हुन सक्छ ।

यस प्रकारका विभिन्न विद्वानहरुका मतमतान्तरका आधारमा के पुष्टि हुन आउँछ भने थारु जातिको उत्पत्ति नेपालमा नै भएको हो । यसका साथै थारु जातिका मानिस आफू बसेको ठाँउ छोडेर अन्यत्र जान पटक्कै चाहँदैनन् । भूमिप्रतिको उनीहरुको यो गहिरो लगावलाई हेर्दा पनि थारु जाति नेपालका आदिवासी जाति हुन् भन्ने निर्क्योल गर्न सकिन्छ ।

## २.५ थारु जातिको वर्गीकरण :-

हिमालयको तराईमा थारु जाति बस्दछ । पश्चिममा नैनीताल, पूर्वमा दरभङ्गा जिल्लाको उत्तरसम्म पहाडको फेदीमा यही जातिको बाहुल्यता छ । यो जातिको अनुहार देख्ने बित्तिकै छेउछाउका मानिसभन्दा बेग्लै उत्तरी पहाडमा बस्ने मङ्गोल जातिसित

७. शर्मा, जनकलाल (२०३९), हाम्रो समाज : एक अध्ययन, (काठमाण्डौं साझाँ प्रकाशन), पृ. ३३९ ।

८. बराल, ईश्वर, 'थारु जाति र तिनको संस्कृति', नेपाल सांस्कृतिक परिषद् पत्रिका १/१ (वैशाख, २००४ वि.सं.), पृ. ४७, ४८ ।

सम्बन्ध राख्ने थाहा हुन्छ । यिनको रङ्ग गहुँगोरो वा कालो हुने गर्दछ । कदमा छेउछाउका मानिसभन्दा विशेष भिन्नता हुदैन । तर स्थान अनुसार मानिसको रङ्गरुप बन्ने कुरा हो । कति थारुहरु गोरो पनि पाइन्छन् ।

राहुल साङ्कृत्यायनले चम्पारन र मुजफ्फरपुर जिल्लाका उत्तरमा बस्ने थारु जातिको भेद र पदवीबारे यस प्रकार लेखेका छन् :-

| भेद | पदवी |
|---|---|
| बाँतर | (महतो) |
| चितवनिया | (महतो) |
| गढवरिया | (महतो) |
| खवसिया | (दिसवाह) |
| रउतार | (महतो) |
| न(ल) म्पोँछा | (महतो, राय) |
| सैंठा | (महतो) |
| कोचिला | (खाव) |
| महाउत | (राउत) |
| मसिअउर | (माझी) |
| गोरत | (महतो) |
| कनफटा | (नाथ) |
| कुम्हार | (राना) |
| मर्दनिया | (मार्द) |
| खउहट | (महतो) |

थारु जाति भारतमा उत्तर प्रदेश, विहार, वङ्गालमा छन् । उत्तरप्रदेशमा विजनौर जिल्लाको उत्तर र गढवालको दक्षिण नैनीताल-पिलीभित जिल्लाहरुमा धेरै जसो थारुहरु बसोबास गर्दछन् । बङ्गालमा पनि नेपाल तराईका छेउछाउमा पनि कही बसोबास गरेका छन् । नैनीताल जिल्लामा विल्हारी, नानकमत्ता, किलपुरी र टनकपुरमा बसोबास गरेका छन् । उत्तरप्रदेशका खिरी जिल्लामा थारुहरु धेरैजसो उत्तरतिर तराईका छेउछाउमा बिलराइदेखि बनकट्टीसम्म र बहराइच जिल्लामा बसोबास गर्छन् । यिनीहरु शारदा नदीको दुवैतिर धेरै जसो बसोबास गरेका छन् ।

हडसनले थारुलाई मासिएको (Broken Tribes) जाति मध्येका मानेका छन् । उनले Broken Tribes यी जातिलाई भनेको देखिन्छ- हायु, कुसवार, बोनिय, देववार, दुरे

वा दहरी, ब्राह्मु, थारु र बोक्सा । चेपाङ र कुसन्डाजस्तै जाति उनले थारुलाई पनि मानेको देखिन्छ ।

टर्नरले बेग्लाबेग्लै भाषा बोल्ने जातिमध्ये थारुलाई सबभन्दा तल्लो स्थानमा राखेका छन् । उनका अनुसार नेपालका भाषा यस प्रकार छन् :- ब्राह्मण, ठाकुर, क्षेत्री वा खस, गुरुङ्ग, मगर, नेवार, लिम्बु, राई, सुनवार, मुर्मी र थारु ।

ईश्वर बरालले थारु जाति पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सल्यान, दाङ्गमा पाइने कुरा लेखेका छन् । उनले थारुका थर यस प्रकार लेखेका छन् :- कुचिला, दनवार, कछरिया, दँगोरिया, कठरिया, रकटिया , राना, खुनहा, सुनहार र राजी ।

यी थारुहरुमा पनि कुचिलालाई उन्नत मानेको देखिन्छ । यिनले जनै लगाँउछन् ,कुखुरा, सुँगुर, जाँड खादैनन् तर रक्सी भने खान्छन् । पूर्वका दनवार क्षेत्री हुन् । यिनीहरु मिथिलाबाट आएका हुन् भन्ने भनाई बावुराम आचार्यको देखिन्छ । यी दनवारमा पनि पूर्वकाले जनै लगाउने गर्दछन् । यिनीहरु धेरै जसो धामी छन् । तर पश्चिमका दनवारहरुले जनै लगाउदैनन् । यिनीहरु आफूलाई थारु नै भन्छन् । अरु थारुले जनै लगाउदैनन् । तर उनीहरु पनि रक्सी भने खान्छन् । दाङ्गबाट दाङ्गोरिया, कठरबाट कठरिया र रफ्फटबाट रफ्फटिया थारु भएका हुन् । तिनीहरु हाँस, कुखुरा, र सँगुर पाल्ने र मासु खाने गर्दछन् । यिनीहरु स्याल र काग पनि खाने गर्दछन् । दँगोरिया धेरैजसो सल्यान, दाङ्ग, बाँके र बर्दियामा छन् । कठरिया बाँके, राना धेरैजसो कैलाली, कञ्चनपुरमा र अरु यत्रतत्र गएको देखिन्छ । दँगोरियाले रानाभन्दा आफूलाई उन्नत ठान्दछन् । रानाले आफूलाई उन्नत ठान्दछन् । [९]

खुनहा, सुनहा र दँगोरिया जस्तै छन् । तर यिनीहरुको पारस्परिक बिहाबारी चल्दैन । खुनहा फलकपुर (कैलाली), मलवारा तप्पा (बर्दिया) मा धेरै रहेका छन् । यिनीहरु नदी किनारा  नभई बस्दैनन् । उनीहरुनदीको पानी पाएसम्म इनारको पानी खाँदैनन् । नदीको तीरमा बालुवा चालेर सुन जम्मा गर्ने हुनाले यिनको नाम सुनहा भनिएको हो । राजी बर्दिया, कैलाली र कञ्चनपुरतिर छन् । [१०]

थारुहरु जातबारे परम्परामा कुरागर्दा प्रधान र अप्रधान दुई वर्गमा विभाजन गर्दछन् । यो विभाजनको चर्चा शिक्षित थारुहरुमा मात्र छ । साधारणतया थारुमा परम्परामा जातको सानो ठुलो गर्ने चलन छैन् । प्रधान र अप्रधान मिलाई भौगोलिक आधारमा कुनै खास एउटा क्षेत्रसंग सम्बन्धित बथानको नामबाट  थारुलाई बर्गीकरण गर्ने

---

९. ऐजन, पृ. ४८ ।

१०. युगबोध पत्रिका (२०५८, आश्विन), अङ्क २५ ।

चलन देखिन्छ । त्यस अनुसार थारुका थर यसप्रकार छन् :- लालपुरिया, सोलरिया, राना, मर्दनिया, कठरिया, मोरङिया, राजहटिया, रौतार, सुनाहा, चितौनिया, मभ्फौटा, दाङ्ग, बर्दिया, खस, लामपछुवा, दङौरा, कोचिला, कुचविहारी आदि ।

कोचिला र खस महोत्तरी, सप्तरी, मोरङ र भ्रापातिर बस्ने गर्छन । यिनीहरुको पद वा थरको विभाजन पाइन्छ । कोचिला थारुमा चौधरी, सिंह, राय, हुजदार, माभ्फी, धामी, पन्जियार, खवास, बौंछार हुन्छन् ।

दङौंरा थारुको पद पछल दङिया, दलित, देमन, दौरा, काठ कटुवा, मधुवा, धौलहवा, उल्टहवा, गामुवा, धारकटुवा, फुन्नहवा, बदगैंया र बुनहवा देखिन्छ ।

मर्दनिया, चितौनिया, सुनहा, महतो, बोट, बातर र वन्थ चितौन र राप्ती उपत्यकामा बसोबास गर्छन् । पछल दङिया, जगन्नाथी, गुनी र खड्गी गुनीमा विभाजित छ । उल्ठहवा चार भागमा विभाजित छ :- बखरिया, कावा, तन्तहवा र बौखही ।

फ्रान्सिस बुचनन हेमिल्टनको मोरङका गनगायी थारुको समञ्जस्य उल्लेख गरेका छन् । उनले थारुको जनसंख्या प्रशस्त भएको लेखेका छन् । साथै, प्रफुल्लकुमार सिंह "मौन" ले थारुका उपजाति यस प्रकार लेखेको देखिन्छ :- कोचिला, सप्तरिया, मोरङ्गिया, भटगमिया, रजघरिया, रौतार, चितौनियाँ, राना, डँगौरा, लमपुछिया, खरहर, हलभ्फटिया, मभ्फरिया, केवारी, नवलपुरिया, खौसिया, बोट, महाउतो, मरदनियाँ, बाँठ, सुनाहा, खुनाहा, राजी, रभ्फठिया, कठरिया, जोगी, गरवरिया, अरकुटवा, कुमाल, पटबुता, बोक्सा, खवास, खोट्टा आदि । यी मध्ये धेरैजसो उपजाति सप्तरी र मोरङ्मा पाइन्छन् । थारु वंशावलीमा कोचिला थारुको बसोबास क्षेत्र सेतीदेखि कोसीको बीचमा बताइएको छ ।

थारुका जातीय उपाधि पनि महत्वपूर्ण छन् । यिनबाट थारु जातिको मूल, गठन, अर्जित स्वरुपबारे सङ्केत पाइन्छ । थारुको जातीय उपाधि यस प्रकार प्रस्तुत गर्न सकिन्छ :- राउत (राव, रावत), राय, खाँव (खाँ), अधिकारी, परीइथ (प्रतिहस्त), पजीयार (पन्जियार : पन्जिकार), दास, भगत, मण्डल, चौधरी, धामी, लाल, महतो, फनेत, विश्वास, राना (राणा), पनहर, पाई, बैठा, बछार, मुरिया, माद, हुजदार आदि ।

पश्चिमी थारु अवधी, मध्यवर्ती थारु भोजपुरी र पूर्वी थारु मैथली बोल्दछन् । सप्तरिया थारु ( मूलतः कोचिलाः कोशला ) कोसी नदीपारि बसे, तिनलाई मोरङ्गिया थारु भनियो । बूढीपारि बसेका थारुलाई भटगमिया भनियो ।

मेचीदेखि महाकालीसम्म पाइने अनेक थरका थारुको नाम यस प्रकार देखिन्छ :- कठरिया, कनफटा, कोचिला, खरल, खवास, खस, खाँ, खुनहा, खौसिया, गछदार, चितौनिया, चौधरी, जोगी, डँगरिया, ताबदार, थन्दार, दनुवार, दँगौरा, दाङवदिया, परिहार, बर्दिया, बहन्य, बाँठ, बाँतर, बोक्सा, बोट, भगत, भोटगमिया, मभ्फौटा, मर्दनियाँ, महन्त,

महाउतो, माभ्की, मोरङगिया, रभ्कठिया, राजघरिया, राजहात्तिया, राना, राजी, रौतार, लम्पुछवा, लालपुरिया, विश्वास, सरदार, सुनहा, सोलरिया, हेमजलिया ।

स्थानविशेष, घटनाविशेषका आधारमा थारु जातिका थर तथा उपथरहरु राखिएको पाइन्छ । त्यसकारण थारु जातिका थर यति नै छन् भन्न सकिदैन् । त्यस्ता थरहरु पचास भन्दा बढि भएको अनुमान गरिएको छ । कोचिला थारु कुचविहारसित सम्बन्धित छन् भनी जनकलाल शर्मा भन्दछन् । तर कोचिला थारुको सम्बन्ध कुचविहारसित छैन भन्ने भनाई मातृकाप्रसाद कोइरालाको देखिन्छ । सप्तरिया ( मूलतः कोचिलाः कोशलाः ) थारु कोसिपारि बसोबास गरेका थारु मोरङगिया थारु भए भनी प्रफुल्लकुमार सिंह 'मौन' ले लेखेका छन् । खौसिया कोसी किनारबाट यत्रतत्र बसेका दँगौरा र दाङबदिया मूलरुपमा दाङ्सित सम्बन्धित देखिन्छन् । सुनाहा थारु गण्डकीको किनारमा बालुवा छानेर सुन खोज्ने हुन् । थारुमा कनफटा, जोगी, महन्त र भगतको उत्पत्ति खोज्दा तिनको सम्बन्ध नाथ योगीसित भएको थाहा पाइन्छ । एउटा नाथ योगीले थरुनीलाई साध्या वा मुद्राको रुपमा ग्रहण गरेर तिनकै सन्तति माथि चर्चेका कनफटा, जोगी, महन्त र भगत थारुका थर भए पनि भनिन्छ । यी थरका थारुले रतननाथको पूजा आदरसित गर्दछन् ।

## २.६. बाँके जिल्लाका थारु जाति परिचय :

थारुहरु तराईको सम्पूर्ण लम्बाईमा पूर्वमा मेचीदेखि पश्चिममा महाकाली अञ्चल अथवा भ्कापा-भद्रपुरदेखि कैलाली कञ्चनपुर जिल्लासम्म र बीचमा उदयपुर, चितवन, दाङ्ग आदि चुरेक्षेत्रका प्रदेशमा पनि थारुहरुका बाक्ला बस्ती छन् । थारु बस्तीको घनत्वका हिसाबले मोटामोटी रुपमा यी क्षेत्रहरु विशिष्ट मान्न सकिन्छ ।

१. कोसीपूर्वका सुनसरी - भ्कापाक्षेत्र
२. सिरहा - सत्तरीक्षेत्र
३. बारा - पर्साक्षेत्र
४. चितवनक्षेत्र
५. दाङ्ग - देउखुरीक्षेत्र
६. बाँके क्षेत्र
७. बर्दिया - कैलाली - कञ्चनपुर

माथि उल्लेख गरेअनुसार मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्ने बाँके जिल्ला पनि थारु बाहुल्यता भएको जिल्ला हो । यहाँका थारु जातिको जातिगत वर्गीकरणलाई हेर्दा भेद र पदवीबारे प्रष्ट हुन सकेको छैन् ।

तराईका आदिवासीका रुपमा लिइने थारु जाति बाँके जिल्लाका चटार, रझेना, बनकटवा, लखनवार आदि गा.वि.स. का विभिन्न वडामा आफ्नो बाक्लो बस्ती बसालेर रहदै आएका छन् । यहाँ बाँके जिल्लाको कुल जनसंख्या ३,८५,८४० को ६३,३४४ थारु जातिको जनसंख्या रहेको छ । जुन बाँके जिल्लाको कुल जनसंख्याको १६.४२ प्रतिशत रहेको छ । पूर्व झापादेखि पश्चिम कैलाली कञ्चनपुर सम्मको तराई खण्डमा बसोबास गर्ने थारुहरुमा पनि भौगोलिक विविधता, आपसी सम्पर्कको अभावस्वरुप यिनका रहन–सहन , भाषा तथा संस्कृतिमा पनि फरक पाइने गर्दछ । तसर्थ बाँके जिल्लामा अवस्थित थारुजातिको विस्तृत चिनारी तल प्रस्तुत गरिन्छ ।

### २.६.१. बाँके जिल्लाका थारु जातिको भेषभूषा र खानपान :-

**(क) भेषभूषा :-**

थारु जाति कडा परिश्रमी र कृषि कार्य गर्ने भएकोले ठाँटिने खालका कपडा लगाउने अवसर नै पाउदैनन् । बाँके जिल्ला गरम प्रदेशमा पर्ने हुँदा यहाँ बसोबास गर्ने थारुहरुले तन ढाँक्ने लुगाको साह्रै कम प्रयोग गर्दछन् । बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका इलाका ४०-४१ वर्ष सम्मका भारतीय इष्टइन्डिया कम्पनी सरकारको अधिनस्त भई सन् १८५७ मा फिर्ता भएको हुँदा यो पश्चिमी क्षेत्रका थारुहरुको रहन-सहन, संस्कृतिका साथै भेषभूषामा पनि पूर्वका थारुहरुमा भन्दा अलग हुन आउनु स्वभाविक देखिन्छ । बाँके जिल्लामा अवस्थित देसाउरे थारु जातिका पुरुषहरु खास गरेर कछाड, कट्टु, भोटो, लगौटी र इस्टकोट लगाउने गर्दछन् । इस्टकोटमा प्रायः माथिदेखि तलसम्म धेरै प्रकारका सिक्काका टाँक हुन्छन् । तर तिनमा रुपियाँ बाहेकका अरु रेजकारीको मात्र प्रयोग गरेको पाइन्छ । टोपी भने प्रायः सबैले प्रयोग गरेको पाइन्छ । खास गरेर यिनीहरुको परम्परागत पोशाक अधोवस्त्रमा लँगौंटी र उर्ध्ववस्त्रमा चदरी नामको ओढ्ने नै हो ।

बाँके जिल्लामा अवस्थित थारु जातिमा महिलाहरुले भने मुजैमुजा भएको लेहङ्गा, अङ्गिया र छोटो चोली लगाउँछन् । यिनीहरुको लहङ्गामा रँगीविरङ्गी टुक्राहरु जोडेर, बुट्टाहरु कोरेर भरेर सुन्दर पारिएको हुन्छ । यसको साजसजावट कटाई-सिलाई सबै आफ्नै हातले गरेका हुन्छन् । चोली लगाउँदा थारु महिलाहरु बठिनी (अविवाहित) हरुले पछिल्तिर तुना बाँध्ने र गोही (विवाहित) हरुले अगाडी तुना बाँध्ने गर्दछन् । बठिनीहरुले लेहङ्गा र चोलीसंगै पछाडितिर झारेर अगाडि गलामा बाध्न मिल्नेगरि चुन्नी जस्तो कपडा बाँध्ने

गर्दछन्, जसलाई गटियाँ भन्दछन् । गोहीहरुले भने टाउको ढाक्ने गरी चुन्नीको प्रयोग गर्दछन्, जसलाई अघ्रान भनिन्छ । यसबाट नै थारु जातिका स्त्रीहरु विवाहित हुन वा अविवाहित हुन्, त्यो छुट्टयाउन सकिन्छ ।

थरुनीहरु गहनामा सुनको अंश अल्पतम मात्रामा रहन्छ । गहनाहरु अनेक थरीका हुन्छन् तर सबै नै प्रायः चाँदी, सिल्वर र पित्तलका हुन्छन् । नाकमा भने सुनको फेपी र बुलाकी लगाउँदछन् । बाँकेमा अवस्थित थारु महिलाहरुले लगाउने परम्परागत गहनाहरु यस प्रकार छन् :- लुर्कन, पैरी, कारा, चुरुवा, सूतिया (हँसूली), कन्सेरी, टौक, टिक, ( गलामा), मगिया (शिरमा) टरकी झुम्का, विर, झिम्मीलयो (कानमा), नथियाँ, बुलाकी, टुटुई (गलामा), विजाइत, बाँका, टडियाँ, बाजु (हातमा), लगुरही, पाला, अैरम (कानमा), ढुङग्री, कर्नफूली वा ठूला-ठूला ठेटी, फूली (किल), चौकुट्टा ( मालाको मेरु), कङ्घन, कुरा ( कल्ली), विछुवा, पछेला, पहुँची, छदियाँ, गोडामा काँसको चुरुवा, हातमा चाँदीका वाला, कानमा वीर अथवा बुन्दा बाली, छातीमा ढुरुवा, चाँदीका रुपैयाँले बनेको टक्काहार, स-साना चाँदीको बुट्टाले पातलो गरी कुँदेर बनाइएको चन्द्राहार, पैरीसंगै लगाउने झालर, चयनहार, पाउजेब, घाटीमा प्रशस्त रातो, पहेलो, हरियो मालाहरु, चारआनी आठआनी र कम्पनीका टाँकहरु, मुँगा, कौडी, पोतेका माला, चाँदीको मोहरमा खुट्टाहालेर बनाएका औंठी, एकान्नी, दुआन्नी, रुपियाँका मालाहरु पनि लगाउँदछन् । यी गहनाहरु झर्लाङ्ग र झुर्लुङ्ग देखिए तापनि काला-काला पुष्ट गोलो अनुहार र थेप्चो नाक, साना आँखा गरेका थरुनीहरुलाई सेतो गहना राम्रै सुहाएको देखिन्छ।

थारु महिलाहरु केश विन्यासमा निकै निपूर्ण हुन्छन् । कुनै कुनै पुरुषले पनि केश पालेर जुरो बाँधेको देखिन्छ । पुरुषहरुले पनि केश पाल्ने चलन खतम भएपनि महिलाहरुमा भने अझै पनि जुरो बाँध्ने गर्दछन् । यिनीहरु जुरो बाँध्नुलाई खोपा बनाउनु भन्दछन् । थरुनीहरु केशको खोपा बनाएर त्यसमा श्रृंगार पनि गर्दछन् । विवाहित महिला अर्थात गोहीहरुले आफ्नो कपालको खोपा बनाएर त्यसलाई सगियाँले भन्छन् भने अविवाहित बठिनीहरुले रिबनले केश सजाउँछन् । यसका साथै त्यसमा चाँदीदेखि लिएर फलाम सम्मका सुइदा पनि लगाएका हुन्छन्. । कपालको खोपा बनाएर त्यसमा रङ्गीविरङ्गी धाँगाका लाछा प्रयोग गरिएको थरुनीको केशविन्यास निकै सुन्दर पनि देखिन्छ ।

थारु जातिका महिलाहरु यदाकदा सिन्दुर र गाजल पनि लगाउँछन । यिनीहरु हातगोडा र छातीमा गोदना वा ठोप (Tatooing) गोदाएर विभिन्न प्रकारका फूलबुट्टा स्थायीरुपले लेखाउछन् । पुरुषहरुले पनि पाखुरामा गोदना गोदाई आफ्नो वा देवताको नाम लेखाएको पनि देखिन्छ । बाँकेमा अवस्थित थारु जातिका महिलाहरुका लागी गोदना एक प्रकारको शृङ्गार हो । मानिस मरेर जाँदा शरीरका गहनाहरु झिकिन्छ तर गोदन

गरेको झिक्न मिल्दैन । गोदना गोदाउनु थारु महिलाको जिउँदो अवस्थाको मात्र नभएर मर्दासम्मका लागिको शृङ्गार हो । यसका अतिरिक्त ठोप वा गोदना गोदाउनुमा धार्मिक आधार पनि छ । मानिस मरेपछि आफ्नो शरीरमा गोदाएको कुरा भगवानको घरमा गएपछि प्राप्त गर्दछ र त्यसैबाट आफ्नो जीविका चलाउछ भन्ने विश्वास रहेको छ । त्यसकारण थारु जातिका मानिस आफ्नो शरीरमा मजुर, फूल, हँसिया, मचियाँ, चुल्हो, भाण्टा, ल्वाङ्ग आदिजस्ता बस्तुहरु समेत गोदाउने गर्दछन् । तर बिस्तारै गएर आजभोली यो गोदना गोदाउने चलन भने छुटेको छ ।

बाँके जिल्लामा अवस्थित थारु जातिका पुरुष र महिला अनि केटाकेटी पोसाक र गहनाहरु परम्परागत रुपमा रहेपनि पढेलेखेका थारुहरुले यूरोपेली पोसाक लगाएको देखिन्छ । सरकारी सेवा, शिक्षण सेवा, पञ्चायत विभिन्न तह र बर्गीय सङ्गठनमा रहेका थारु पुरुषहरु नेपाली राष्ट्रिय पोसाक पनि लगाँउछन् । पुगीसरी आउनेले खुट्टामा जुत्तामोजा पनि लगाउने गर्दछन् । थरुनीहरु पनि सारी, ब्लाउज, कुर्ता-सुरवाल, सिँदूर, चुरा र आधुनिक ढाँचाका गर-गहनाको प्रयोग गर्दछन् ।

**(ख) खानपान :**

नेपालको पश्चिम तराईमा पर्ने बाँके जिल्लामा अवस्थित थारुहरु कृषक नै हुन् । कृषक भएको हुनाले कृषिबाट उत्पादित बस्तु नै थारु खाद्य संस्कृतिका विशेषता हुन् । परिकारको दृष्टिले भन्ने हो भने थारु खाद्य-पेयलाई धेरै सरल मान्नुपर्छ । दाल, भात, रोटी, सब्जी र दही, दूध नै थारुहरुको दैनिक भोजनका बस्तु हुन् । बाँके गर्मी प्रदेश अन्तर्गत पर्ने भएकाले गर्मी क्षेत्रमा प्रचलित एक साँझ दाल-भात, एक साँझ रोटीको चलन पनि यहाँका थारु समाजमा पाइन्छ ।

थारु जातिलाई उदार हृदयले खर्च गर्ने, भोलिको वास्ता नगर्ने जाति पनि भनिन्छ । घरमा धानबाली भित्र्याएपछि थारुहरु अनियन्त्रितरुपले खानपिनमा, मेजमानीमा खर्च गर्ने गरेको देखिन्छ । दालभातका अतिरिक्त माछा-मासु, जाँड-रक्सीको असाध्यै प्रचलन हुन्छ । प्रायः गरीब देखिने थारु जातिमा मिठो र स्तरीय खाना नभएपनि नून-खुसार्नी (खुदल नून) र अचारसंग मात्र पनि उनीहरु भात खाने गर्दछन् । यिनीहरु सुँगुर, बाख्रा, हाँस, कुखुरा, मुसा, गँगटो, गेपागाँडा, घोडी, गोहोटी, अन्धरा साँप, स्याल आदिको मासुपनि खाने गर्दछन् । थारु जाति माछा मार्न असाध्यै रुचाउछन् । बर्षे झरी होस् वा पुष माघको जाडो नै किन नहोस् अलिकति पानी जमेको ठाँउ देख्ने वित्तिकै जाली लिएर माछा मार्न तम्तयार हुने यिनीहरुको प्रवृत्ति हुन्छ । खाएर रहेको माछालाई सुकाएर पनि राख्ने गरिन्छ जसलाई सिद्रा वा पकली भनिन्छ । यसरी सुकाएको माछा एक-दुई वर्षसम्म खाने गरिन्छ । थारु

जातिका मानिसले आफ्नो चार्डपर्व र संस्कार अनुसार पनि विविध परिकार बनाएको देखिन्छ । यिनीहरुले बनाएको परिकारहरुमा ढिकी, पुरी, खीर, रोटी, अनदी धानको उसिनेको भात, खिचरी, चुनी बरिया, तिलको लड्डु, मुरही, खरिया, केराको तरुवा, चुक्यानी, सिल्टुङ्ग, लगाएतका विविध गेडागुडीका परिकार, माछा-मासुका परिकार बनाइन्छ । मीठाई पनि थारु समाजमा निकै प्रचलित छ । थारुहरुमा सखरखण्ड, तरुल, सागसब्जी उब्जाउने प्रथा छ तापनि फलफूल उब्जाउने खाने प्रचलन भने कम छ ।

### २.६.२. बाँके जिल्लाका थारु जातिको शैक्षिक स्थिति :

शिक्षा मानवीय कृयाकलाप हो । यसको जन्म मानव समाजसंगै भएको हो । त्यसैले मानव समाज रहुन्जेलसम्म शिक्षा क्रियाशील रहन्छ । मानव सभ्यताको विकाससंगै शिक्षाको पनि विकास भएको हो । जसरी मानिस विभिन्न युग र कालहरु व्यतीत गर्दै आजको आधुनिक युगमा प्रवेश गरेको छ त्यसैगरी शिक्षा पनि विभिन्न काल र परिस्थिति पार गर्दै आधुनिक युगमा प्रवेश गरेको छ । सामान्यतया शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रुपमा शुरु गरेको पाइन्छ । शिक्षा भनेको ज्ञान प्राप्त गर्नु हो । वास्तवमा शिक्षाको यस किसिमबाट विकास भएर गएको छ कि यसलाई निश्चित घेरामा राखेर परिभाषा दिनु कठिन कार्य हुन गएको छ ।

शिक्षाको उत्पत्ति र विकासलाई हेर्दा प्राचीन, मध्यकालीन र आधुनिक तीनै कालका दार्शनिक, शिक्षाविद्, समाजशास्त्री, मनोवैज्ञानिक, सन्तमहन्त आदि सबैले आ-आफ्नै रुपबाट विकास गर्दै आएको पाइन्छ । यस्तो हुनु स्वभाविक पनि देखिन्छ किनभने मानवीय व्यक्तित्व साधारण नभई जटिल छ । मानवीय वातावरण जटिल छ । विश्व इतिहासमा विभिन्न दर्शनहरुको विकास भएको छ । यसबाट के बुझिन्छ भने समय, काल, परिस्थिति, वातावरण र आवश्यकतानुसार शिक्षाको प्रयोग हुँदै आएको छ । प्राचीनकालको गुरुकुल शिक्षामा मोक्ष प्राप्ति, मध्यकालको धार्मिक शिक्षा र आत्माभिव्यक्ति र आधुनिककालको सर्वव्यापी शिक्षामा ज्ञानोपार्जन, प्रविधिक सीप, ब्यवसायिक कार्यमूलक, वैज्ञानिक चिन्तन जस्ता कुरा मिलेर राष्ट्रहरु अगाडि बढिरहेका छन् । यिनै आधुनिककालको शैक्षिक उद्देश्यहरुको प्राप्ति, अप्राप्तिले नै राष्ट्र विकसित र अविकसित राष्ट्रको रुपमा देखा परेका छन् । तसर्थ, शिक्षाले देशको मेरुदण्डको रुपमा कार्य गरेको हुन्छ ।

सन् १९४८ मा संयुक्त राष्ट्रसंघको मानवअधिकारको घोषणापत्रमा मानिसलाई प्रदान गरिने विभिन्न अधिकारहरु मध्ये शिक्षा अधिकार पनि एक हो भनिएको छ । शिक्षाको अधिकारको अवधारणाले शिक्षालाई दान वा कृपा मान्ने गर्दैन । शिक्षा अधिकार हो र समाज वा राज्यले यसको प्राप्तिका लागि प्रत्याभूति दिनैपर्छ । शिक्षाको अधिकारबाट

वञ्चित व्यक्तिले अरु कुनैपनि अधिकारको प्रयोग विवेकपूर्ण किसिमले गर्न सक्दैन । जसरी मानिसलाई गाँस, बास, लुगाफाटो, समाजिक सुरक्षाको न्यूनतम आवश्यकता पर्छ त्यही अनुरुप व्यक्तिलाई शिक्षाको आवश्यकता पनि पर्छ । शिक्षाबाट नै मानिसले आध्यात्मिक र भौतिक पूर्णता प्राप्त गर्न सक्दछ । शिक्षाको यहि महत्वलाई बुझ्रेर हरेक राष्ट्रले न्यूनतम शिक्षा सबैलाई प्रदान गर्नुपर्ने प्रतिवद्धता पुरा गर्नुपर्दछ ।

शिक्षाले कुनैपनि देश विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । नेपाल विकासोन्मुख देश रहनु पनि शिक्षाकै अभावले हो भन्ने तर्कलाई नकार्न सकिदैन । शिक्षाले देशको हरेक क्षेत्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि सबैमा प्रभाव पार्दछ भने शिक्षालाई जनसंख्या, गरिबी, भौगोलिक विकटता र परम्पराले प्रभाव पार्दछ । यी सर्वपक्षीय विकाससंग शिक्षाको गहिरो सम्बन्ध हुन्छ । नेपालको साक्षरता दर करिब ५४ % रहेको छ भने बाँके जिल्लाको साक्षरता दर ५६.८ % रहेको छ । यसरी देशव्यापी रुपमा साथै बाँकेको साक्षरता दर आफैमा कम रहेको अवस्थामा पिछडिएको र जनजातिका रुपमा रहेको थारुहरुमा साक्षरता दर झनै कम हुन आउछ ।

राज्यको श्रोत साधन र सुविधाबाट बञ्चित बाँकेका थारु जाति अन्य जातिबाट शोषित, पिडित देखिन्छन् जसको मूलकारण शिक्षाको अभाव नै हो । शिक्षाको कमीले गर्दा थारु जाति अन्धविश्वास र रुढिवादी विचारबाट ग्रस्त छन् । यहाँका थारु जातिको मनोवैज्ञानिक विश्लेषण गर्दा आफ्नो खेती छँदै छ पढाएर के मतलब भनेको पाइन्छ । केटाहरु ठुलो भएपछि खेतीमा लागिहाल्छन् भन्ने मनोवृत्तिले बाँकेका थारुको शिक्षाको विकासमा बाधा पुऱ्याएको देखिन्छ ।

आदिकालमा केटाकेटीलाई पढाउने पाठशालाको कमी थियो । पुगिसरी आउने मानिसले आफ्ना घरमै शिक्षक राखेर आफ्ना लालाबाला पढाँउथे । तर अचेलको परिवेशमा शिक्षाको उज्यालो नेपालभरि नै फिँजिएको पाइन्छ । थारु जातिले भने अझैपनि आफ्ना लालाबालालाई पढाउन सकेका छैनन् ।

बाँके आदिवासी जनजाति थारुहरुको विवाह गर्ने चलन केटाकेटी अवस्थामा नै हुने गर्छ । जसले गर्दा केटाकेटीहरुको मन यौनतिर जान्छ । प्रवेशिका तहमा पुगेपछि थारु जातिका केटाकेटीको मन यौनतिर ढल्केर उनीहरु परीक्षामा असफल हुन्छन् । थारु जातिका मानिसले आफ्ना छोरालाई गाउँबाट नेपालगञ्ज सहरमा पढ्न पठाउने पनि गर्दछन् । सहरदेखि अपरिचित थारु केटाहरु सहरी फेसन र सिनेमातिर बढी ध्यान दिन्छन् । यसले गर्दा उनीहरु परीक्षामा असफल भई घरमा गई बस्दछन् । यसरी थारु जातिका केटाहरु परीक्षामा असफल हुने कारणहरुमा उनीहरुले आफ्ना अभिभावकबाट उचित निर्देशन नपाएर पनि हो । थारु जातिमा अभिभावक वर्ग शिक्षा नपाएका हुनाले

उनीहरुलाई शिक्षाको महत्व नै थाहा छैन । महिला वर्गमा झन् शिक्षा दिने ध्यान दिएको धेरै कमले पाइन्छ । पढाउनेहरुले पनि २-४ कक्षा पढाएर घरमा काम लगाउने वा विहादान गरिदिने गर्दछन् । यिनीहरुमा महिलालाई पढाउनु, लेखाउनु, घरबाहिर जान दिनु आफ्नो मानप्रतिष्ठाको विरुद्ध ठान्दछन् । त्यसैले पुरा बाँके जिल्लामा दुई-चार एस.एल.सी. उत्तीर्ण, आई.ए वा बी.ए. पढ्ने केटी औलामा गन्न सकिन्छ । थारु जातिमा नारी वर्ग घरेलु काम गर्दछन् , घरमा उनीहरुको महत्वपूर्ण स्थान हुन्छ । तर शिक्षाको अभावले गर्दा नारीबर्गबाट आफ्ना लालाबालालाई निर्देशन गर्न अप्ठ्यारो परेको देखिन्छ ।

बाँके जिल्लामा रहेको थारु जातिको जनसंख्याको अनुपातमा धेरै कमले शिक्षा पाएका छन् । तर यस जातिका मानिसमा उच्चशिक्षा पाएको कमैले भए पनि व्यवसायिक शिक्षा पाएका देखिन्छन् । प्राथमिक विद्यालय, निम्नमाध्यमिक विद्यालय, माध्यमिक विद्यालय, विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुमा अध्यापन र प्राध्यापन सेवामा संलग्न रही केहीले कार्य गरेको पनि देखिन्छ । उच्च शिक्षा ग्रहण गरेका थारु जातिका मानिस सरकारी सेवामा पनि संलग्न रही सेवारत देखिन्छन् । तर निःसङ्कोच रुपमा हामीले के भन्नुपर्दछ भने बाँके जिल्लाका थारु जाति शिक्षाको उज्यालोबाट धेरै टाढा रहेका छन् । यसरी शिक्षाको उज्यालोबाट बञ्चित रहनुका पछाडि कतिपय आफ्नो कारण, कतिपय राज्यका कारण र कतिपय ग्रामीण सामन्त जमिन्दारहरुको कारण रहेका छन् ।

(क) **आफ्नै कारणहरु :-**

- घरको कामको बोझ बढी हुनु - थारु जाति कृषि पेशामा संलग्न रहेको जाति भएको हुँदा यिनीहरुमा कृषि सम्बन्धी कार्य प्रशस्त हुने गर्दछ । त्यसकारण विद्यालय जाने उमेरका केटाकेटीहरुलाई अभिभावकहरुले विद्यालय नपठाई घरको काममा लगाउने गर्दछन् ।
- आर्थिक अभाव - कृषि पेशामा आश्रित जीवन त्यो पनि बटैया गर्नुपर्ने स्थिति रहेको थारु समुदायमा सुकुम्बासी र कमैयालाई मजदूरीको भरमा शिक्षा दिनुपर्ने भएकोले हातमुख जोर्ने समस्या समाधान गर्न धौ-धौ परेको बेला शिक्षातिर लगानी गर्नसक्ने अवस्था छैन ।
- बालविवाह - सानो उमेरमा नै विवाह गर्ने परम्परागत मान्यताले पनि शिक्षा प्राप्तिमा अवरोध खडा गरेको छ ।

- चेतनास्तरको कमी :- थारु समुदायका अभिभावक अशिक्षित भएको हुँदा उनीहरुलाई शिक्षाको महत्व नै थाहा छैन । शिक्षा प्राप्त गर्नुभन्दा मालिकलाई खुशीपार्ने र बढि परिश्रम गर्ने कुरामा नै उनीहरुले प्राथमिकता दिएको देखिन्छ ।
- सहनशिलता- थारुहरु सोझा र इमान्दार हुने हुँदा उनीहरु साहु सामन्तको अन्यायलाई सहेर जुनसुकै कुराको पनि विरोध गर्न नसक्ने अवस्थाले गर्दा पनि उनीहरुको शैक्षिकस्तरमा कमी आएको देखिन्छ ।
- आत्मबलको कमी- स्वतन्त्र अस्तित्व स्वीकार गर्न नसक्ने थारुहरुमा लड्ने र अधिकार लिन सक्ने क्षमताको कमीले शिक्षा प्राप्तिमा असर परेको छ ।
- अभिभावकको दायित्वको अभाव - अभिभावकहरुले आफ्ना लालाबालालाई उचित संरक्षण एंव मार्गदर्शन गर्न नसकेका कारण केटाकेटीहरु मादक पदार्थ लगायतका कुलतमा फस्ने जस्ता समस्याले गर्दा पनि शिक्षा आर्जन गर्न सकिरहेका छैनन् ।

**(ख) राज्यको कारणहरु -**

- आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक रुपमा कुनै दीर्घकालीन सोच नराखी सधैं यसप्रति उदासिन रहनु आदिवासी जनजातिका ज्ञापनपत्र सल्लाह सूझावहरुप्रति कुनै कदम नचालिनुले थारु जाति शिक्षामा पछाडि परेका छन् ।
- शिक्षा तथा रोजगारीको लागि विशेष कार्यक्रम पनि नल्याउने, यिनीहरुको लागि अवसर एंव श्रोतसाधन माथि पहुँच पुऱ्याउन पहल नगर्ने आदि कारणले थारु जाति शिक्षाप्रति आकर्षित नभएको हो ।
- निर्णायक तहमा पुग्न नदिनु, सधै दोस्रो दर्जाका नागरिकका रुपमा व्यवहार गर्ने भएर नै थारु जातिको शैक्षिकस्तर बढाउन ध्यान दिएको छैन ।
- भाषागत कठिनाई हुने बालबालिकाका लागि मातृभाषामा शिक्षादिने कुरा संविधानमा उल्लेख गरिएपनि व्यवहारमा लागू हुन नसकेको कारण थारु केटाकेटी शिक्षाबाट बञ्चित हुन पुगेका छन् ।
- आदिवासीहरुको विकासको मूल प्रवाह तथा नीति निर्माण तहमा पहुँच नभएका कारण सरकारी तवरबाट समेत सो समुदायलाई लक्षित गरी कुनै त्यस्तो किसिमको शैक्षिक कार्यक्रम नल्याइनुले गर्दा सो समुदायको बाहुल्यता रहेको क्षेत्रमा शिक्षाको त्यति विकास हुन सकेको छैन ।

- आदिवासी जनजाति समुदायका शिक्षित युवाहरुको लागि सरकारी सेवा लगायत अन्य अत्याधिक थारु विद्यार्थी रहेका विद्यालयहरुमा समेत संरक्षणको उचित व्यवस्था नभएका कारण रोजगारबाट बञ्चित हुनु परेकाले थारुहरु शिक्षा प्राप्तितर्फ उदासिन रहेका छन् ।

**(ग) ग्रामीण सामन्त तथा जमिन्दारहरुका कारण :**

- शारीरिक शोषण गर्ने
- कमललहरी वा यस्तै काममा जबरजस्ती लगाउने ।
- जग्गा जमिन हड्पने ।
- चर्को व्याजमा ऋण दिने ।
- झुठ्ठा मुद्धा लगाउने ।
- कृषि पेशा बाहेक अन्य काममा बन्देज लगाउने ।
- अन्यत्र काम गरेमा आफू कहाँ काम नदिने ।

उपयुक्त सम्पूर्ण समस्या समाधान गर्न सबै पक्षबाट ध्यान दिनु पर्दछ । थारुहरु आफै पनि शैक्षिक क्रान्तिमा लाग्नु पर्दछ । सरकारले पनि थारुहरुको आर्थिक उन्नतिका लागि आयमूलक कार्यक्रम वृहतरुपमा सञ्चालन गर्नुपर्दछ । आर्थिक उन्नति हुन सकेको खण्डमा आधाजति समस्या आफै हल हुन्छन् । विद्यालयस्तरमा सबै थारु विद्यार्थीहरुलाई छात्रवृत्ति तथा थप सहयोग जस्तै पोशाक, किताबकापी आदिमा थप सहयोग गर्ने । उच्च शिक्षाका लागि छात्रवृत्तिका साथै भर्नाको यथेष्ट अवसर दिनुपर्ने । रोजगारीको अवसर दिनुका साथै आरक्षणको व्यवस्था हुनुपर्ने । आदिवासी र जनजातिको हैसियतले पाउनु पर्ने वनजङ्गल भूमिमा विशेष व्यवस्था, सरकारी श्रोतसाधन र अवसरमा समान अवसर दिनु पर्दछ । यदि थारु आफै सक्षम भएको खण्डमा सामन्तवादीहरु आफै परास्त भएर जानेछन् ।

## २.६.३. आर्थिक स्थिति :

नेपालको प्रमुख परिश्रमिक जाति मध्येको थारु पनि एक हो । नेपालको समथर भू-भाग तराईका बासिन्दा भएकाले खेती गर्ने कार्यमा यो जाति निकै दक्ष मानिन्छ । अन्न भण्डार मानिने तराई जिल्लाका आदिवासी थारु जातिलाई सम्पूर्ण नेपालीहरुको लागि खाना पुऱ्याउने ठेकेदारकै रुपमा लिन सकिन्छ ।

नेपालको तराई भू-भाग पहिले औलोग्रस्थ थियो । औलोजस्तो महामारी रोगलाई जितेर थारु जातिले त्यहाँ मानव बसोबासस्थल बनायो । तराईको जमिन निकै मलिलो देखिएकाले त्यहाँ कृषि तथा पशुपालन गर्न थाल्यो । मौसम अनुसार बालीचक्रको व्यवस्था गरी बाह्रै महिना कृषिमा व्यस्त रहने यो जाति तराईको गर्मी होस् वा बाढीको वेला होस् सदा खेतमै समय बिताउने गर्दछ । कडा परिश्रम साथ कृषि र पशुपालनमा लाग्ने गरेता पनि बहुसंख्यक थारु जाति गरिबीको चपेटामा पर्न बाध्य भएको छ । वर्तमान समयमा नयाँ प्रविधि, बीउ, मल आदि प्राप्त भएतापनि थारु जातिको कृषिकार्य परम्परागत नै छ । मिश्रित जातिको बसोबास भएका गाउँ बस्तीमा थारु जाति राम्रोसंग समाहित भएर बसेको पाइन्छ । समयको लामो गोरेटोमा धेरै थारु भूमि उनीहरुका हक–स्वामित्वबाट अरु जातिमा गइसकेको छ ।

परम्परागत रुपमा थारुहरु कृषक भएको हुँदा बाँकेमा अवस्थित थारु जातिको पनि कृषि व्यवसायनै उनीहरुको आर्थिक जीवनको प्रमुख आधार हो । मोही किसानको रुपमा समेत यहाँका थारुहरुले अरुको जमिन जोतेर त्यसको आयस्ताबाट आफ्नो जीवन चलाउँछन् । तर जमिन्दारहरुको चर्को शोषणले गर्दा बाँकेका अधिकाँश थारुहरुको जीवन ज्यादै दयनीय पाइन्छ । जमिन्दारी शोषण र ऋणको बोझले थिचिएका अशिकाशं थारुहरु ऋणमै जन्मन्छन्, ऋणमै हुर्कन्छन् र ऋणमै प्राण त्याग गर्दछन् । शोषणको विकराल रुप थारुको जिन्दगी हेरे प्रस्ट हुन्छ । बाँझो जमिनलाई उब्जाउ योग्य बनाएपछि टाठा-बाँठाहरुले हडपेर आफ्नो बनाउने गरेका प्रशस्त उदाहरण पाइन्छन् । थारु जाति कृषिमा संलग्न हुँदा त्यसका लागि चाँहिने मल जोत्नका लागि गोरुको आवश्यकता पर्ने हुँदा प्रशस्त गाई, गोरु पाल्दछन् । गोरुलाई जोत्नका साथै अन्न लगाएतका अन्य सर-समान ओसारपसार गर्न प्रयोग गरिने साधन लडियामा पनि लगाउने गर्दछन् । गाईले दुध दिने र मल दिने हुनाले गाईको पनि ठुलो महत्व राख्दछन् । यसका साथै हाँस, कुखुरा, सुँगुर, बाख्रा पनि पाल्ने चलन छ । थारु समाजमा अन्य आर्थिक कारोवार, व्यवसाय निकै सीमित मात्रामा हुने गर्दछ । शिक्षाको प्रचार अहिले थारु क्षेत्रमा पुगिसकेको छ । जसले गर्दा केहीको सरकारी सेवामा पनि प्रवेश भएको छ । व्यापार, पसल, उद्योगमा थारु संलग्नता नगण्य मात्रामा भएतापनि सहरी क्षेत्रका थारुहरुमा भने क्रमशः स-साना व्यापार गर्ने प्रवृति बढ्दै गएको पाइन्छ ।

थारु जाति आफ्नो काम आफै गर्दछन् । यिनीहरु बढई अथात सिकर्मीको काम पनि आफै गर्दछन्, तेल पनि आफै बनाउँछन् । खेती नै एक मात्र पेशा भएको हुँदा एक हलोका लागि तीन जोड गोरु समेत राख्ने गर्दछन् । थरुहटमा धानकै खेती हुन्छ, त्यसैले भातनै यिनीहरुको प्रमुख खाद्य हो । धानका साथै मकै, गहुँ, मसुरो पनि लगाउने गर्दछन् । थारु

जाति माछा मार्न निकै रुचाउँछन् । माछा मार्न प्रयोग गरिने साधन हेलका, पखै, ढँडिया आदिको निर्माण पनि आफै गर्दछन् ।

खेती किसानी देखि फुर्सतको समयमा पनि यिनीहरु निष्क्रिय बस्दैनन् । पुरुषहरु माछामार्ने जाल, खुँगी, डोरी, खट्यौंली आदि बनाउँछन् भने महिलाहरु रङ्गी-विरङ्गी सिकीका ढकी, गुन्द्री, चटाई बुन्दछन् । कुनै-कुनै थारु महिलाहरु लुगा बुन्ने पनि गर्दछन् ।

थारु जातिका घर एक तल्ले माटोको हुने गर्दछ । घरको छाँना खरको हुन्छ । उनीहरुको घर पुरातन किसिमको भएता पनि लिपपोत गरी सफा-सुग्घर हुन्छ । यिनीहरुको घरमा कोठा, डेहरी (अन्न राख्ने माटोको भाँडो) ले विभाजन गरेको हुन्छ । घर बनाउँदा बाँस वा अन्य दाउराका कप्टेरामा भित्र बाहिर माटो, भुस र गाईको गोवर लगाई बनाइएको हुन्छ । तर यस्ता खालका घर चोरले सँढ काटन र आगोका लागि खतरा नै हुन्छन् । जाडोमा तातो र गर्मिमा चिसो हुने थारु जातिका घर मौसमका दृष्टिले भने उपयुक्त हुने गर्दछ ।

थारु समाजमा न्याय व्यवस्था कायमा गराउने 'महतो', सम्पन्न थारु र जमिनमालिकले गरीब थारुलाई बिना मजदुरी काम लगाउने र अनेकौं तरिकाले ठग्ने गरेको उदाहरण पनि देखिन्छ । स्व. श्री ५ महेन्द्रको असीम निगाहबाट पाएको भूमिसुधार ऐनले गर्दा सीधा–साधा र धेरै समय सम्म ठगिएका थारुहरुको व्यवस्थामा प्रशस्त सुधार आउन थालेको छ ।

मोहियानी हकको सुरक्षा अगाडी नभएकोले बाँकेका थारुहरु खेतीमा विशेष सीप लगाई धेरै उब्जा गर्ने तर्फ ध्यान दिने बानी बसालिसकेका छैनन् । यिनीहरुले वर्खे बाली र हिउँदे बाली लगाउने गर्दछन् । बर्खे बालीमा धान र हिउँदे बालीमा चना, मसुरो, केराउ र गहुँ लगाउने गर्दछन् । थारु जाति आफ्नो जग्गाको मालिक भई बस्न असुरक्षित सम्झन्छन् । जग्गा भएपछि खेती गर्न बीउ, गोरु, पानीको व्यवस्था गर्न झन्झट मान्दछन् । सुक्खा परेको वर्ष झन् मालपोत तिर्न र कमाइ लगाउने कुरालाई झन्झट मानी डराउँछन् । यो जाति कमैयाको रुपमा पनि बस्ने गर्दछ । ४ बिगाह जग्गाको लागि एक जना कमैया राखिन्छ । कमैयालाई खानलाई साल भरिको बत्तिस देखि छत्तिस मनसम्म धान दिने गर्दछन् । कमैयाले आफ्नो घरमा खाएर जग्गा जोत्ने, धान लगाउने, त्यसलाई हेरचाह गर्दछ । यो कमैया प्रचलन बाँके लगायत बर्दिया, दाङ्ग, कैलाली र कञ्चनपुर क्षेत्रमा पनि रहेको थियो । यस्ता कमैयाहरुलाई बाँधाकै रुपमा बेच बिखन समेत गर्ने समेत गर्ने गरिन्थ्यो । हालै वि.स. २०५७ साल श्रावण २ गते श्री ५ को सरकारले कमैया प्रथाको अन्त्य भएको घोषणा गरेकोले जमिन विहीन थारुहरु ज्याला मजदूरी गरेर आफ्नो जीविकोपार्जन गर्न बाध्य भएका छन् ।

बाँकेमा अवस्थित थारु जातिको आर्थिक पक्षमा देखा परेका कमजोरीलाई यस प्रकार औल्याउन सकिन्छ :-

### (१) पुरानो ढंगको खेतीमा आधारित -

थारु समाजमा आजको वैज्ञानिक युगमा पुरानै ढङ्गको खेती हुने हुनाले जति उब्जाउ हुनु पर्ने हो त्यति हुँदैन् । आधुनिक किसिमको खेतीबाट दोब्बर अन्न उत्पादन हुन्छ । थारु समाजमा विशेष गरी खेतीबाटनै जीविका हुन्छ । आफ्नो घरेलु आवश्यकता पूरा गर्न नै व्यापारिक खेती थारु गरिब हुने कारणमा वैज्ञानिक कृषि औजार, उन्नत बीउ, रसायनिक मल, उन्नत नश्लका गोरु खरिद गर्न नसकी उत्पादनमा कमी हुन्छ । जीविकाको मात्र खेती नगरी व्यापारीक खेती पनि गर्नु पर्दछ । पुरानो ढंगको कृषिमा आधारित भएकोले कृषि विकासमा पछाडी परी आर्थिक कमजोरी व्यवहोर्नु परेको देखिन्छ ।

### (२) खेती नै एकमात्र पेशा मान्नु -

थारु जाति अनादिकालदेखि आजसम्म कृषि नै आफ्नो जीवनको आधार मान्दै आएको छ । धेरै कम मानिस नोकरी र व्यापारमा लागेका छन् । थारुहरु दुई-चारजना कमैया जग्गा कमाउँछन् । थारुहरुमा अदृश्य बेरोजगारी देखिन्छ । चौतर्फी विकासको लागी कृषि नै जीवनको आधार नमानी नोकरी, सानोतिनो व्यापार, घरेलु उद्योग आदि काम गर्नु नितान्त आवश्यक देखिन्छ ।

### (३) पाहुनाको सत्कारमा अनावश्यक खर्च-

थारु समाजमा पाहुनाको सत्कारमा अनावश्यक खर्च हुन्छ । पाहुनाको सत्कार आफ्नो घरको क्षमता अनुसार हुनुपर्दछ । आफ्ना घरमा छैन भने ऋण सापटी लिएर पनि पाहुनाको इच्छा विरुद्ध पनि जाँडरक्सी दिइन्छ । आफ्नो औकात अनुसार अतिथिको स्वागत गर्नु राम्रो हो तर सरसापट गरेर पनि पाहुनाको सत्कार गर्ने यिनीहरुको प्रचलनले आर्थिक प्रगतिमा बाधा पुऱ्याउने गर्दछ ।

### (४) जाँडरक्सीको अत्याधिक प्रयोग-

थारु समाजमा सालभरि जाँडरक्सी बनाउने चलन छ । डस्या, डेवारी, धुरेरी, गुरही, माघी आदि चाडपर्वका साथै अतिथि सत्कारमा जाँडरक्सी नभई हुँदैन । आफ्नो घरमा छ भने त जाँडरक्सी आफै बनाएर खान्छन्, छैन भने भट्टीबाट ल्याउन ऋण-सापटी गरेर पनि खानुपर्दछ । यसले गर्दा वर्षभरिको कमाई आधै वर्षमा खतम हुन्छ । रुपियाँ सकिएपछि

गाउँका धनी घरबाट ब्याजमा रुपियाँ लिएर पनि आउँछन् । थारु जातिको यो प्रवृत्तिले उनीहरुले आर्थिक विकासमा प्रत्यक्ष असर पारिरहेको छ ।

**(५) घरेलु उद्योगको कम मान्यता :**

गाउँघरमा जुन जुन सामान बनाइन्छ त्यसलाई घरेलु उद्योग भनिन्छ । ढकी, डोरी, गुन्द्री, माटाका भाडा, खट्यौली आदि गाउँघरमा बनाइने गरिन्छ । आफ्नै घरेलु आवश्यकता पूरा गर्न यस्ता सामान बनाए तापनि आर्थिक विकास भने हुँदैन । यदि यस्ता समान घरेलु उद्योगबाट प्रशस्त उत्पादन गरेर जताततै ब्यापारका रुपमा बढाए प्रशस्त आम्दानी भई आर्थिकस्तर माथि उठ्ने थियो । तर थारु जातिमा सीप भएता पनि घरेलु उद्योगमा खसौ रुची राखेको पाइँदैन ।

**(६) बैंकमा पैसा राख्ने कम आदत :**

थारु समाजमा कमै पैसा बचत हुन्छ । उनीहरु बचत भएको पैसा पनि फुटेको बाकस, भकारी, मौकामा राख्ने गर्दछन् । यस्तो स्थितिमा आगलागी र चोरको डर हुने गर्दछ । बैंकमा पैसा राख्दा ब्याज पाइन्छ, घरमा बेकाममा खर्च हुने गर्दछ । यसरी बैंकमा पैसा राखी बचत गर्ने बानी बसाली आर्थिक जीवनस्तर उच्च गराउनुपर्ने आवश्यक देखिन्छ ।

अनादिकालदेखि जङ्गली बाघ, भालु, सर्प र अनेकका जङ्गली जनावर र अनेक प्रकृति विपदको साथै विकट औलोसँग संघर्ष गर्दै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, तराई अनि भित्री मधेसमा घनघोर जङ्गल फाँडी अत्याधिक उबंर भागमा मात्र होइन नेपालकै अन्नभण्डारमा परिणत गर्ने गौरब थारु समुदायलाई प्राप्त छ । थारु जातिको आर्थिक अवस्था अचेल सोचनिय हुँदै गएको छ । थारु जातिको आर्थिक अवस्थ बिग्रने मुख्य कारण यी जातिमा चेतनाको अभावले गर्दा हो । थारु, समुदायले कृषिलाई एकमात्र पेसा अपनाएकोले चेतनाहिनताको ठूलो कारण हुन गएको छ ।

थारु जातिमा धेरै सामाजिक कुरीतिहरु पाइन्छन् । यी करीतिले थारु जातिलाई पतन गराउन सहायक सिद्ध भएको देखिन्छ । यिनीहरुमा हुने अनावश्यक भोजभतेर, बिहाबारीमा लेन्देन प्रथाले पनि बाँढेका जारु जतिको आर्थिक जीवनस्तर माथि उठ्न प्रदान सकेको छैन ।

परिच्छेद तीन

# बाँकेका थारु जातिको चाडपर्व र संस्कारहरू

## ३.१ थारु जातिका चाडपर्वहरु :

### परिचय :

चाडपर्वहरु मानव समाज र संस्कृतिलाई जीवित एवं क्रियाशिल तुल्याइराख्ने महत्वपूर्ण उर्जा हुन् । मानिस केवल हाड मासुको स्थूल शरीर मात्र हैन अपितु मन र मस्तिष्कको बौद्धिक शरीर पनि हो । मानिसले भौतिक शरीर अन्न पानीमा बाँचेको हुन्छ भने बौद्धिक शरीरलाई आमोद प्रमोद र मनोरञ्जनको खाँचो पर्दछ । यी कुराहरु मानिसले चाडपर्वहरुकै माध्यमबाट प्राप्त गर्दछन् । यसप्रकार चाडपर्वहरु मानव मस्तिष्कको लागि अति आवश्यक खुराक हुन् । चाडपर्वमा मानवीय आस्था, विश्वास, हर्षोल्लास, संवेदना, प्रेम र सद्भावना प्रतिध्वनित भइरहेको पाइन्छ । समाजको सांस्कृतिक एवं धार्मिक जीवनमा चाडपर्वहरुले प्राण सञ्चार गरिरहेका हुन्छन् । यसमा संस्कृतिको अविरल प्रवाह पाइन्छ । चाडपर्वको यही विशेषताले गर्दा संसारको जुनसुकै भागमा पनि कुनै न कुनै रुपमा यसको प्रचलन पाइन्छ । जुनसुकै समाजको सांस्कृतिक जीवनमा चाडपर्व एक प्रमुख अङ्गको रुपमा क्रियाशिल रहेको देखिन्छ ।

वर्तमान समयमा नेपाली समाजमा असंख्य चाडपर्वहरु प्रचलित छन् । मूलरुपमा हिन्दू र बौद्ध दुई धार्मिक सम्प्रदायबाट प्रभावित नेपाली समाजमा चाडपर्वहरुको आआफ्नो धार्मिक आधार रहेका छन् । यहाँ राष्ट्रिय र स्थानीय, जातीय र जनजातीय तथा अनेक धर्म सम्प्रदायका चाडपर्वहरु रहेका छन् । नेपालको तराई भागमा बसोबास गर्दै आएका जनजाति थारुको पनि आफ्नो मौलिक चाडपर्वहरु रहेका छन् । यो जातिमा पनि स्थान विशेषको भेदले चाडपर्वहरु रहेका छन् । यो जातिमा पनि स्थान विशेषको भेदले चाडपर्वहहरुमा केही फरकपन पाइएतापनि त्यसलाई स्वभाविक मान्न सकिन्छ । यिनीहरुको प्रमुख चाड माघे संक्रान्ति हो जुन सम्पूर्ण क्षेत्रका थारुहरुले धुमधामसँग मनाउने गर्दछन् । यसका अतिरिक्त होरी, गुरही, अष्टिम्की, डस्या, वरका अत्वारी पनि थारुहरुका महत्वपूर्ण चाडपर्वहरु हुन् । थारु जातिका चाडपर्वहरु नेपालका अन्य जातिद्वारा मनाइने चाडपर्वहरुसँग पनि मेल खाने गर्दछन् । निकै उत्साहपूर्ण तरिकाले मनाउने गरेका बाँके जिल्लामा अवस्थित थारुजातिको चाडपर्वहरुको विस्तृत व्याख्या निम्नानुसार छ :

### ३.१.१ माघी (माघे संक्रान्ति)

बाँकेका थारु जातिले मनाउने चाडपर्वहरु मध्येमा माघे सक्रान्ति सबैभन्दा ठूलो मानिन्छ । यो महान चाडलाई यिनीहरु माघ, माघे र माघी सक्रान्ति भन्ने गरेको पाइन्छ । यो चाड परापूर्वकालदेखि नै अत्यन्त महत्वका साथ सम्पूर्ण थारहरुले मनाउँदै आएका

छन् । भौगोलिक भेद, आपसी सम्पर्कको अभाव र आर्थिक स्थितिका कारण चाड मनाउने तरिकामा फरकपन आएता पनि यो चाडको मनोरञ्जनात्मक विशेषता साथै सामाजिक महत्वका दृष्टिले अत्यन्तै ठूलो स्थान रहेको पाइन्छ । यस पर्वलाई उनीहरु नयाँ वर्षको रुपमा, उन्मुक्ति दिवसको रुपमा, सहभाव र मेलमिलापको रुपमा तथा खुशीयाली मनाई दिदीबहिनीलाई कोशेली उपहार प्रदान गर्ने आदि रुपमा मनाउने गर्दछन् ।

महान पर्व माघीको ठूलो सामाजिक महत्व पनि रहेको छ । यस पर्वले मनोरञ्जनमात्र दिदैन साथै थारु जातिमा आपसी मेलमिलाप, सद्भावना, मानमर्यादा, सेवा, सत्कार, आदर र सम्मानका नैतिक पाठहरु सिकाएर जाने गर्दछ । यो चाड खासगरी पुष २७ गते देखि शुरु भएर माघका पहिलो हातासम्म मनाउने गरिन्छ । तर माघको १ गते 'लहान' को दिनलाइ प्रमुख रुपमा मनाइने गरिन्छ । माघको पहिलो दिन अर्थात मकर संक्रान्तिको दिनलाई विशेष महत्व दिने हुँदा यस दिन बलि चढाउने र काटमार गर्नुहुँदैन भन्ने सामाजिक मान्यता रहेको छ ।

माघी पर्व मनाउनका लागि थारु समाजमा महिना दिन अगाडि देखि नै तयारी गरिन्छ । जसमा वनबाट पातहरु टिप्ने, टपरी गाँस्ने, अनदी चामलको गुलियो जाँड बनाउने, रक्सी बनाउने, तोरी पेल्ने, काठ दाउराको व्यवस्था गर्ने काम गर्दछन् । यसका साथै नाचगानको लागि विभिन्न स्तर र समूहमा तयारी गर्ने काम पनि गरिन्छ । यिनीहरुमा माघीको दिन माछाको परिकार अनिवार्य भएको हुँदा माघी शुरु हुनु अघि नै माछा मारेर सुकाउने कार्य गर्दछन् । यिनीहरुमा माघीको दिन ढिक्री पनि अनिवार्य मानिने हुँदा त्यसका लागि २/४ दिन अगाडि देखिनै चामलको पीठो पिस्ने गरिन्छ । यसैगरी अन्य परिकारहरुमा मुरही, खिचरी, तिलको लड्डु, खरिया आदि पनि खाने चलन छ । पुष महिनाको अन्तिम दिन थारुहरुले 'जिता मर्ना दिन' मनाउँछन्, जुन दिन माघी पर्वको लागि प्रत्येक गाउँमा खासगरी बडघरिया वा भल्मन्साको घरमा गाउँ भरिको सगोलमा सुँगुर मारी आ–आफ्नो गच्छे र आवश्यकता अनुसार मासु किनी लैजाने गर्दछन् । यस राति महिलाहरुले माघी पर्वको लागि अनिवार्य मानिने ढिक्री, रोटी, तिलको लड्डु, मुरही, खरिया आदि बनाउने गर्दछन् । यस बाहक सखरखण्ड, तरुल, भण्टा, केराको तरुवा, अनदी धानको उसिनेको भात र खिचडी बनाउने गर्दछन् । त्यसैगरी उनीहरु अबेर रातीसम्म गीत गाउने, डम्फु तथा मादल बजाउने, छोकरा, झुम्रा, मघौटा नाच नाच्ने गर्दछन् ।

माघी पर्व पुष महिनाको अन्तिम दिनदेखि शुरु भएको मानिन्छ । यस दिनमा छरछिमेकको घरमा गई अनदीको गुलियो जाँड र सुँगुरको मासु खाने चलन छ । पुष मसान्त अर्थात जिता भर्ना दिन रातभरि उनीहरु भाले नबाँसुन्जेल दारु पिउँदै नाचगान गर्दछन् र बिहान भालेको पहिलो प्रहरसँगै मुख्य दिन लहानको शुरुवात भएको मानिन्छ ।

यस दिन घरका पुरुषहरु नदीको दोभानमा, नदी वा खोलामा बाजागाजा सहित नुहाउन जाने गर्दछन् भने महिलाहरु घरको काममा लाग्नुपर्ने हुँदा नजिकैको कुबा, खोला वा धारामा गई नुहाउने गर्दछन् । यस दिन महिलाहरुले छोरी चेलीलाई खिचडीको लागि दिइने सामग्रीको दक्षिणा अर्थात निश्राव पनि तयार गर्दछन् । यसदिन सन्तान नहुने वा जन्मे पनि मरिहाल्ने दम्पत्तीहरुले कुनै तिर्थस्थल वा दोभानमा गई नुहाएमा कोख सफल हुन्छ भन्ने जनविश्वास रहेको छ ।

नुहाएर फर्केपछि सबैभन्दा पाको मान्छेले आफ्ना भाइ, छोरा, भतिजा, नाति र अन्य सबैलाई टीका लगाई शुभ आशिर्वाद दिने र साइनो अनुसारको ढोग गर्ने चलन छ । यस दिन चामलको पीठोको सेतो टीका लगाउने चलन भए पनि हाल आएर हिन्दू धर्मको प्रभावले बाँकेका थारुले रातो टीका पनि लगाउने गर्दछन् । टीका लगाउने कार्यको समाप्तीपछि महिलाहरुले निश्रावको लागि तयार गरिएको सामग्रीबाट निश्राव छुट्याउने कार्य शुरु गर्छन् । यसमा सर्वप्रथम पुरुषहरुबाट निश्राव कहर्ना शुरु हुन्छ  यसको लागि घरको एउटा कोठामा एउटा भाँडामा चामल, नुन, उर्द (मासको दाल) छुट्टाछुट्टै भाँडाहरुमा राखिएको हुन्छ । यिनै चामल, नुन र उर्दलाई अर्को भाँडाहरुमा पाँचपाँच अंजुली झिकेर राखिन्छ जुन प्रक्रियालाई 'निश्राव कहर्ना' भनिन्छ । एक घरमा जति पुस्ता छन् ती सबै पुस्ताको लागि अलगअलग निश्राव कहर्नाको व्यवस्था गरिएको हुन्छ ।

आआफ्नो घरमा ढोकभेट (स्यावा) गरी खानपिन गरेर छरछिमेक तथा आफन्तीका घरमा ढोकभेट गर्ने, खाने, ढिक्री ल्याउने दिने पनि गरिन्छ । पुष महिनाको जाडोलाई सहज गराउने धुनी बालिएको हुन्छ । त्यसैको वरिपरी बसेर अनदीको जाँडरक्सी लगायतका अन्य विविध परिकारहरु पनि खाने गर्दछन् । खेतीपाती सिद्धारिएपछि भएको हुँदा यो पर्व निकै हर्षोल्लासका साथ मनाइन्छ ।

यसप्रकार लहानको दिन सकिएपछि भोलिपल्ट माघ २ गतेका दिन 'माघी दिवानी' मनाइन्छ । यस दिन अघिल्लो दिन छुट्याएर राखिएको 'निश्राव' दिदीबहिनीका घरमा कोशेली स्वरुप लिएर जाने गरिन्छ । दिदीबहिनीहरुले निश्राव दिन आउने दाजुभाइको प्रतिक्षा गरेका हुन्छन् र उनीहरु आएपछि आफ्नो घरको परिकारहरु खुवाउने गर्दछन् । यसले गर्दा दाजुभाइ दिदीबहिनी बीचको आपसी सम्बन्ध, माया, ममता र स्नेह अझ प्रगाढ गराउने कार्य गर्दछ ।

माघी पर्व एक हातासम्म मनाइने हुँदा यसको निकै मनोरञ्जन पनि दिने गर्दछ । यस समयमा केटाले केटीको लुगा लगाएर नाँच्ने गरेको पनि पाइन्छ । आआफ्नो टोली बनाएर नाच्ने गर्दछन् । घरघरमा गएर नाँच्ने पनि गरिन्छ । यसमा एउटा दरि वा सुकुल विछ्याएर नाँच्ने मानिसले उल्टो मुखले पैसा उठाउने गर्दछन् । यो पैसा घरवेटीले दिएको

हुन्छ, जुन कार्यलाई 'पैसा लुटैना' भनिन्छ । यो कार्य निकै रोमाञ्चकपूर्ण हुने गर्दछ र यसबाट उठेको पैसाले पछि सबैजना मिलेर खाने, रमाइलो गर्ने गर्दछन् । यो समाजमा यिनीहरु आपसमा दोहोरी गाउने पनि गर्दछन् ।

माघीको महत्व केवल मनोरञ्जनात्मक दृष्टिले मात्रै रहेको छैन । यसलाई पुरानो काम सकेर नयाँ कामको शुरुवात गर्ने, पुरानो रिसराग बिसाएर आपसी सद्भाव बढाउने पर्वको रुपमा लिइन्छ । घरका सदस्यहरु जम्मा भएर नयाँ कामको बारेमा छलफल गर्ने पनि गर्दछन् । यसरी यस पर्वलाई नयाँ कार्यको थालनीको रुपमा लिइने हुँदा थारुहरु माघ १ गतेलाई लाव बरस (नयाँ वर्ष) मान्दछन् । पौष मसान्तसम्म सबै पुराना काम सकेर आगामी वर्षमा के गर्ने के के नगर्ने जसमा घरधुरीया चयन गर्ने, छुट्टिने कि नछुट्टिने, विवाह गर्ने नगर्ने, कमैया कमलहरी बस्ने नबस्ने, खेत जोत्ने वा छोड्ने, घरको काम गर्ने अगुवा कसलाई चुन्ने, घरको लेनदेनबारे छलफल गरी आगामी वर्षको योजना बनाउने गरिन्छ । व्यक्तिगत कामकाजका साथै सामाजिक कामकाजको सम्बन्धमा पनि माघीको तेस्रो दिनदेखि सातौ दिनसम्ममा टुङ्गो लगाइन्छ । यसको लागि गाउँका हरेक घरका घरमुली वडघरियाको घरमा गई जम्मा भई छलफल गर्दछन् । यस जमघटलाई 'खेऱ्या खैना' भन्ने गरिन्छ । त्यहाँ सामाजिक कुराहरु जस्तै साझा कुलवा, भरवा, बेठवेगारी तथा सार्वजनिक काममा कसले कति जना लगाउने, गाउँको देवी देवता तथा पूजापाठ गर्ने भुँईह्यार गुरुवा राख्ने, चौकीदार, लोहार, कुम्हार राख्ने, तिहाई कसरी दिने र उठाउने आदि सम्बन्धमा छलफल गर्ने गर्दछन् ।

यसरी माघी पर्वले थारु समाजमा सामाजिक सहिष्णुता तथा समझदारीपूर्ण सम्बन्धको विकास गराउनुको साथै समाजलाई व्यवस्थित किसिमले चलाउनको लागि सबल एवं सक्षम नयाँ नेतृत्वको चयन गर्ने सुअवसर प्रदान गर्ने गर्दछ । पुराना रिसराग हटाएर शान्तिको सन्देश लिएर आउने यो माघी पर्वमा हाल आएर सार्वजनिक विदाको व्यवस्था गरिएको छ ।

### ३.१.२ बरका अत्वारी

भाद्र कृष्णाष्टमी पछिको शुक्लपक्षको प्रथम आइतबारका दिन यो पर्व मनाइन्छ । यसमा सूर्यको उपासना तथा पूजा गर्ने गरिन्छ । विशेषगरी पुरुषहरु र केही महिलाले पनि दिनभर व्रत रही साँझ पुरुषहरुद्वारा नै पवित्र तरिकाले रोटी पकाई दही, फलफूल आदि परिकार अग्निदेवतालाई अर्पण गरी आफूले खानु अघि दिदीबहिनीको लागि अग्रासन छुट्याएर राख्ने गर्दछन् ।

यो पर्व  मनाउने सम्बन्धमा एउटा ऐतिहासिक घटना रहेको छ । जुन दाङ्गका थारु राजा दङ्गीशरण र पाँच पाण्डवसँग सम्बन्धित रहेको छ । महाभारतका पाँच पाण्डव र दङ्गीशरण राजा बीच घनिष्ट सम्बन्ध थियो । यसैक्रममा पाँच पाण्डव द्रोपदी सहित सुर्खेतको काँक्रे विहारमा आएका रहेछन्, त्यसैबेला दाङ्गको राजा दङ्गीशरणको राज्यमा शुत्रहरुले आक्रमण गरेछन् । यो खबर प्राप्त गर्ने बित्तिकै तावामा पकाउन राखेको रोटी छोडी केही पनि नखाई तुरुन्त भीम हतियार लिएर दङ्गीशरणको पक्षमा लढ्न गएछन् र शुत्रनाश गरेछन् । यसरी भोक प्यासको बेवास्ता गरेर थारु राजाको पक्षमा लडाई गरी विजय दिलाएको हुँदा थारु जातिमा भीम पूज्य मानिन्छन् । यसै घटनाका आधारमा अर्थात पाण्डव भीम र थारु राज्य तथा दङ्गीशरण बीचको प्रगाढ सम्बन्ध साथै विजय उत्सवको सम्मानमा थारुहरुले बरका अत्वारी मनाउन थालेका हुन् । यसमा ब्रतालुहरुले रोटी पकाउँदा भीमको नाममा एउटा ठूलो रोटी पकाई चढाउने पनि गर्दछन् । जुन रोटीलाई 'भयाँवा' भनिन्छ ।

बरका अत्वारी पर्वमा पनि अन्य पर्वमा जस्तै पूर्व तयारी हुने गर्दछन् । पीठो पिसाउने, तेल पेलाउने, केरा पकाउने, अन्य सामानहरु किन्ने आदि तयारी शनिबारकै दिन पूरा भइसकेको हुन्छ । नुहाएर शुद्ध भई शनिबार राति दर खाने गरिन्छ । यसमा सकेसम्म चिल्लो, मीठो मसिनो र कुखुराको मासु खाने गरिन्छ । भोलिपल्ट बिहानैदेखि ब्रत बस्ने गर्दछन् । ब्रत बसेको दिन दिउँसो २, ३ बजेतिर घरको वरही भन्ने कोठामा गाईको गोबरले लिपपोत गर्नुका साथै विभिन्न परिकार पकाउनको लागि चुलोको व्यवस्था गरिन्छ । चोखो आगोको लागि गन्यारी भन्ने काठबाट आगो बालिन्छ जुन आगो सबैले लाने गर्दछन् । पकाउने क्रममा ब्रत बस्ने मान्छे मात्र हुने गर्दछन् । उसले सर्वप्रथम तेलमा एउटा मात्र ठूलो रोटी पकाई भ्याँवाको नाममा अलग्गै राख्ने गर्दछ । पूजा गर्ने क्रममा त्यो रोटीलाई पहिले आगोमा हवन गर्नुपर्दछ । पूजा गर्ने क्रममा त्यो रोटीलाई पहिले आगोमा हवन गर्नुपर्दछ । विभिन्न थरीका रोटीका परिकार, हलुवा आदि बनाएर जतिजना ब्रतालु छन् त्यति भाग लगाई एक भाग थप समेत गरिन्छ । त्यसपछि ब्रतालुहरुले आआफ्नो भागबाट अर्को छुट्टै भाँडोमा सोही खानेकुरा मध्ये केही अलग्याएर राख्ने चलन छ जुन अग्रासनको नामले चिनिन्छ । यो लिएर भोलिपल्ट आफ्ना दिदीबहिनीका घरमा जानुपर्दछ । अग्रासन छुट्याएर सकेपछि सबै परिकारबाट थोरैथोरै एकैमा मुछी आगोमा होम गर्दै धूप, घ्यू र जलले पर्छिनु पर्दछ । यसपछि खानपिनको कार्यक्रम शुरु हुन्छ । खानपिनमा बसेपछि उक्त एक बसाईमा जति खाइन्छ, त्यसपछि थप्ने, खाने चलन छैन । ब्रतालुहरुले खाएर सकेपछि थप छुट्याइएको खानाको भागबाट घरका बालबालिकालाई दिने गरिन्छ ।

भोलिपल्ट बिहाने भान्से महिला तथा ब्रतालुहरुले ३ वा ५ थरीका तरकारी, विविध परिकार जस्तै : सिल्टुङ्गको गेडा, सिद्रामाछा पकाउने गर्दछन् । नुहाईधुवाई गरेर ती पाकेका परिकारबाट दिदीबहिनीलाई अग्रासन निकाल्छन् । यसपछि ती सबै परिकार एक ठाउँमा मुछी आगोमा हवन कार्य पूरा गरेर खानपिन शुरु गरिन्छ ।

यसप्रकार बिहानको प्रसाद ग्रहण गरेर सबै दाजुभाइहरु दिदीबहिनीहरुलाई अग्रासन छुट्याएको भाग लिएर पुऱ्याउन हिड्दछन् । उता दिदीबहिनी पनि आफ्ना दाजुभाइको प्रतिक्षा गरेर बसेका हुन्छन् । यसरी बरका अत्वारी पर्वले दिदीबहिनी दाजुभाईबीच मायाममता बढाउने गर्दछ भन्ने थारु समाजको साािजिक मान्यता रहिआएको छ ।

### ३.१.३ डस्या (दशैं)

आश्विन महिनामा पर्ने यो पर्व पनि थारु जातिले निकै खुशीयालीपूर्व तरिकाले मनाएको देखिन्छ । आश्विन शुक्ल प्रतिवदाको दिन घटस्थापनाको जमरा जुन हेरेर अर्थात द्विज हेरेर राख्ने गरिन्छ । यसरी प्रतिवदाको दिनदेखि दशमीसम्म मानिने यो विशेष पर्वलाई नै थारु भाषामा डस्या भन्ने गरिन्छ । यिनीहरु प्रतिवदाको दिनदेखि नै कन्याहरुबाट रामायण, महाभारत, कृष्णचरित्र आदि गाउन लगाउने साथै पञ्चमीदेखि नाचगान शुरु गर्दछन् ।

यस पर्वमा पञ्चमीका दिन 'दहित' थर भएका थारुले खासगरी धुरखम्हानिर सौरा नामक देवता स्थापना गरी नवमीका दिन अन्य थारुहरुले आफ्नो गृह देवस्थल डिहुरारमा पितृहरुलाई दालभात आदिको सात या नौ पुस्तासम्म श्राद्ध अर्पण दिने गर्दछन् । पञ्चमी या षष्ठीका दिन घरधुरियाले आफ्ना घरगुरुवाका घरबाट धूप ल्याई आफ्ना देवतालाई चढाउँछन् । अर्को दिनदेखि खानपान र नाचगानको समारोह शुरु हुन्छ । यसमा विशेषगरी शारदीय ऋतुको गीत, चाडपर्वको महिमा, विष्णु भगवानको प्रार्थना, स्तुति र भजन गाइन्छ । उनीहरु आफ्नै किसिमको ठुमरी पनि गाउँछन् । सोह्रश्राद्धदेखि गाउन बजाउन शुरु गरिएको गीतको अन्त्य महावमी, दशमी वा एकादशीसम्म रहन्छ ।

दशैमा सबैले आफ्ना गछे अनुसार नयाँ लुगा सिलाउने गर्दछन् । सप्तमीको दिन पैनसटोपी र माटा भाँडाहरु धुने कार्य गरिन्छ र सोही दिन साँझ गाउँका केटा वा लोग्ने मासिनहरु खासगरी देवता भएको घरमा चामलको पीठो ढिकीमा कुटन आउने गर्दछन् र सोही अवसरमा केही समयपछि कूल धर्म अनुसार सातदेखि नौवटा सम्म कुखुराको बलि चढाउने गरिन्छ । साँझ भएपछि महिलाले चामलको पीठाको गोलाकार घेरा अथवा दुर्रा सबै देवताहरुको सामुन्ने २/२ वटा बनाउने गर्दछन् । त्यसपछि पूजाको क्रम शुरु हुन्छ र पूजामा सर्वप्रथम डिहुरारको देवताको पूजा गर्ने गरिन्छ । ती देवतालाई काँडायुक्त बेलको

डाँख्लोको काँडामा गोली ढिक्री उनेर प्रसाद चढाउने गरिन्छ साथै एउटा दुर्रामा दियो बाल्ने र एउटा टपरी सहितको विभिन्न खालका ढिक्रीहरु चढाइन्छ अनि जमरा, धूप, अक्षता, बाबरी आदि चढाएर पूजा गरिन्छ । त्यसपछि घरभित्र र बाहिरका अन्य देवताहरुलाई पूजा गरी देवथान अगाडि मादल बजाउने गरिन्छ ।

पुरुषहरुले कुभिण्डोको भेड्वा बनाएर डिहुरार कोठाको दक्षिणी छेउमा स्थापित गर्दछन् । यस क्रममा भेड्वाको तल एउटा टपरीमा धान राखी त्यसमाथि बलेको दियो आदि राखिन्छ अनि तरबारलाई टल्काई उदाई राखिन्छ । पूजारी त्यस रातभर जाग्राम बस्नुपर्दछ र भोली बिहान भाले बास्नुभन्दा अगाडि तरबारले त्यस भेड्वालाई एकै मारमा छिनाल्नु पर्दछ । नवमीको दिन बिहानै पूजारी हँसिया र लोहोटा लिएर नुहाउन जान्छन् । गाउँका सबै किसानहरु भेला भई भुइँयार, गुरुवा, केसौका र चिराकीका साथमा गाउँको प्रमुख देवताथानमा गई पूजा गर्ने गर्दछन् । यस पूजामा उनीहरु दूध, रक्सी र जलको धार दिई धूप, अक्षता, जमरा चढाई चामलको पीठोको सेतो टिका लगाई पूजा गर्ने गरिन्छ । त्यसपछि घिरक्याले सबैलाई चामलको पीठोको सेतो टिका लगाइदिने गर्दछ । यसप्रकारको अरु जातिमा देउली गर्ने प्रचलन हुन्छ । उनीहरु कसैमा ५/५ वर्षमा, कसैमा ३/३ वर्षमा वा ४/४ वर्षमा आफ्नो प्रचलन अनुसार गर्ने गर्दछन् भने थारु जातिमा डस्याको नवमीको दिनमा देउली गर्ने गरिन्छ ।

गवल्या टीकाको दिन मातृ तथा पितृ शक्तिबाट आशिर्वादको रुपमा सुख, शान्ति र समृद्धि प्राप्त गर्न डिहुरारमा गृहपत्नी र गृहपति जुट्दछन् । आफ्ना पितृहरुलाई डिहुरारमा भात, सिल्टुङ्ग, पवै, कुभिण्डो र माछाको तरकारीद्वारा पिण्ड तर्पण अर्पण गर्दछन् र प्रत्येक थारुहरुले प्रसादको रुपमा रमाउँदै उक्त प्रसाद खाने गर्दछन् ।[११] त्यही पितृहरुलाई दिइने पिण्डलाई थारु भाषामा पित्तर भनिन्छ । अर्को दिन गाउँका महतवाले आफ्ना गाउँलेहरुका निधारमा सेतो टीका, जमरा र बाँबरी फूल लगाउँदै आर्शिवाद दिने गर्दछन् ।

गवल्या टीकाको दिनदेखि नै थारु बुढापाकाले बडकिमारको वाचन शुरु गर्दछन् । मादलको तालमा गाइने सख्या गीत र नृत्यले यो चाडमा विछट्टै उल्लास छाएको देखिन्छ । यिनीहरुमा बाहुन क्षेत्रीमा जस्तो दशमीदेखि कोजाग्रत पूर्णिमासम्म टीका लगाउने प्रचलन छैन । नवमीको दिनमा गाउँका महतवाका घरमा गएर सबैले टीका थाप्ने गर्दछन् । महतवाले दही, सेता अक्षता, मकैया जौंका आँकुरा लगाइदिई जाँडरक्सी, मासु खान दिन्छन् । खानपिनपछि दिउँसोतिर बहीमा आगो बाली गुरुवाले आगोका अगाडि नयाँ गुरुवा बन्न चाहने चेलाहरुलाई थारु भाषाका मन्त्र सुनाउँछन् । अरुले मादल बजाउँछन् र

११. द्विवेदी, पशुपतिकुमार, 'पूर्वाञ्चलको कोचिला थारु संस्कृति', मधुपर्क- १७/९ (माघ २०४१ वि.सं.), पृ. ३२-३३ ।

गुरुवाले नौसिखुवा स्युँ–स्युँ भनी कराउन थाल्दछन् । यो प्रक्रियालाई 'सुस्वैना' भनिन्छ । डस्यामा नयाँ ज्वाई टीका लगाउन ससुराली जाने प्रचलन पनि छ । ससुराली जाँदा गुन्द्री लिएर जाने र मान्यजनबाट टीका लगाई मनग्य भोज खाई घर फर्कन्छन् । डस्या नवमीकै दिन पूरा भएतापनि नाचगान भने पूर्णिमा सम्म नै हुने गर्दछ । नाचमा थारु मादलमा ताल दिन्छन् भने थरुनीसँग कोट्याउछन् । नाँच्दै गाउँदै एउटा घरबाट अर्को घरमा जान्छन् । यो काम पहिले गाउको महतौ कहाँदेखि शुरु हुन्छ । विशेषगरी त्यतिबेला मादल, मजिरा बजाउँछन् । त्यतिबेला एक जोडी स्त्री र पुरुष सिंगारिएर नाच्ने, गाउने र बजाउने गर्दछन् । पुरुषले दौरा, कछाड, पटुका र टोपी लगाइएको हुन्छ र स्त्रीले जामा, फरिया, राम्रा गहना-गुरिया लगाएकी हुन्छे । यसमा नाच्ने बठिन्याहरु हुन्छन् । नाँच्दैगाउँदै मालिक जिम्दारहरुका घरमा पनि जान्छन् र पैसा माग्दछन् । डस्याको अवसर पारेर बड्कीमार ( महाभारत) र रामलीला जस्ता नाटकहरु पनि खेल्ने गर्दछन् । तर हाल आएर बाँके जिल्लाका थारुहस्लाई हेर्दा गाउँका सबै जम्मा भएर डेक लगाएर रामायण, महाभारत तथा विविध फिल्महरु हेर्ने प्रचलन बढ्दो छ । यसप्रकार थारु जातिको विविध खानपान र नाचगान गरी रमाइलोसँग डस्या मनाउने गर्दछन् ।

### ३.१.४ डेवारी (तिहार)

कार्तिक शुल्कपक्ष द्वितीया तिथिमा अर्थात कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्म मनाइने तिहारलाई थारु भाषामा डेवारी भनिन्छ । यो पर्व सबै थारुले जमनाएर दहित, रतगैया, सतगैया, गररिया थरका थारुहरुले मात्र मनाउने गर्दछन् । लक्ष्मीपूजाको दिनलाई विशेष गरेर मनाउने गरेको देखिन्छ । दहित थर भएका थारुले बिहान लक्ष्मीको प्रतीक गाईको पूजा गर्ने र साँझपख घरको दुबै ढोकामा गोलाकार चेप्टो डिया ढिक्रीको दीयो बाली देवताहरुको पूजा गरी चढाउने गरिन्छ । लक्ष्मी पूजाको दिन सबै गाउँले मिलेर पूजा सामाग्री तयार गर्दछन् । तोरण बनाउने, ध्वजा बाँध्ने काम पनि गरिन्छ । थारु जातिमा ध्वजा खासगरी बाबियोको फुस्रेदार डोरीमा विभिन्न प्रकारका फूल, आँपको पात, पीपलको पात गाँसेर पूजाको क्रम शुरुसँगै ध्वजा बाँध्ने क्रम पनि शुरु गर्नुपर्दछ । ध्वजालाई मूलघरको मूल धुरीबाट मरवा भन्ने देवथा
न बगर हुँदै सडकलाई पार गराएर बाध्ने गरिन्छ ।

लक्ष्मीपूजाको दिनमा सर्वप्रथम डिहुरार रहेको मूल देवताको पूजा गरी सौरा भन्ने देवतालाई मझेरीको खाँवानिर गाडी सकेपछि त्यही ठाउँमा आफ्ना पितृहरुलाई पित्तर दिने कार्य गरिन्छ । यसपछि घरका अन्य देवताहरुको पूजा अन्त्यमा लक्ष्मीको पूजा गरिन्छ । लक्ष्मीलाई पूजा गर्दा रातो रङको सिन्दूरको टीका लगाई फूल, पीपलको पात, आँपको पात

आदि गाँसेर बनाइएको सुन्दर माला लगाइ दिई विभिन्न प्रकारका खानेकुरा ढिक्री, रोटी, रक्सी, जल आदि प्रसादको रुपमा चढाउने गरिन्छ । यसदिन गाईगोरुलाई नून र मकै भुटी बनाएको पीठो पनि खुवाइने गरिन्छ । गाईलाई पूजा गर्दा चढाइएको सबै प्रसाद र थप एउटा कुखुराको चल्ला गाई हेर्ने ग्वालालाई दिने चलन छ । यसरी पूजा सम्पन्न गरेपछि सबै मिली ढिक्री, रोटी आदि परिकार खाने गरिन्छ । साँझतिर पूजारी र महिलाले नुहाई धुवाई गरी फेरी पनि देवताहरुको पूजा गर्ने गर्दछन् । यस क्रममा सर्वप्रथम चामलको पीठो पानीमा घोलेर सबै देवताहरुको अगाडि २।२ वटा दुर्रा बनाई मूलघरको दुबै ढोका भित्र १।१ वटा गोलाकार र १।१ वटा चारकुने घेराभित्र ठाडो र तेर्सो धर्काहरु खिची दुर्रा बनाइएको हुन्छ । पूजा गर्दा पहिले डिहुरारको देवतालाई पूजा गरी अन्य देवताहरुको पूजा गर्ने गरिन्छ । पूजामा विभिन्न थरीका ढिक्री जस्तै : डिया, गल्यार, ब्वासा, छित्रही आदि सबै प्रसादको रुपमा चढाइन्छ । अन्तमा पश्चिमको ढोकामा दियो बाली चारकुने घेराभित्र विभिन्न चोकमा डिया ढिक्रीमा समेत बत्ती बाली एउटा टपरीमा विभिन्न खालका ढिक्रीहरु प्रसादको रुपमा चढाइन्छ । हल्दीको पातमा लट्ठी, पौवा, ढिक्री प्रसादको रुपमा चढाइन्छ र चारकुने घेरामा बालिएको दियो ढिक्रीलाई गाउँका केटोकेटी, गयरवाहरुलाई लुटाउने गरिन्छ । हल्दीको पातमा रहेको ढिक्रीलाई पोको पारेर ढोकाको छानोमा घुसार्ने गरिन्छ । यसप्रकार बाँकेका थारु जातिले लक्ष्मीपूजा समापन गर्ने गर्दछन् । यिनीहरुले अन्य जातिले जसरी देउसी भैलो खेल्ने भाइटीका लगाउने गरेको भने पाइँदैन ।

### ३.१.५ दुरेहरी (होली)

थारु जातिले होली पर्व धुमधामसित मनाउने गर्दछन् । यो पर्व खासगरी शुक्ल अष्टमीदेखि फागुन शुक्ल पूर्णिमासम्म मनाइन्छ । यो चाड शुरु भएपछि उनीहरु आफ्नो कामधन्दा गर्दैनन् । पुरुष र महिला रक्सी पिएर रङअबीर, हिलो छ्यापी होली खेल्दछन् । उनीहरु गाउने र नाँच्ने पनि गर्दछन् । फागुको बेला थारु केटीहरु जुनसुकै व्यक्तिलाई पनि बीच बाटोमा फगुवा (फागु खर्च) माग्ने गर्दछन् । उनीहरुमा ख्यालठट्टा गर्ने चलन हुन्छ । होली पर्व संसारका सबै हिन्दूको पवित्र चाड हो । होली खेल्ने चलन नेपालमा धेरै अघिदेखि भएको हो । होली चाडमा रङ खेल्ने, भाङ खाने चलन छ । होली पुरुष, महिला र केटाकेटीहरु रङ् छ्यापछ्याप गर्दछन् ।

बाँके जिल्लाका थारु जातिले दुरेहरीमा फागु पूर्णिमाको दिन बिहानै मासुको व्यवस्था गरी सबैले भागबण्डा लगाउँछन् । नजिकको खोलामा गई माछा मार्नुका साथै बोका, सुँगुर आदि काट्दछन् । यसदिनमा खुल्ला चौरमा हिरण्यकश्यपुकी बहिनी होलीकाको पुत्ला बनाई त्यसलाई आगोले जलाउने गर्दछन् । यहाँका थारु जातिले

प्रल्हादलाई जलाउन खोज्ने होलिका स्वयं आफू जलेर मरेको खुशीयालीमा यो पर्व मनाउने गरेको देखिन्छ । त्यसकारण दुष्ट होलिकालाई विभिन्न अपशब्दहरु बोली गाली गर्नुका साथै डफ बजाई नाचगान गर्दै सो आगोको चारैतिर घुम्ने गर्दछन् ।

भोलिपल्ट होलिकामा जलाइएको ठाउँमा गई खरानी हावामा फ्याक्दछन् । त्यसपछि तिनीहरु खोलामा गई नुहाईधुवाई गरी फर्केपछि उक्त खरानीको टीका लगाई भगवानसँग पापिष्ट, दुष्टमाथि सत्यको विजयको लागि प्रार्थना गर्दछन् । घर गएर विभिन्न प्रकारका परिकार खाई नाचगान गर्दै अबीर, रङ् लगाई खुशीयालीपूर्ण तरिकाले दुरेहरी अर्थात होली मनाउने गर्दछन् ।

### ३.१.६ बखैया मिझनी

रोपाई शुरु भएपछि पहिलो सोमबारका दिन घरमा रक्सी र जल सबै देवतालाई चढाएर पूजा गर्ने गरिन्छ । यो पूजा खेतीपातीमा व्यस्त रहँदा वर्षाको समयमा उठाउनुपर्ने जोखिमबाट बच्नका लागि गर्ने गरिन्छ । खेतमा काम गर्दा वर्षामा हुने सर्प, बिच्छी र अन्य किराहरुको टोकाइबाट बच्नको लागि बखैया मिझनी गरिन्छ । यो पूजाले मनोरञ्जनका साथै भविष्यमा हुने जोखिमबाट समेत पार पाइने जनविश्वास थारु समाजमा रहदै आएको छ ।

### ३.१.७ बरका कलवा/ कलवा खैना

वर्षा शुरु हुनुभन्दा पहिले खेतमा लगेर खाने गरिन्छ जसलाई कलवा खैना भनिन्छ । कलवा खानको लागि सात थरीको परिकारको आवश्यकता पर्दछन् । त्यसमा पवैको साग, माछा र गेडागुडी अनिवार्य रुपमा रहन्छन् । बरका कलवामा पूजा गर्दा कमिला, कौवा, कुखुरा सबै मिलेर भातको रेखदेख गरिदिउन् भनी पूजा गरिन्छ । खेतीपाती गर्दा हलो, जुवा, हरिश नफुटोस, गोरुभैसीको रक्षा होस् भनी हलो, जुवाको पूजा गर्ने गरिन्छ ।

बरका कलवा खानु भनेको अबको वर्षभरीमा आउने घामपानी, हिलो, जाडो आदिको वेवास्ता गरी लगनशील हुँदै काम गर्नेछौं भन्ने प्रतिवद्धता स्वरुपको उत्सव हो । खेतमा काम गर्दा थारुहरुले खेतमै खाना लगेर खाने गर्दछन् तर कलवा नखाएर खेतमा खान हुँदैन भन्ने यिनीहरुको प्रचलन रहेको छ । बरका कलवामा आफ्ना नातेदारलाई बोलाएर खाने गर्दछन् जसले गर्दा आपसमा सहयोग र सद्भाव पनि बढ्ने गर्दछ ।

### ३.१.८ हरढावा (हर धुवाई)

वर्षामा खेत रोप्ने काम सकेपछि हलो, गोरु धुने कामलाई हरदावा भनिन्छ । यसमा रोपाई सकिने दिन महिला तथा पुरुषहरु खेतमा धान रोप्दै, गीत गाउँदै आपसमा छ्यापाछ्याप गरी यो पर्व मनाउँछन् । नजिकैमा नातेदार, खेत रोप्न सघाउने आदि सबैलाई आमन्त्रण गरिन्छ । यस दिन हिलो छ्यापेर खेलेपछि घर गएर मासु, रक्सी खाएर रमाइलो गरी वर्षाभरिको हिलो पखालेर परिश्रम बिर्साउने काम यस पर्वले गर्दछ ।

### ३.१.९ पेन्ड्या :

किसानहरुले धान बाली दाँई गरिसकेपछि प्रशस्त फल दिए वापत खल्यानका देवताका नाममा गर्ने धार्मिक अनुष्ठानलाई पेन्ड्या वा कुमे पूजा भनिन्छ । यस अवसरमा वर्षभरिको मुख्य बाली धान घरमा भित्राएको उपलक्ष्यमा आफ्ना नातेदारलाई निम्तो गरी सुँगुर मारी विविध लोकगीत तथा नृत्यका साथमा खुशीयालीपूर्वक यो मनाइने गरिन्छ । पेन्ड्याको अर्थ थारु भाषामा पिधमा रहेको भन्ने हुन्छ । यसैले काम पनि पिधमा अर्थात अन्त भएको भन्ने सन्दर्भमा यसको नामाङ्करण पेन्ड्या रहन गएको बुझिन्छ ।

### ३.१.१० शिरुवा पावैन :

शिरुवा पावैन हिन्दू धर्मावलम्वीहरुको ठूलै पर्व हो । यो पर्व नयाँ वर्षको खुशीयालीमा मनाइन्छ । शिरुवा पावैनको शाब्दिक अर्थ शीर्षस्थ पावैन अर्थात वर्षको सबभन्दा पहिलो पावैन । यो वर्षको सबैभन्दा पहिले हुने हुनाले थारु भाषामा शिरुवा पावैन भनिन्छ । यो सबै भन्दछन्- "फगुवा उसारे आ शिरुवा पसारे ।" पावैनको सुरुवात शिरुवा पावैनको अन्त्य फगुवा पावैन पछि हुन्छ । यो पावैन वैशाखमा गरिने हुनाले यसलाई 'वैशाखी', 'बाईस पावैन' वा 'जुड शीतल पावैन' पनि भनिन्छ । यो पावैन एउटा भएतापनि यसका नाम अनेकन छन् ।

यो शिरुवा पौवनको तयारीमा मानिस दश दिन पहिलेदेखि नै आफ्नो आफ्नो घरद्वार सबै लिपपोत र सफासुग्घर गर्दछन् । घरद्वारको सफाई र विभिन्न फलायुक्त सजावट गरी शिरुवा पावैनको स्वागत गरिन्छ । यो पावैन खानेपिउने र हाँसीखुशी गरी मनाइने हुनाले बालबच्चा, जवान वा बुढाबुढी यस पर्वको प्रतिक्षा गरिरहन्छन् । यो पावैनमा पुरी, बरी, कचौरी, विभिन्न किसिमका तरुवा भुजवा बनाइन्छ । साथीभाइ परम्परामा रङ अबीर पछि खेल्दछन् । पवित्र जल आफ्ना आफ्ना गृहदेवता, ग्रामदेवता र अन्य देवस्थलमा चढाउँछन् । उनीहरु आफ्नो हृदयबाट वर्षभरिको सुखद समयको कामना

गर्दछन् । देवतालाई जल चढाएर आर्शिवाद माग्दछन् । पवित्र जलका साथै फूल, सतुवा तथा आँपको टिकला आफ्ना आफ्ना गृहदेवतालाई चढाउने गर्दछन् । वैशाख २ गते जुड शीतल पावैन गर्दछन् ।

'शिरुवा पावैनमा देश-देशावरमा रहेका आफ्ना सङ्गीसाथी तथा हितैषी कुटुम्बलाई नयाँ वर्ष मुबारक लेखी पत्र पनि पठाउने गर्दछन् । नयाँ वर्षको अवसरमा साथीसङ्गीले वा आफूले मान्नुपर्ने मानिसलाई सुखद भविष्यको कामना गर्ने चलन थारु जातिको जस्तै अरु जातिमा पनि रहेको देखिन्छ ।

### ३.१.११ गुरिया/ गुरही :

नाँगपञ्चमीको दिन थारु जातिले गुरिया मनाउने गर्दछन् । यस दिन गेडागुडी भिजाई भुटेर परिकार बनाउने गर्दछन् । कोहिले त एउटा रोटीलाई चारपटक काटेर तीनकुने रोटी पकाउने पनि गर्दछन् । यसदिन घरका सबै देवताको पूजा गरी 'लागुवास' भन्ने शेषनागको पूजा गरी दुधको धार प्रसादको रुपमा चढाइन्छ । यसदिन आएका इष्टमित्रलाई जाँडरक्सी, गेडागुडी, पुरी आदि खुवाउने गर्दछन् । यसरी आफ्ना देवतालाई दारु (रक्सी) चढाउने पनि चलन छ ।

यस दिन केटीहरुले कपडाको पुतली (गुरही) बनाउने गर्दछन् भने केटाहरुले एकप्रकारको रङ्गीचङ्गी लट्ठी बनाउने गर्दछन् । साँझपख केटाहरु खुल्ला ठाउँमा गएर सानो झ्याङमा सोही लट्ठी हिर्काउँदै रोगव्याधी लैजा भन्दछन् । बचेको गेडागुडी दुबोमा मिसार थनवाको देवस्थानको छाना, घारीको छानामा फाल्नुका साथै आफ्नो आफ्नो घरमा आई फालेर गुरही पूजा सम्पन्न गर्दछन् । यिनीहरुमा घरको दैलामा नागदेवताको फोटो टाँस्ने चलन नभएतापनि अन्य जातिको प्रभावमा पर्दा हाल आएर नाँग टाँस्ने चलन पनि चलेको देखिन्छ ।

### ३.१.१२ अष्टिम्की (कृष्ण जन्माष्टमी)

भाद्र महिनाको अष्टमीका दिन थारु भाषामा भाद्र अधूरिया रातक आठवा दिन थारु जातिले अष्टिम्की मनाउने गर्दछन् । यो पर्व विशेष गरेर महिलाहरुले मनाउने गर्दछन् । यसदिन कृष्ण (कान्हा) को जन्म भएको हुँदा यस दिनको धेरै महत्व रहेको छ ।

यसदिन महिलाहरुले बिहानै नुहाएर चोखो लुगा लगाई दिनभर ब्रत बस्दछन् । यो पर्वमा एउटाको घरमा पूजा गर्ने व्यवस्था गरिएको हुन्छ । पूजा गर्ने घरमा एउटा डेहरीमा चुना वा सेतो माटोले लिपेर कृष्ण भगवानको जीवन चरित्र सम्बन्धी बृतान्तलाई चित्रको

रुपमा कोरेर राखिन्छ । यस चित्रमा सूर्य, चन्द्रमा, राधाकृष्ण बसेको, कृष्ण भगवानका जन्ती, डोली, हात्ती, घोडा, हाँस, कुखुरा, बिच्छी आदि सबैको चित्र हुने गर्दछन् । ठिक्क साँझपख घाम डुब्ने बेलामा सबै ब्रतालु केटी, आइमाईहरु पूजा गर्ने घरमा एउटा पत्रीमा चामल, फूल, दीयो बालेर पुग्दछन् । सबैजना जम्मा भइसकेपछि ब्रतालु केटी, आइमाईहरु पूजा गर्ने घरमा एउटा पत्रिमा चामल, फूल र दियो बालेर पुग्दछन् । सबैजना जम्मा भइसकेपछि ब्रतालुबाट मुली मध्येको एकजनाले पूजापाठ शुरु गर्दछन् र डेहरीमा भएको सबै चित्रमा टिका लगाउने भनी अबीर लगाइदिने काम हुन्छ । त्यस्तै प्रसादको रुपमा केरा, दही, काँक्रो, अम्बा आदिको व्यवस्था गरिएको हुन्छ । त्यहाँबाट आआफ्नो घरमा फर्केपछि दुध, दही, केरा अम्बा आदि फलफूल जे छ त्यही खाने गर्दछन् । यसरी फलफूल खानुपूर्व दाजुभाइको लागि झिकेर राख्ने गरिन्छ जसलाई यिनीहरु अग्रासन निकालेको भन्दछन् । राती सबै ब्रतालुहरु पूजा गर्ने ठाउँमा जम्मा भई कृष्ण भगवान गीत गाएर बस्दछन् ।

भोलीपल्ट बिहान उठेर नुहाएर अघिल्लो दिनको बलिरहेको दीयो, चामल, फूलहरु नजिकैको खोला वा नदीमा लगेर सेलाउने गरिन्छ । त्यस पश्चात् घरमा आएर तीनथरी वा पाँचथरी तरकारी लगायतका खानेकुरा पकाउँछन् । पकाएको खानाबाट सबैकुरा अलिअलि झिकेर दाजुभाइलाई अग्रासन छुट्याउछन् र आफूले पनि खान्छन् । यसप्रकार थारु जातिले अष्टिम्की रमाइलोसँग मनाउँछन् । यसमा ब्रत विशेषगरी महिलावर्ग नै बस्ने गर्दछन् ।

### ३.१.१३ अग्रहनी पूर्णिमा :

यस पर्वलाई थारु जातिमा घरपूजा व मुण्डन पूजा भनिन्छ । यो पर्व ब्राह्मण, क्षेत्रीको उपनयन संस्कार जस्तै देखिन्छ । विशेष गरेर बच्चा २ देखि ६ वर्षको हुँदा उनीहरुको मुण्डन गर्ने गरिन्छ । मुण्डन गर्दा एकल वा सामुहिक रुपमा अगहनी पूर्णिमा अर्थात मंसिर पूर्णिमाको दिन बिहानै नुहाईधुवाई गरी घरमूलीद्वारा कुल देवताको पूजा गरिन्छ । यसमा बच्चालाई नयाँ लुगा लगाई दिई उसको जन्मौटी केश फालेर पूजा सामग्रीसँग कुल देवतालाई समर्पण गर्ने गरिन्छ । यस दिन थारु जातिको कुलदेवतामा प्रमुख मर्हषिया र कलहीयाको पूजा गर्ने गरिन्छ । मर्हषिया वर्गमा पर्नेले अहिंसाको बाटो अपनाई खीर, लड्डु, मिष्ठान आदिद्वारा पूजा गर्दछन् भने कलहीया वर्गमा पर्नेले पशुवली दिएर पूजा गर्दछन् । यसपछि आफ्ना नातेदार, छरछिमेकलाई भोज ख्वाएर नाचगान गरेर हर्षोल्लासपूर्वक यो पर्व मनाउने गरिन्छ ।

### ३.१.१४. चौठी चान :

चौठी चान पावैन वर्षाऋतु भाद्र शुक्लपक्षको चतुर्थी तिथिमा मनाइन्छ । यो तिथिका दिन गणेश भगवानको जन्म दिन रहेको हुँदा कसैले यस दिन गणेशको पूजा गर्ने गरेको पनि देखिन्छ । तर खासगरी यस दिन बाँकेका थारुजातिले चन्द्रमाको पूजा गर्दछन् । खाली हात चन्द्रदर्शन गर्न नहुने मान्यता अनुरुप यस दिन खीर, पुरी आदिको व्यवस्था गरिएको हुन्छ । यस दिन घरको अभिभावक र पूजारी ब्रत बस्दछन् । नुहाएर साँझ चन्द्रमा उदाएपछि आँगनमा चौका पारेर फलफूलका साथमा चन्द्रमाको दर्शन गरिन्छ । बालबच्चाहरुले पनि चन्द्रमालाई नमस्कार गर्दछन् । बालबच्चा, जीवजन्तु सधै सुरक्षित रहनु, पापबाट मुक्ति पाइयोस्, रोगब्याधी नलागोस् भनेर यो पूजा गर्ने गरिन्छ । चौठी चानको दिनभन्दा अगाडि धान रोपी सक्नुपर्ने मान्यता रहेको छ किनकि यस तिथिभन्दा पछि रोपेको बाली सप्रदैन भन्ने गरिन्छ ।

## ३.२ बाँकेका थारुजातिको संस्कारहरु

### परिचय

संस्कारको शाब्दिक अर्थ परिशोधन वा परिमार्जन हो । मानिसको मानसिक एवं शारीरिक शुद्धताको निम्ति गरिने धार्मिक अनुष्ठान नै संस्कार हुन् । समाजमा बस्दा मानिसले कयौं संस्कारहरुको पालना गर्नुपर्दछ । यदि कसैले परम्परागत संस्कारको विरोध गर्दछ भने समाजले नै उसलाई बहिष्कार गर्न पनि सक्दछ । त्यसैले सामाजिक जनजीवनमा अनुशासन कायम गर्न, समाजप्रति प्रतिवद्ध हुन र आस्थाको जगेर्ना गर्न संस्कारले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

अलग–अलग समाजका अलग–अलग संस्कारहरु हुन्छन् । जन्मनु, मर्नु जस्ता प्राकृतिक नियम सबैमा एकै भएतापनि त्यस अवस्थामा गरिने कार्यको विविधताले गर्दा नै एक जाति र अर्को जातिको संस्कारमा फरक पर्न गएको छ । तसर्थ, नेपालका थारु जातिको पनि आफ्नै संस्कारहरु रहेका हुन्छन् । यिनीहरुका संस्कार कतिपय त मगर र नेवार जातिसँग मेल खाएको पनि देखिन्छ । पूर्वदेखि पश्चिमसम्मका थारु जातिमा पनि स्थान विशेषका भेदले गर्दा संस्कारमा पनि फरक पर्न गएको छ । तर नाम राख्ने विधि सबै क्षेत्रमा एकनाश रहेको छ । नाम राख्दा बाहुन कहाँ गएर घडी, पला, ग्रह, नक्षत्र मिलाई राख्नुपर्दैन । तर हिन्दू संस्कारबाट प्रभावित केही धनाड्य थारुहरु भने ग्रह, नक्षत्र मिलाई ब्राह्मणबाट नाम राख्ने, जन्मकुण्डली बनाउने गर्दछन् । त्यस्तै सत्सत् गर्दा गाउँका मानिसले सहयोग गर्ने परम्परा, बडघरियाको भूमिका, दश वर्ष मुनिका

बच्चाहरुको सत्गत् सामान्य प्रक्रियाबाट गर्ने प्रचलन अधिराज्यभरका थारुहरुको समान रहेको छ । बाँकेमा अवस्थित थारु जातिका मूल संस्कारहरु निम्नानुसार रहेका छन् :-

### ३.२.१ जन्म :

थारु समाजमा बच्चा जन्मेर ढुरी (नाभी) नखस्दासम्म अस्पृश्य मानिन्छ । त्यसकारण सुत्केरी आमा र बच्चाको लागि छुट्टै कोठाको व्यवस्था मिलाइएको हुन्छ । नाभी खसेपछि सुत्केरीले आफू बसेको कोठा लिपेर नुहाउँछन् भनी सुनपानी र गहुँत शरीरमा छर्केर, खाएर शुद्ध हुने गर्दछन् । शिशुलाई पनि गहुँत छिटेर शुद्ध पार्ने काम हुन्छ । त्यस पश्चात् एउटा सुपामा चामल, पैसा राखी त्यसमाथि शिशुलाई सुताइ सूर्यलाई देखाउन बाहिर लगिन्छ र त्यो पैसा, चामल कन्यालाई दिइन्छ । सुत्केरी बस्ने कोठाको ढोका बाहिर मकल (बोरसी) राखिन्छ । त्यसमा चौबिसै घण्टा गुईठाको आगो बाल्ने गरिन्छ । बाबियोको बिटो, माछा मार्ने जाल, सुकेको रातो खुर्सानी समेत त्यहाँ झुण्ड्याइएको हुन्छ जसको अर्थ पनि छ । मकल राख्नुको तात्पर्य भित्रबाहिर गर्दा खुट्टामा लागेका किटाणु मकलमा गोडा राख्दा मर्दछन्, यमदुत आउँदा सो आगोले उसलाई पोल्दछ, बाबियोको डोरीले बाध्छ, जालले भित्र पस्न दिंदैन भने खुर्सानीको पीरोले उ भाग्न बाध्य हुन्छ र आमा तथा बच्चाको ज्यान जोगिन्छ भन्ने विश्वास रहेको छ । सुत्केरीको विस्तारा नजिकै पनि आगोको मकल राख्ने गरिन्छ । बच्चा आमा बस्ने कोठामा लोग्ने मानिसलाई पस्न दिइदैन र ती दुईलाई अरुले छुँदैनन् पनि । सुत्केरीको खानपानमा पनि ख्याल गरिन्छ, उसलाई तागतको लागि कुखुराको मासु प्राय : हरेक दिन जसो खुवाउने गरिन्छ ।

### ३.२.२. घट्वा जैना :

थारु समाजमा शिशु जन्मेको ५ वा ७ दिनमा ढुरी (नाभी) छुटेपछि गरिने कर्मलाई घट्वा जैना भनिन्छ । यो कर्म नगर्दासम्म बच्चा र आमालाई कसैले छुँदैनन् । घट्वा जैनाका दिन सोह्रिन्याले आफ्नै आगनमा बच्चालाई नुहाईदिने काम गर्दछन् । त्यसपछि सुनपानीले चोख्याई नयाँ लुगा लगाइदिन्छन् । यस पश्चात् मात्र बच्चा नातेदारहरुलाई दिइन्छ । सुत्केरीलाई नुहाउन सोह्रिन्या (सुढेनी) ले नजिकको नदी, तलाउ लिएर जान्छन् । सुत्केरीलाई नुहाउँदा तोरीको पिना पनि साथमा लगिन्छ । नुहाएर फर्केपछि घरका कुनै सदस्यले सुनपानीले छर्की सुत्केरीलाई चोख्याउँछन् । यसपछि सुत्केरी चोखो मानिन्छ । यस दिन सोह्रिन्या लगायत सबै परिवारले चिल्लो, मीठो खाना खाने गर्दछन् ।

### ३.२.३ ठस्यौरा पूजा :

बच्चा जन्मेको भोलिपल्ट बिहान नुहाएर चामल भुटेर त्यसलाई चकियाँमा पिसी त्यसमा अदुवा, चिनी, मरिच, खुर्सानी आदि मिसाई पिरो बनाइन्छ । यो पूजामा देवताको अगाडि दियो बाली उक्त ठस्यौरा प्रसादको रुपमा चढाइन्छ । देउतालाई चढाएपछि सुत्केरी स्याहार्ने सह्निन्यालाई खुवाएर सबै परिवार लगायत छिमेकीहरुलाई पनि दिने गरिन्छ ।

### ३.२.४ नाम राख्नो :

समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा मानिसलाई परिचित गराउने माध्यम नै नाम हो । तसर्थ नामाङ्करण शिशुको महत्वपूर्ण संस्कार हो । थारु भाषामा नामाङ्करणलाई नाम राख्ने भनिन्छ । यिनीहरुमा नाम राख्ने क्रममा घडी, पला, ग्रह, नक्षत्र आदि मिलाई राख्ने गरेको प्रायः पाइदैन । विशेष गरी बच्चा जन्मदाको घटनाक्रम, दिन, महिना, स्थान आदिलाई आधार मानेर नाम राख्ने गरेको पाइन्छ । जस्तै :

**(क) बार वा दिनको आधारमा**

| | |
|---|---|
| आइतबार : | अतबारी, अत्री, आइतु |
| सोमबार : | सोमप्रसाद, सोम्बा, सोम्ली |
| मंगलबार : | मंगल्वा, मंगलराम, मंगली |
| बुधबार : | बुध्या, बुधरानी, बुधनी, बुधराम |
| बिहीबार : | वेफैया, वेफ्नी, विहारी |
| शुक्रबार : | शुकराम, शुकनी, शुक्वा |
| शनिबार : | शनिश्चरवा |

**(ख) बुबा अन्यत्र गएको आधारमा :**

बच्चा जन्मने बखतमा बुबा बाहिर गएको स्थान विशेषको आधारमा पनि बच्चाको नाम राख्ने गरिन्छ । जस्तै : बुबा जंगल दाउरा ल्याउन गएको बखतमा बच्चा जन्मिएको भए बच्चाको नाम जंगली, बन्बा, बनवारी, बजार गएको बखतमा जन्मेको भए बजारे, बजारिया, लोहारको काम गर्न गएको बखतमा जन्मेको भए लोहारी, परदेश वा बाहिरी मुलुक जाँदा जन्मिएमा परदेशी आदि नाम राख्ने गरिन्छ । तर हाल आएर यो प्रचलन निकै हटिसकेको छ ।

**(ग) विवाह, पर्वको बेला जन्मदाको आधारमा :**

कुनै खास पर्व वा उत्सवका बेला जन्मेको बच्चाको नाम पनि सोही अनुसार राख्ने गरिन्छ । जस्तै : विवाहको बेला जन्मेको बच्चाको नाम भोज्वा, भोजिन्या, दशैमा जन्मेको

बच्चाको नाम दश्या, फागुमा जन्मेको बच्चाको नाम फागुराम, फगुनी आदि जस्ता नाम राखिन्छ ।

**(घ) ग्रहदशा निवारणको आधारमा :**

बच्चा जन्मेपछि उसको ग्रहदशा हेर्दा अल्यायु देखिएमा घट्वा जैना कर्मपछि 'दोहोलो कटैना' वा ग्रह दशा हटाउने कर्म गरिन्छ । 'दोहोला कटैना' पछि सुपोमा मटराको दालमाथि बच्चालाई सुताउने, चूलोमा छुवाउने आदि गरिन्छ । मटरामा सुताएकोलाई मतराम, मैतरानी, मत्री, चूलोमा छुवाएकोलाई चुल्वा आदि नाम राखिन्छ । यसरी राखिने महिलाको नाम पछाडि मति वा वति थपेर चन्द्रावती, रुपवती, मनमति, फूलमती, फूलवती आदि नाम रहेको पाइन्छ ।

यसका अतिरिक्त थारु समुदायमा पाँच बहिनी मुनि जन्मेको छोराको नाम पञ्चराम, छोराको आशमा जन्मेकी छोरीको नाम आशारानी आदि विविध किसिमले जीवनको घटनाक्रमलाई पहिचान दिने नाम राख्ने चलन रहेको छ । वर्तमान समयमा आएर यसप्रकारका परम्परित नाम भन्दा पनि हिन्दू देवीदेवताका नाम, अन्य जाति सरह नाम राख्ने प्रवृत्ति बढ्दो छ ।

### ३.२.५ छुटियाँबार/मुण्डन/क्षौरकर्म :

बच्चाको गर्भेकेश काट्नुलाई छुटियाँबार वा मुण्डन भनिन्छ । 'जेठो छोरा जन्मेको भए चार वा पाँचमा फागुन महिनाको सोमबार वा बुधबार मानी आएका देवदेवीको पूजा गरी त्यसपछि मामाद्वारा केटाको क्षौर कर्म गरिन्छ । त्यतिबेला भोज पनि गरिन्छ । पुगिसरी आउनेले सबै छोरा जन्मदा यस्तो कृत्य गर्दछन् । यस दिन सबै नातेदार जम्मा हुन्छन् । मामाले बच्चाको कपाललाई छुराले खौरिने गर्छन् । सकेसम्म सबै कपाल आफै वा नसके अन्य मानिसबाट खौरिने गरिन्छ । त्यसपछि नुहाई धुवाई गरी मामाले आफ्नो गच्छे अनुरुप कम्तीमा १ थाल, १ लोहोरा, १ कचौरा, टोपी सहित एक जोड कपडा र पैसा दान गर्ने गर्दछन् । उपहारस्वरुप दिएको कपडा मामाले भाञ्जालाई आफै लगाइदिने गर्दछन् । यसपछि सबै नातेदारहरुले भोज खाने गर्दछन् । भोजमा आउनेहरुले पनि बच्चालाइ् केही उपहार वा पैसा दिने गर्दछन् ।

बच्चा जन्मेपछि यति वर्षको भएपछि मुण्डन गर्ने भनी भाकल वा योजना गरिएको हुन्छ । मुण्डनको नाममा एउटा सुँगुर पालिन्छ जुन अरु प्रयोजनमा खर्च गरिन्न । यसका लागि केही समय अगाडिदेखि जाँड, रक्सी, दुना, टपरीको व्यवस्था गरिएको हुन्छ ।

### ३.२.६ छठिंवरी :

बच्चा जन्मेको छैठौं दिनमा गरिने कर्मलाई छठिवरी भनिन्छ । यसदिन गाउँको कुनै गुरुवा बोलाइन्छ । उक्त गुरुवाले आमा र बच्चा बस्ने कोठा बान्ने अर्थात चामल फुकेर कोठा वरिपरि छर्कने गर्दछ । यो गर्नुको तात्पर्य बच्चाको रक्षा होस् भन्ने हो । यस दिन बच्चाको लागि नराम्रो दिन हो भनी रातभर नसुतेर बच्चाको ख्याल राख्ने गरिन्छ ।

### ३.२.७ सोह्निन्या बिंदाई :

बच्चा जन्मेको १२ दिनमा सोह्निन्या अर्थात आमा र बच्चाको सुसारेलाई बिदाई गरिन्छ । यसदिन मासु, रक्सी, दाल, भात, सोह्निन्यालाई खुवाइन्छ । बच्चाको ढुरी (नाभी) काटेर धागो बान्ने साथै आमा, बच्चाको स्याहार गर्ने काम सोह्निन्याले गर्ने हुँदा अन्तिम बिदाईका दिन सो काम बापत पैसा, एक सुपा चामल, एक सुपा धान, पाँच मुठा वनकस र एक जोड कपडा दिई सोह्निन्यालाई बिदाई गरिन्छ ।

### ३.२.८ पुत बह्राउ :

छोराको सुस्वास्थ्य, दिर्घायु, उन्नतीको लागि गरिने पूजालाई पुत बहाउ भनिन्छ । यो पूजा खास गरेर जेठो छोरा एकवर्ष भएपछि गर्ने गरिन्छ । कसैले त सबै छोरा जन्मदा पुतबह्राउ गर्दछन् ।

यस पूजा गर्दा छोराको लागि नयाँ कपडा, एउटा बोका, सुँगुरको पाठो, रक्सी, अक्षता र सिन्दूर धुपवाण आदि सामाग्रीको व्यवस्था गरिन्छ । यसमा आफ्ना नातेदार पनि बोलाइन्छ । यो पूजा दशैमा दिइने बलि दिंदासँगै गर्ने प्रचलन छ । यसमा बोकालाई डिहुरारको देवथानमा बलि दिइन्छ भने सुँगुरको पाठोलाई मझयारीनिर सौसा तथा धुरी खम्वालाई बलि दिई पूजा गरिन्छ । बलि दिने क्रममा सर्वप्रथम पुजारीले देवताको अगाडि बत्ती, धुप बाल्ने, सिन्दुर लगाइदिने, जल तथा अक्षता चढाई पूजा गर्दछन् । यस पूजामा जुन छोराको पुत बह्राउ गर्ने हो उसैले बोका तथा सुँगुरको पाठो बलि चढाउने ठाउँमा लाने गर्दछन् । बलि चढाएपछि टाउकोको रगत देवताहरुलाई चढाइन्छ । उक्त बलिको टाउको गोठालालाई दिइन्छ भने बाँकी शरीर सबैले भोजमा खाने गर्दछन् ।

### ३.२.९ विवाह (ब्वाज)

विवाह मानव जीवनका लागि एक महत्वपूर्ण सामाजिक संस्कार हो । सामाजिक जीवनको अविरल प्रवाह, स्नेह बन्धन र सुसङ्गित समाजको आधारशिला नै विवाह हो ।

विवाह पश्चात नै मानव जीवन पूर्णतातिर उन्मुख हुनुका साथै मानवलाई जिम्मेबारीपूर्ण बनाउँछ । विवाह बिना सन्तान, दरसन्तानको कल्पना गर्न समेत सकिंदैन तसर्थ श्रृष्टिक्रम चलाउनका लागि गरिने एक पवित्र सामाजिक बन्धन नै विवाह हो ।

थारु जातिको विवाह प्रथा आफ्नै प्रकारको छ । यो समाजमा सानै उमेरमा विवाह गरिदिने प्रचलन छ । केटीका अभिभावकले केटा खोज्ने प्रचलन छ । नौ दश वर्ष केटालाई पन्ध्र सोह्र वर्षकी केटी विवाह गरिदिने गर्दछन् । घरमा काम गर्ने मानिस चाँडै उपलब्ध गर्ने उद्देश्यले यसरी विवाह गर्ने गरेको बुझिन्छ । जसको कारण वैचारिक तथा शारीरिक बेमेल स्वरुप बहुविवाहले स्थान पाउने स्थिति थियो । बाबुआमाले खोजेको मानिससँग विवाह गर्नुपर्ने नियम भएकाले वैवाहिक सम्बन्ध टुट्ने प्रवल सम्भावना रहन्थ्यो । तर हाल आएर केटाकेटी दुबैले मनपरापर गरेर नै विवाह गर्ने प्रचलन बढ्दो छ ।

थारु समुदायमा विवाहको लागि जातभातको भेद गरिदैन । सबै थरका जातिहरु आपसमा बिना कुनै सामाजिक रोकतोक विवाह गर्दछन् । तर दहित थरका थारुहरुले दहित दहितमा यसैगरी वखरिया उल्टहवा बीचमा जतिसुकै पुरानो पुस्ता भएपनि विवाह चल्दैन । यो थरका थारुहरुले आफ्नो गोत्र भित्र पर्ने जतिसुकै पुरानो गोतियार भएपनि हाडनाता लाग्दछ भन्ने मान्यता अनुरुप चेलीबेटी लिनेदिने चलन छैन । तर आजभोली यी थरका बीचमा प्रेम विवाह गर्ने गरेको पाइन्छ ।

थारु जातिमा विवाह गर्दा ग्रह, नक्षत्र मिलाई जन्मकुण्डली हेर्ने परम्परा छैन । यिनीहरुको विवाह प्रायः फाल्गुन र वैशाख महिनामा हुने गर्दछ । फाल्गुनको शनिबार बाहेक प्रायः सबै दिन विवाहको लागि उपयुक्त मानिन्छ । फाल्गुण र वैशाख बाहेक अरु महिनामा विवाह गरेको नपाइएतापनि प्रेम विवाहका लागि यी महिना नै कुर्नुपर्दैन । परम्परागत विवाह जे जस्तो रहेपनि हाल आएर वैवाहिक विधि विधानमा केही परिवर्तन आएको देखिन्छ । यिनीहरु अन्य जातिको प्रभावमा परेर ब्राह्मणबाट सहयोग लिएर साइत हेरेर ब्राह्मणबाटै पूजापाठ गराई विवाह गर्ने गरेको पनि पाइन्छ ।

## विवाहका चरणहरु :

### (क) सोहरा दोहरा चलैना :

विवाह गर्न योग्य छोराछोरीको लागि घरको प्रमुखले आफ्नो नातेदार, सङ्गीसाथी मार्फत विवाहका कुरा चलाउने गर्दछन् जसलाई सोहरा दोहरा चलैना भनिन्छ । यसरी सोहरा दोहरा चलाउँदा आर्थिक अवस्था, खेतीपाती, जग्गाजमिन, भौगोलिक दुरी आदि कुराहरुमा ध्यान दिने गरिन्छ । तर हाल आएर उमेर, पढाइलेखाई, रोजगारी, आचरण, व्यवहार आदि कुराहरु माथि बढी ध्यान दिने गरेको देखिन्छ ।

**(ख) दुल्ही वा दुल्हा हेर्ना :**

सोहरा दोहरा चलैना भएपछि दुल्हा पक्षले दुलहीको र दुलही पक्षले दुल्हाको घरद्वार हेर्ने चलन छ। यसरी दुल्हा र दुलही हेर्ने कार्य पूरा हुन्छ। तर हाल दुलही र दुल्हा स्वयम् आपसमा हेराहेर गरी, कुराकानी गरी विवाह पक्कापक्की गर्ने परम्पराको विकास भएको छ।

**(ग) डोन्या उठैना :**

विवाह गर्ने क्रममा केटा र केटीको भेटघाट पश्चात कुरा मिलेमा डोन्या उठैना कर्म गरिन्छ। यसको लागि दुबै पक्ष केटा वा केटीको घरमा उपस्थित हुन्छन्। दुबै पक्ष आमनेसामने बसेर विशेषखाले दुईतिर पुच्छर भएको दुनो दुईदुईवटा साटासाट गर्दछन् जसलाई डोन्या उठैना भन्ने गरिन्छ। यसमा दुल्हाको बुबाले 'मे अप्नक छाइ फल्नीह छावा फल्नकम दिहकलाग आपन पतुइहया बनाइक लाग मञ्जुर बाटुँ' भन्ने वाक्य दुईपटक दोहोऱ्याउने गर्दछन्। यसैगरी दुलहीपक्ष खासगरी दुलहीका बुबाले 'मै अप्पने छाई फन्नीहँ अप्नक छावा फल्नकम दिहक लाग् मञ्जुर बाटुँ' भन्ने वाक्य दुईपटक दोहोऱ्याउने गर्दछन्। यसरी डोन्या उठैना कार्य पूरा हुन्छ। यसपछि दुलहापक्ष र दुलहीपक्ष नातेदार बन्नुका साथै खानपिन गर्ने कार्य गरिन्छ।

**(घ) घर देखाई/पक्का पोह्रो**

विवाहको लागि दुबै पक्षबाट मञ्जुरी भएपछि औपचारिक मान्यताका लागि गरिने भोजलाई पक्कापोह्रो भनिन्छ। यसलाई ठाउँ अनुरुप ठोक्नी, ठोकठाक, बरदेखाई आदि भन्ने गरेको पाइन्छ। पक्कापोह्रीका लागि ठाउँ, दिन, समय निर्धारण गर्ने काम दुबै पक्षको सहमतिबाट हुने गर्दछ। यसपछि मात्र यसको तयारी गर्ने कार्य शुरु हुन्छ। सामान्यतया यसको तयारी करिब एक महिना अगाडि देखि नै गरिन्छ। वनबाट पात ल्याउने, दाउरा ल्याउने, दुना टपरी गाँस्ने, जिता तयार गर्ने, जाँड रक्सी बनाउने कामहरु पहिलेदेखि नै गरिन्छ।

दुल्हाको घर पक्का पोह्री गर्ने भए दुलहीको घरबाट र दुलहीको घरमा पक्का पोह्री गर्ने भए दुल्हाको घरबाट दुल्हा, निजको बुबा, लमी, दाजुभाइ, गाउँका केही मानिसहरु सहित सबै आउने गर्दछन्। दुल्हाका गाउँबाट आउने सबैलाई सर्वप्रथम तेक्याही खुवाउने गरिन्छ जसमा दुलहीका घरकाले एक गोल्रा रक्सी दुलहीको घरमा पुग्ने बित्तिकै पिउन दिन्छन्। तेक्याही खानेबेला गोल्राको रक्सी गिलास, दुनो आदि केही प्रयोग नगरेरै सोझै खाने गरिन्छ। यसपछि आएका अतिथिलाई बस्न दिइन्छ। सबै तयारी भएपछि दुलाहा पक्ष

र दुलही पक्ष एक ठाउँमा बसेर सबै सामु औपचारिकता पूरा गर्ने गर्दछन् । यसमा दुलहीका बुबाले दुल्हालाई टिका, माला लगाई दिने, गच्छे अनुसार एकजोर कपडा दिने गर्दछन् । त्यसपछि दुल्हा र दुलही दुबैले टीका तथा माला एक आपसमा लगाइदिने गर्दछन् । त्यहाँ उपस्थित सबैलाई दुलाहाका बुबा वा निजको जेठो दाजुले टीका लगाई दिने पनि गर्दछन् । त्यसपछि दुलही पक्षका अतिथिहरुले पनि दुलाहालाई टीका लगाई पैसा दिने गरिन्छ । यति सबै कार्य गरेपछि भोज खाने कार्य हुन्छ । खाइसकेपछि जानेबेलामा पुनः सबैलाई बिदाई भोज खुवाइन्छ जसलाई चल्टावान भनिन्छ ।

पक्कापोही भोजमा सँगुरको मासु र जाँडरक्सी अनिवार्य रुपमा हुने गर्दछ । यसका साथै अन्य विविध परिकारहरु पनि आफ्नो गच्छे अनुसार बनाइएको हुन्छ । यस भोजमा दुबै पक्षका इष्टमित्रहरु बीच चिनजान गराउने तथा नयाँ नाता फेर्ने कार्य हुनुका साथै विवाहको दिन तथा लगन जुराउने कार्य पनि यसैबेला हुने गर्दछ ।

(ङ) **भ्वाज कैना :**

भ्वाज कैनाका लागि निम्न तयारी हुने गर्दछन् :

(अ) **विवाहको तयारी :**

विवाहको तयारीका लागि सर्वप्रथम घर लिपपोत गर्ने, आगन सफा गर्ने काम गरिन्छ । जाँड, रक्सी आफ्नो घरमा बनाउनुको साथै आफ्ना नातेदारलाई पनि बनाउन दिइन्छ । गाउँका सहयोगीहरुले जंगलबाट सखुवा, भालुको पात टिपेर दुना, टपरी गाँस्ने गर्दछन् । गाउँका सहयोगीहरुलाई विभिन्न कार्य अनुसारको बाँडफाँड गरिन्छ । जस्तै : निमन्त्रणा बाँड्ने समूह, जन्ती जाने समूह, डोली वा चँडोल बोक्ने समूह, पानीको व्यवस्था गर्ने समूह, जन्ती स्वागत गर्ने समूह, भन्सरीया समूह, बत्तीको व्यवस्था गर्ने समूह, घरबारी सफा गर्ने समूह आदि । विवाहको एक दुई दिन अगाडि स्वागतद्वार बनाउने, रङ्गीविरङ्गी ध्वजाहरुले घर आँगन सजाउने, दुलही पक्षको भए जन्ती बस्ने ठाउँ बनाउने कार्य गरिन्छ । खानपिनमा सुँगुरको मासु र आलुमा चुक मिसाएर तयार पारिएको चुक्यानी अनिवार्य रुपमा बनाउने व्यवस्था गरिन्छ ।

(आ) **निउटा बँटना**

थारु चलन अनुसार भ्वाज वा विवाहको निमन्त्रणा हन्दीको दुई टुक्रा गाठो दिई गर्ने चलन छ । निम्ता बाँड्ने काम गाउँका सहयोगले गर्ने गर्दछन् । नजिक वा छिमेकीहरुलाई भने केही अगावै विशेष आमन्त्रण गर्ने गरिन्छ ।

**(इ) चाउर पर्छ जैना :**

बरियात जानुभन्दा एकदिन अगाडि सगुनको रुपमा चामल, दाल, नून, तेल, बेसार र अन्य तरकारी दुलहीको घरमा पठाइन्छ। जसलाई चाउर पर्छ जैना भन्ने गरिन्छ। यसरी पठाउँदा चामल ५ मन, दाल ४ पसेरी, तेल एक भुर्की, नुन, बेसार आदि अन्दाजी नाप अनुसार पठाउनुपर्ने चलन छ। सगुन लिएर जानेहरु जम्मा ५ जनासम्म हुने गर्दछन्। यसमा एकजना अगुवा र अन्य चार जना सामान बोक्नेहरु हुन्छन्। यो काम गर्ने सुरौहवा हुन्छन्। यी पाँचै जनाको दुबै गालामा भोजिन्याले चामलको पीठो घोलेर हातमा पाँच औलाको छाप लगाई दिने गर्दछन्। साथै सगुन बोक्नेहरुको भारीको दुबै छेऊमा झुण्ड्याइएको भाँडामा समेत सोही हातको पाँच औलाको छाप लगाउने काम गर्दछिन्। सगुन लिएर चाउर पर्छ जानु अघि भोजिन्याले घरको देवथानमा दियो बाली पूजा गर्ने गर्दछिन्।

**(ई) डिउली डर्ना :**

जन्ती जानु र फर्किएको अघिल्लो साँझ घरको वरहीमा डिउली डर्ना गर्ने गरिन्छ। यो कार्य दुबै पक्षका घरमा गरिन्छ। यो कार्य दुबै पक्षका घरमा गरिन्छ। डिउली डर्ना कार्य भोजिन्या तथा नेधरिन्याहरुले गर्दछन्। राम्री र चलाख मध्येकी दुलाहाकी भाउजू वा काकीलाई भोजिन्या बनाइन्छ। विवाह अवधीभर भोजिन्याको ठूलो महत्व रहेको हुन्छ। डिउली डर्ना चकियामा उर्द(मास) हाली पिस्ने गरिन्छ। यो पिस्ने क्रममा सुरवाहरुले बीचबीचमा चकियाको बीड समाती पटकपटक रोक्ने गर्दछन्। यसपछि भोजिन्या तथा तिनका सहयोगीहरुसँग मिलेर मागल गाउने र डिउली डर्ना दिन अनुरोध गर्दछन्। जस्तै :

घुरघुर घुरघुर चकिया बोले, भौजिक नीद आवेरै।
भौजि ते लागे सपनाई, कि डिउली डरन आउ॥

यस समयमा केही नक्कली रुवाई पनि गर्दछन्। यसबेला जब देवथान डिहुरारबार भोजिन्या, नधेरिन्या, डेल्वा लिएर बहरीमा आउँछन्, गाईको गोबरले लिपेको स्थानमा तलतिरबाट सखुवाको पात, पाँचमुठ्ठी धान र पाँचवटा पैसा साथै त्यसमाथि चकियाको तल्लो खण्ड राख्दछन्। जसमा खयरको खुँटी ठोक्नुपर्दछ। थारु संस्कृति अनुसार गाउँका बडघरिया तथा मूलीहरुले मागल सुरु गरेपछि भोजिन्या र नेधरिन्याहरुले मासको दाल चकियामा राखी पिस्छन्। डिउली डरी सकेपछि मागल गाउनेहरुले रक्सीको छाँकी

पिउँछन् । जब डिउली डर्ना कार्य शुरु हुन्छ त्यसबेला ढोल, दमाहा सहितको बाजा पनि बजाउन शुरु गरी बन्दुक, पटका पट्काइन्छ ।

भोलिपल्ट बिहान भोजिन्या, नधेरिन्या र भन्सरीयाहरु मिलेर नजिकको धट्वामा गएर अघिल्लो साँझ पिसेको डिउली धुने गरिन्छ । डिउली धुन जाने बेलामा बाटामा छाँकी, डेल्वामा दुलाहा र दुलहीको लुगा लिएर जाने चलन पनि छ । डिउली धोइ सकेर घरमा आई डिउलीलाई मुछेर ससाना बरिया बनाई तेलमा पकाइन्छ । यसरी तयार पारेको बरियालाई घरको कूलदेवतालाई प्रसादको रुपमा चढाइन्छ । दुलाहाको नाममा विशेष परिकार कचरिक बरिया अलग्याएर डिहुरार देवथानलाई राखिएको हुन्छ । जसलाई घर गुरुवाले मन्त्रद्वारा राखेको हुन्छ । सोही कचरिक बरिया दुलाहालाई जन्ति जानेबेलामा खानदिनु अनिवार्य हुन्छ साथै जन्ति जाने र आमन्त्रित सबैलाई उक्त बरिया खान दिइन्छ ।

(उ) **बरात जैना :**

जन्ती जानुलाई थारु भाषामा 'बरात जैना' भनिन्छ । यसदिन बिहानैदेखि भन्सरिया महिलाहरु खानपिनको व्यवस्थामा ब्यस्त हुने गर्दछन् । दुलाहालाई  जिउमा तेल, बकुवा लगाई दिदी वहिनीहरुले दुलाहालाई नजिकको कुवा वा नदीमा लगी नुहाइदिने गर्दछन् । यसले दाजुभाइ, दिदीबहिनी बीचको अटुट माया दर्शाउने गर्छ । नुहाएपछि दुलाहा र भोजिन्या गाउँको देवथानमा गई पूजा गर्दछन् र केही खानेकुरा खुवाई कपडा लगाइदिनको लागि घरको देवथान डिहुरारमा लगिन्छ । दुलाहाले लगाउने पहिरनमा टाउकोमा सेतो पगियाँ, जिउँमा सेतो जामा, त्यसमाथि रातो रङको दुईटा सप्की, कम्मरमा सुरुवाल र गरगहना हुने गर्दछ । दुलाहाले लगाउने कपडामा पनि स्थान अनुसार केही फरक हुने गर्दछ तर हातमा लिने वर्छी भने एकै किसिमको हुन्छ । दुलाहालाई कपडा लगाइदिने कार्य भतिजा र मामाहरुले गर्छन् भने गरगहना, गाजल लगाई सिगार्ने कार्य दिदीबहिनीले गर्दछन् । लुगा लगाइदिने क्रममा दुलाहाको आमा, काकी, भाउजूहरुले दुलाहा सपरैना मागर गाउने गर्दछन् :-

हमारे दुलाहा भैया बुक्वा लगावै
बुक्वा त बाटै बहिनी हातै
हमारे दुलाहा भैया जामा जो पहिराई
सुग्घा मन्दिल चरी देखै
हमारे दुलाहा भैया धोती जो पहिराई
धोतीया तो बाटै पुट बनिया दुकनिया
जाउ पुट धनियाँ विहाय ....।

दुलाहा र सैवलवा दुबैजना पुरा तयार भएपछि जन्ती जाने बेला भएको बुझ्नु पर्दछ । बरात निस्कने बेलामा दुलाहाले घरको देवथान डिहुरारमा रक्सीको छाँकी हाली डिहुरारमा राखेको वर्छी आफै बोकी घर बाहिरसम्म आउनु पर्दछ । यसबेला दुलाहालाई सहयोग गर्ने जेठो भिनाजु वा बहिनी ज्वाई वा फुपाजुलाई गन्ज्वा बनाउने गरिन्छ । यसरी बाहिर ल्याइएको वर्छिलाई दुलाहाको घरबाट दुलहीको घरको डिहुरारमा वर्छि नगरुन्जेल बीचमा कतैपनि भुईमा राख्ने वा छुवाउने गरिदैन । उक्त वर्छिमा सात वा नौवटा कत्लेवार माछा एउटा बलियो धागोमा उनेर झुण्डाइएको हुन्छ । त्यसैगरी घरमा बनाइएको रक्सी राखिएको भाँडो पनि आकर्षक झल्लरीमा राखेर सोही वर्छिमा नै झुण्डाइन्छ ।

दुलाहा आफ्नो घर बाहिर निस्केपछि आफ्नो घरलाई तीन वा सात फन्को लगाई गाउँको सबभन्दा पुरानो कुवालाई पनि पाँच वा सात फन्को लगाउनुपर्दछ । त्यसपछि जन्ती जाने टोली गाउँको देवथानमा गई पुनः पाँच वा सात फन्को लगाउने गर्दछन् । त्यसबेला दुलाहाका आमा र बाजागाजाको टोली पनि साथमा रहन्छन् । गाउँको थन्वा परिक्रमा गरिसकेपछि आमा चँडोलबाट ओर्लिन्छन् र जन्तीहरु आफ्नो गन्तव्यतिर लाग्छन् । यदि दुलहीको घर टाढा छ भने छाँकीको व्यवस्था गरिन्छ किनकि बीचबीचमा विभिन्न गाउँका देवथानका छाँकी चढाउनुपर्ने हुन्छ । जन्ती जाँदा रमाइलो होस् भनी भरुवा बन्दुक, पटाका, मस्तक आदि लगेर बीचबीचमा पट्काउने गर्दछन् ।

दुलहीको गाउँ जन्ती पुग्ने बेलामा दुलहीका नातेदारहरुले दुलाहा र निजको टोलीलाई पर्छकी खुवाई स्वागत गर्ने गर्दछन् । यस क्रममा बीचबाटोमा गुन्द्री विछ्याएर त्यसमा खासगरी दुलाहा, सैबलवा, गन्ज्वा र एकदुई जना विशिष्ट व्यक्तिहरु बसालेर कुखुराको, सुँगुरको मासु, रोटी लगायत विभिन्न परिकार तथा रक्सी खान दिइन्छ । यस्तो क्रम बाटोमा धेरै पटक पनि हुनसक्छ । दुलहीको गाउँ पुगेपछि दुलहीतिरका सुरौहाहरुले बाटो छेक्न खोज्छन् तर दुलाहाका जन्तीले भरुवा बन्दुक, पटाका आदि पटकाएर बाटो खुलाउँदै अघि बढ्छन् । यसरी दुलहीको घरमा पुगेपछि दुलही तर्फकाले जन्तीको स्वागत गर्दछन् ।

**(ऊ) बरात आगमन स्वागत :**

दुलहीको घरमा पुगेका जन्तीको स्वागत भव्यरुपमा गरिन्छ । दुलहीतर्फको भोजिन्या टाउकोमा डेल्वा र हातमा खाने तेलको बत्ती बालेर, नेधरिन्याहरु टाउकोमा कलश लिएर जन्तीको स्वागत गर्न आइपुग्छन् । भोजिन्या अगाडि अगाडि त्यसपछि दुलाहा, सैवलवा, गन्ज्वाको टोली दुलहीको घरतर्फ प्रस्थान गर्दछन् । घरभित्र पस्ने बेलामा

भन्सरियाहरुले दुलाहालाई छाता ओढाइ दिने पंखा हम्किदिने, गाजल लगाइदिने, हुक्का पियाउन आदि गर्दछन् । यसपछि दुलाहाको समूह दुलहीको घरभित्र देवथान डिहुरारमा गई सर्वप्रथम दुलाहाले नै देवथानको देवतालाई छाँकी चढाउने गर्दछन् । यसबेला भन्सरियाहरुले पटाहा डेहरीको तलतिरबाट भ्यागुता छिराउने, अण्डा गुडाइदिने, खुर्सानी जलाएर धुँवा बनाइदिने, डिहुरारमा बिछ्याएको गुन्द्री तल फाटेको लेहङ्गा विछ्याउने आदि जस्ता हाँसी मजाक गर्ने गर्दछन् ।

छाँकी चढाइ सकेपछि दुलाहा सहित भित्र गएको टोलीले डिहुरारमै बसेर रोटी, तरकारी खाने र छाँकी पिउने गर्दछन् । जन्तीहरु बाहिरको खानपिनमा व्यस्त हुन्छन् जसमा दुलाहाको टोली पनि गएर सामेल हुने गर्दछ । खानपिन सकिएपछि दुलाहा बस्नको लागि भनेर तयार गरिएको विशेष स्थान ‘जिउनास’ मा गई रात बिताउँछन् ।

भोलिपल्ट बिहान ‘सम्धा सम्धी बहन्ना’ गरिन्छ जसमा खास गरेर दुलाहाको बुबा वा काका र दुलहीको बुबा दुबैलाई एउटा गम्छाले बाँधिन्छ । उक्त गम्छाको एउटा खण्डमा चामल, बीसआना पैसा मिसाएर खेल खेलाइन्छ । दुबै सन्धीहरुलाई उक्त चामलमा मिसाएको पैसा खोज्न लगाइन्छ । जसले त्यसबाट धेरै पैसा भेट्टाउँछ उसले जितेको मानिन्छ । यस्तै गरेर कतैतिर चामल र पैसा मिसाई अन्दाजी दुई भाग लगाइन्छ र जसको भागमा धेरै पैसा पर्दछ उसले खेल जितेको मानिन्छ । यसै क्रममा मागर गीत पनि गाउने गरिन्छ । यसपछि दुबैलाई बाधेको गम्छा फुकाल्ने गरिन्छ । यसबेला दुलाहाको तर्फबाट भुजा खुवाउने गरिन्छ जसमा धानको लावा, भेली आदि बाडिन्छ । सम्धी सम्धी बाँधेर रमाइलो गरेको मौका छोपेर भन्सरियाहरुले दुलाहालाई काँडाको माला, घोडीको माला लगाइदिने गर्दछन् । तसर्थ गन्ज्वा सतर्क अवस्थामा रहने गर्दछ । भन्सरियाहरुले यस्ता मनोरञ्जनात्मक कार्य गरेबापत दुलाहा पक्षबाट रकम लिन्छन् । दुलही पक्षका नातेदारहरुले जिउनासमा खानेकुरा ल्याई खुवाउने गर्दछन् जसलाई ‘पर्छकी खवैना’ भनिन्छ ।

दुलही पक्षकाले दुलाहा पक्षलाई विदाई गर्ने तयारी बिहानैदेखि थाल्दछन् । जितामार्ने, विभिन्न तरकारी लगायतका परिकारहरु बनाउने, दुलही पठाउने डोली तयार गर्ने गर्दछन् जसका लागि दुलाहा पक्षकाले खिल्वार, बहवार ल्याएका हुन्छन् जुन २२ हात खिल्वार र २२ हातको बहबार हुन्छ । सबै कुराको व्यवस्थापछि वरात विदाई खाना खुवाउँदा जन्तीहरु लहरै बस्दछन् । दुलाहा, सैवलवा, गन्ज्वा र केही गन्यमान्य व्यक्तिहरु घरको ढोका नजिकै विछ्याएको गुन्द्रीमा बस्छन् । सबैजनालाई खानेकुरा दिइसकेपछि दुलही तर्फकाले राजीखुशीले दान दक्षिणाहरु अगाडि राखी खाना खान आग्रह गर्दछन् ।

यसपछि छोरी दुलाहालाई जिम्मा लगाएको र उसलाई राम्ररी रेखदेख गर्नु भनी अनुरोध पनि गर्दछन् ।

विदाई खाना खाइसकेपछि दुलाहाको टोली दुलहीको देवथानमा राखेको वर्छि लिन जान्छन् जुन वर्छिलाई दुलहीको बहिनी, भतिजीहरुले बलियो गरी समातिराखेका हुन्छन् । दुलाहाले उक्त वर्छि समात्नेहरुलाई सम्झाई बुझाई केही पैसा दिएर वर्छि उखेली बाहिर ल्याउछन् । यतिबेला सालीहरुले दुलाहाको जुत्ता लुकाइदिने गर्दछन् र दुलाहाले केही पैसा दिई जुत्ता फिर्ता ल्याउँछन् । वर्छि लिएर बाहिर निस्केपछि नाता अनुसारको ढोकगरी विदावारी हुँदै दुलाहा चंडोलमा बस्छन् ।

(ए) **छाई पठैना :**

दुलाहा चंडोलमा गए बसेपछि दुलहीलाई सिगार्ने कार्य गरिन्छ । यसबेला भन्सरिया, दुलहीका भाउजू , साथीहरु मिलेर दुलहीलाई कपडा र गहनाहरु लगाइदिन्छन् । यसपछि आमा लगायत सबै जोडले चिच्याई चिच्याई रुने गर्दछन् जसलाई 'भेटना' भनिन्छ । दुलहीलाई दाजु वा भाइले बोकेर बाहिर ल्याउँछन् र भन्सहरियाहरुले डोलीमा चढाउँछन् । डोलीमा दुलहीलाई सहयोग गर्ने एकजना साथी राखिन्छ जसलाई 'नकोदी' भनिन्छ । दुलहीको घरबाट उनको फूपू, भाउजू,साथीसंगी र केही मान्छेहरु पनि दुलहीका साथमा जान्छन् जसलाई 'चौठ्यार' भनिन्छ । नकोदी र चौठ्यारको साथै दुलहीको भुर्को वा लोट्या बोकेर आउने दुलहीको भाईको दुलाहाका घरमा निकै सम्मान गरिन्छ । दुलही भाईलाई केही पैसा पनि दिने गरिन्छ । दुलहीको भाइले ल्याएको लोटामा पानी हुन्छ । यदि दुलहीलाई पानी पिउने इच्छा भएमा उक्त लोटाकै पानी पिउन दिइन्छ ।

(ऐ) **दुल्हा दुल्ही पर्छना :**

दुलही लिएर आएका जन्ती जब आफ्नो गाउँको सीमामा आइपुग्छन् तब त्यहाँ दुलाहाको बाबु सहित धेरै व्यक्तिहरु जन्ती लिन आउँछन् । त्यहीबाट जन्तीका समूह बाजागाजा नाचगान सहित घरमा आइपुग्छन् । घरमा जन्तीको स्वागतका लागि भोजिन्या तथा नेधरिन्याहरु टाउकोमा डेल्वा र हातमा दियो लिएर आउँछन् । यसप्रकारको स्वागतपछि दुलाहा चण्डोलबाट ओर्लन्छन् भने दुलहीलाई भन्सरियाहरुले डोलीबाट ओराल्ने गर्दछन् । यी दुबैलाई घरको पूर्व मूल ढोका अगाडि गुन्द्री विछ्याई दियो बाली गुन्द्रीमा उभ्याई पर्छिने गरिन्छ । यसबेला घरको ढोका निर कराहीमा आगो पनि बालिएको हुन्छ । भोजिन्याले दुलही र दुलाहा दुबैको टाउकाको घेरा बनाई चामलले पाँच वा सात पटक पर्छिसकेपछि दुलाहादुलही दुबैको टाउको एउटैमा लडाइदिने गर्नुपर्दछ । यसपछि दुलाहाले

आगो राखिएको माटोको भाँडोलाई घोप्ट्याएर वर्छिले हानी एक पटकमा फुटाई दुलही साथमा लिई अगाडि जानुपर्दछ । उक्त कराही एकपटकमा फुटेमा छोरा जन्मने र नफुटेमा छोरी जन्मन्छ भन्ने कथन रहेको पाइन्छ । घरमा पस्न लाग्दा दुलाहा र दुलहीको लुगा बलियो गरी गाँठो पारिन्छ । यो गाँठो जति बलियो हुन्छ त्यत्ति नै ती दम्पत्तीको सम्बन्ध बलियो हुन्छ भन्ने मान्यता छ । दुलही लिएर दुलाहा डिहुरारमा जाने समयमा दुलाहाका दिदी, बहिनी, फूपु, भान्जीहरुले बाटो छेकी नगद तथा जिन्सी उपहार लिने गर्दछन् । डिहुरारमा पुगेका दम्पत्तीलाई गुन्द्रीमा बसालेर भोजिन्याले पूजा गर्न लगाउँछिन् । यो समयमा घरमूलीले दुलहीलाई आफ्नो घरको देवता चिनाउने गर्दछन् । यसपछि दुलाहाले दुलहीलाई चुरा, पोते, डोरी लगाइदिन्छन् भने दुलहीले दुलाहाको खुट्टामा तेल लगाइदिने गर्दछन् । यसबेला भोजिन्याले दुलाहाको जुठो रक्सी दुलहीलाई खुवाउने आदि जस्ता कार्य गर्दछन् । यसपछिका दुलहीका साथमा आएका अतिथिहरुलाई भन्सहरियाहरुले सेवा सत्कार गरी विशेष कोठामा लगेर राख्ने गरिन्छ । यी पाहुनाहरु प्राय : भोलिपल्ट घर फर्कने गर्दछन् ।

(ओ) **पाई लगैना :**

दुलही भित्रिएको भोलिपल्ट भोज खान आएका पाहुनाहरुसँग चिनजान गराउने र ढोक सलाम गराउन दुलहीलाई भोजिन्या र सासु साथमा जाने गर्दछन् जसलाई पाइलगैना भनिन्छ । ढोक गरेपछि अतिथिहरुले दुलहीलाई केही नगद वा जिन्सी उपहार दिने गर्दछन् ।

(औं) **गोर धुवाई**

भोज खान आएका पाहुनाहरुको गोडा धुने र ढोकभेट गर्ने काम भन्सरियाहरुले गर्दछन् । यसरी सत्कार गर्ने भन्सरियाहरुलाई अतिथिहरुले केही नगद दिने गर्दछन् जुन रकम यिनीहरु आपसमा बाड्ने गर्दछन् ।

(अं) **पानी भरैना**

नयाँ दुलही भित्रिएको भोलिपल्ट बिहान दुलहीलाई कुँवामा पानी भराउन लगिन्छ । यसबेला कुँवामा महिला तथा युवतीहरु दुलही हेर्न जम्मा हुने गर्दछन् ।

(अ:) **ठेकन खोराई**

दुलहीलाई सानो छँदा आफ्नो कम्मर अर्थात ठेकनमा राखी खेलाए बापत दुलाहाको घरबाट उपहार स्वरुप जाँडरक्सी दिने गरिन्छ जसलाई 'ठेकन खोराई' भनिन्छ । यो उपहार चाउर पर्छ जैना क्रममा दिने गरिन्छ ।

**(अ) (क) दूधकभार :**

दुलहीको आमाले दुलहीलाई बालककालमा दुध पियाएबापत दिइने नगदी वा जिन्सी उपहारलाई 'दूधकभार' भनिन्छ । यसमा दुलाहा पक्षकाले दुलहीको आमालाई एक बोत्तल रक्सी र बीसआना पैसा दिने गरिन्छ ।

**(आ) (ख) भोम्दक दाम :**

विवाहमा दुलाहा दुलही बोक्न बनाइएको चंडोल र डोली बोक्नको लागि जति थान बासको लठ्ठा प्रयोग गरिन्छ त्यही दरमा भुक्तान गर्नुपर्ने शुल्कलाई भोम्दकदाम भनिन्छ । यसमा चंडोल र डोली बोक्नेहरुले सम्बन्धित घरबाट सुँगुर वा खसी वा भेडाको एक फिला र प्रति बाँस रु. १५ लिने गर्दछन् । यो दुलाहा दुलही बोके बापत दिइने उपहार हो ।

**(इ) (ग) छ्यौटा बिंडा**

विवाहमा भन्सरियाहरुले निकै मेहनतका साथ काम गर्दछन् । तसर्थ ती कामहरु गरेबापत एउटा छुट्टै सानो भोज खुवाइन्छ जसलाई 'छ्यौटा बिंडा' भनिन्छ । यो भोज विवाह सकिएपछि हुने गर्दछ । यसमा खासगरेर भन्सरियाहरुलाई भोज ख्वाई केही नगद रकम समेत दिइने गरिन्छ ।

**(ई) (घ) अगहनिया :**

दुलहीतर्फका नाता कुटुम्बहरुले नवविवाहित दुलाहालाई पाहुनाको रुपमा बोलाउनुलाई अगहनिया भनिन्छ । यसमा जतिजना नातेदाहरुले पाहुनाको रुपमा बोलाउन स्वीकार गरेका हुन्छन् त्यत्ति नै गुन्द्री, सुपा, पंखा, मचियाँ लिएर ससुराली जानुपर्दछ । त्यसपछि अन्य नातेदारहरु कहाँ पालैपालो एकएक सेट उपहार लिएर जानुपर्दछ र अन्तमा पुन : ससुराली फर्केर आउनुपर्ने हुन्छ । अर्को दिन दुलही साथ लिएर फिर्ता आउने गरिन्छ । यसप्रकार थारु जातिको विवाह समाप्त हुने गर्दछ ।

**(च) विवाहका प्रकार**

विवाह एउटा सामाजिक संस्कार हो । यो समय, परिस्थिति, इच्छा हेरेर विविध प्रकारले गर्ने गरिन्छ । थारु समाजमा पनि विवाह सम्पन्न गर्ने अनेक तरिकाहरु रहेका छन् जुन निम्न छन् :

**(१) एक रंगी विवाह**

एकतर्फी बुहारी भित्र्याउने वा श्रीमती ल्याउने विवाह यस अन्तर्गत पर्दछ । यस्तो विवाहमा दुबै पक्षको कुनै स्वार्थ रहँदैन । थारु समाजमा यो विवाह सबैभन्दा बढी प्रचलनमा रहन्छ ।

**(२) सट्टापट्टा विवाह :**

छोरी दिएर बुहारी ल्याउने अर्थात दिदीबहिनी दिएर श्रीमती ल्याउने विवाह नै सट्टापट्टा विवाह हो । यसलाई पूर्वमा 'गोलट प्रथा' भनिन्छ । यो विवाह खासगरी गरीब परिवारमा प्रचलित हुने गर्दछ तर हाल आएर यसप्रकारको विवाह गर्ने चलन हराउँदै गएको छ ।

**(३) वर्का भ्वाज :**

विवाहको सम्पूर्ण प्रक्रिया पूरा गरी बाजागाजा तथा जन्ती सहित गरिने विवाहलाई वर्का भ्वाज भनिन्छ । यो विवाह गर्न धेरै समय लाग्नुका साथै खर्चालु समेत हुने गर्दछ ।

**(४) उर्हरी भ्वाज**

केटाकेटीको आपसमा मनपराई भागेर गर्ने विवाहलाई उर्हरी भ्वाज भनिन्छ । यो विवाह पनि दुई थरीको हुन्छ एकथरी कन्या केटीलाई भगाएर लाने र अर्को चाही अर्काकी श्रीमतीलाई भगाएर लाने । यसैगरी दुईथरीका केटीलाई कसैले सौतामा र कसैले त्यसै ल्याएका हुन्छन् । यसमा केटाले केटी भगाएर राती आफ्नो नजिकको नातेदारकहाँ लैजान्छ । अर्कोदिन ती दुबैको खोजी गरिन्छ । भेटाएपछि घरमा भित्र्याउने कार्यको व्यवस्था गरिन्छ ।

केटाले घरमा भित्र्याउनु भन्दा पहिले अर्काको श्रीमती ल्याएको भए केराको खाँवालाई खुकुरीले तीनपटक काटेर भित्र्याउनु पर्छ । खाँवालाई टोपी लगाएर घरको एक छेउमा जारको प्रतीकका रुपमा गाडिएको हुन्छ । यसरी काट्ने क्रममा केटीले के काट्न लागेको भनी सोध्दा केटाले जारलाई काटेको हो भन्ने जवाफ दिंदै सामान्य प्रक्रिया पूरा गरी घरभित्र पस्दछन् । सौता नभएको अवस्थामा अन्य विवाह जस्तै दुलहीलाई घरमा भित्र्याएर डिहुरारको देवथानमा पूजा गरी विवाह सम्पन्न गरिन्छ ।

**(५) विधवा विवाह :**

श्रीमान्‌को मृत्यु भइसकेपछि महिलाहरुको पुनः विवाह गरिएको खण्डमा त्यसलाई विधवा विवाह भनिन्छ । यस विवाहमा विधवा महिलालाई केटाको घरमा भित्र्याउँछन् । यस्तो विवाहमा बाजागाजा सहित धुमधामसँग गर्ने चलन छैन । दुलहीलाई अन्य कन्या दुलहीसरह कपडा भने लगाइदिने चलन छ । विवाहमा पर्छने कार्य विधवा महिलाले नै गर्दछन् ।

**(६) भ्वाँऱ्या विवाह :**

श्रीमान् मरेका महिलाहरुको विवाह दुलहीकै घरमा दुलाहा भित्र्याई गरिने विवाहलाई भ्वाँऱ्या विवाह भनिन्छ । विधवाका ससाना छोराछोरीलाई बाबुको र विधवालाई जीवनको साहाराको लागि यसप्रकारको विवाह गर्ने गरिन्छ । यस विवाहमा अन्य विवाहमा दुलाहाले लगाउने कपडा दुलहीले र दुलहीको कपडा दुलाहाले लगाउने गर्दछन् ।

**(७) घरबेठी भ्वाज**

विधवा वा सम्बन्धविच्छेद गरेको केटीको विवाह गर्दा खासगरी घरबेठी भ्वाज गर्ने गरिन्छ । यस विवाहमा दुबै पक्षको सहमति अनुसार तोकिएको दिन केटी पक्षकाले दुलहीलाई दुलाहाको घरमा लिएर आएपछि दुलाहा र उसको परिवारले स्वागत गरी सामान्य प्रक्रिया अपनाइ विवाह गर्दछन् । यसमा दुलाहादुलहीलाई पर्छिने गरिन्छ । भोलीपल्ट नजिकको नातेदारहरुलाई बोलाएर भोज खुवाइन्छ ।

## ३.२.१० सत्गत् (अन्तेष्टी)

मृत्यु मानव जीवनको सर्वाधिक दुःखको क्षण हो । मृत्युले मानव परिवारमा दुःख, चिन्ता र त्रासको वातावरण सृजना गरिदिन्छ । त्यसैले आफ्ना परिवारबाट सदाका लागि अलग भएको सदस्यलाई विशेष विधिपूर्वक विदाइ गर्ने क्रममा अन्तेष्टि संस्कारको प्रचलन भएको बुझिन्छ । मानव जीवनको यो अन्तिम संस्कार पनि हो ।

थारु समाजमा पनि अन्तेष्टि संस्कार गर्ने गरिन्छ । जुन सत्गत्का नामले चिनिन्छ । यिनीहरु मरेको मानिसको शरीरलाई नदीको किनारमा लगेर जलाउने वा गाड्ने दुबै गर्ने चलन छ । आर्थिक रुपमा सम्पन्न परिवारको विवाहित महिला वा पुरुष दुबैलाई जलाएर सत्गत् गर्ने गरिन्छ भने आर्थिक रुपमा विपन्न साथै कन्या केटी वा केटाको चिहान खनी गाडेर सत्गत् गर्दछन् । आफ्नो समुदायमा कुनैको मृत्यु हुन गएमा त्यसका परिवारलाई सघाउन आवश्यक जनशक्ति र सरसामान जुटाउनको लागि गाउँको

बडघरियाले महत्वपूर्ण कार्य गर्दछन् । कसैको मृत्यु भएमा छरछिमेक, नातेदारहरुलाई खबर गरेर बोलाइन्छ । मृत शरीरलाई उसैको नयाँ राम्रो मध्येको कपडा लगाइदिई सेतो कपडाको कफन ओढाइदिइन्छ । मृत शरीरको छातीमा दियो बाली शरीरमा चामल, तेल हालिन्छ, जसलाई 'हिरण हाल्ने' भनिन्छ । यो कार्य आफ्नो घरको डिहुरारमा गएर गरिन्छ । घरमा रहेको खाद्यपदार्थलाई स–साना भाँडामा अलगअलग राख्ने व्यवस्था गरी दुई ठूला ढक्कीमा मिलाएर राखिन्छ । यसलाई भट्टामा दुबैतिर झुण्ड्याएर बोक्नको लागि तयार गरिन्छ । यसमा माटाका दुईवटा साना भाडा र एउटा करुवा समेत राखिन्छ । यी सबैको समग्र रुपलाई 'साँठ' भनिन्छ । मृतकले प्रयोग गरेको सरसामान अलग्गै पोको पारिन्छ । सम्पूर्ण तयारी पछि घरको लोग्ने मानिस र अन्य नातेदारहरुले मृत लासलाई हातेमालो गरी बोकी उत्तानो पारी राख्दछन् र लासलाई चारजनाले बोक्ने गर्दछन् । यसरी बोकेको लासलाई कतैपनि भुँइमा नराखी सत्‌गत् गर्ने ठाउँसम्म पुऱ्याइन्छ । यिनीहरुकै साथमा जानेहरुले मृतकको लुगाफाटा, कोदालो साथै जलाउने भए काठ, दाउरा, तेल, रबर आदि लिएर जाने गर्दछन् । थारु जातिमा सत्‌गत् दुई तरिकाबाट गरिन्छ जुन निम्नानुसार छ :

### (१) मृतलासलाई जलाएर सत्‌गत् गर्ने तरिका :

लासलाई जलाउनको लागि दाउरा जम्मा गरिन्छ । यसपछि क्रियापुत्रीले नजिकको नदीको पानी ल्याई मृतकको मुख, हातगोडा धुनुका साथै शरीरका सबै कपडा फुकालिदिन्छन् । मृतकले लगाएका सामग्री चिताको नजिकै छाड्ने गरिन्छ । त्यसपछि दाउराको खात बनाई त्यसमा मृतकलाई उत्तरतिर सिरानी गरी लोग्ने मान्छे भए घोप्टे र महिला भए उत्तानो पारिन्छ । क्रिया बस्ने आफ्नो छोरा  नभए अन्य क्रिया बस्नेले माटोको दुइटा चूलो बनाई त्यसमाथि लगेको माटोको भाँडा बसालिन्छ । खरको आगो बाली सबभन्दा अगाडि क्रिया बस्नेले चामल, तेल, दाल, तरकारी आदि त्यस भाडोमा हाल्छ र घरका सदस्य, नातेदारहरुले पनि सोही अनुसारको कर्म गर्नुपर्दछ । यसपछि तेल र चामल पहिलेकै क्रम अनुसार लास माथि हाल्ने गर्नुपर्दछ । तीनतीनवटा दाउराको टुक्रा एउटैमा बाँधेको मुठोलाई क्रिया बस्नेवाला, घरको सदस्यहरु र नातेदारहरुले चितामा पालैपालो राख्ने गर्दछन्। यसपछि क्रिया पुत्रीले हातमा आगोको मसाल (ज्वाँजा) लिई घरको सदस्य र अन्य सवैले लासको वरिपरि आपसमा छोई आगो लगाउदै तीन वा पाँच फन्का लगाउने गर्दछन् । यसरी लास जलाउने कार्य पछि खरानी र कोइला नजिको नदीमा वहाइन्छ । यति कर्म गरेपछि सवैजना नदीमा नुहाइ, सुनपानी छर्केर शुद्ध हुने गर्दछन् । एक जनाले वाटोको तीन ठाउँमा थाप मार्ने गर्दछन् । उक्त ठाउँमाथि टेकेर

सबैजना हिड्ने गर्दछन् । यसको तात्पर्य उक्त मृत शरीरको आत्मा गाउँ घरमा आएर तर्साउने नगरोस् भन्ने रहेको छ । सबै आ-आफ्नो घरमा पुगेपछि पुनः घरको कुनै सदस्यले सुनपानी छर्केर चोख्याउने गरिन्छ । यसप्रकार मृत शरीरलाई जलाएर सत्गत् गर्ने कार्य पूरा हुन्छ ।

## (२) मृत लासलाई चिहानमा गाडेर सत्गत् गर्ने तरिका

मृत शरीरको नाप अनुसार उत्तरतिर सिरानी पर्ने गरी करीब तीन फिट गहिरो चिहान वा गरिया खन्ने गरिन्छ । यसको तलतिर मृतकले लगाउने कपडाहरु विछ्याइन्छ । क्रिया बस्नेले माटोको दुईटा चुलो बनाई त्यसमाथि माटोको भाडो बसालिन्छ । लगिएको खरको आगो बाली सर्वप्रथम क्रियापुत्रीले चामल, तेल, दाल, तरकारी आदि त्यस भाँडोमा हाल्नुपर्दछ । त्यसपछि घरका सदस्य र नातेदारहरुले पनि क्रमैसँग यो प्रक्रिया पूरा गर्दछन् । घरका सदस्य लगायत नातेदारहरुले विछ्याएको एकसरो दरी र विछ्यौनामा लास सहित गरियाको वरिपरि घरका सदस्य र नातेदारहरुले तीन वा पाँच पटक परिक्रमा गर्दछन् । यसपछि मात्र लासलाई गरियाभित्र राखिन्छ । लास राखेपछि सबैले उक्त लासमाथि माटो हाल्ने गर्दछन् । माटो हालेपछि पुनः अग्लो ढिस्को हुनेगरी माटाकै एकसरो च्यापा राख्नुपर्दछ । अन्तमा लासमाथि कपडा र अन्य सामान छोडी गरियामाथि दीयो बालेर राख्नुपर्दछ । गरिया खन्न प्रयोग भएको कोदाली र खन्तीको नापो बनाई त्यसलाई काटेर सोही लासको गरियामाथि राख्नुपर्दछ । यसरी लासलाई चिहानमा गाडेर सत्गत् गर्ने गरिन्छ ।

मृतलासलाई लिएर हिडेपछि घरका र गाउँका महिलाहरुले मृतकको घरका भाँडाकुडा सरसफाई गरी सबैजना नुहाउन तोरीको पिना लिई नदीमा जाने गर्दछन् । नुहाएपछि सुनपानी छर्केर चोखिन्छन् । यस पश्चात् घर फर्केर सुनपानी जतासुकै छर्केर चोख्याउने गरिन्छ । यसदिन गाउँका महिलाहरुले आआफ्नो घरबाट अलिकति चामल, नुन, खुर्सानी, बेसार आदि ल्याउने गर्दछन् । सोही पकाएको खानेकुरा मृतकको नाममा पर्सेर (थारु भाषामा कहर्ना) सबैले खाने गर्दछन् ।

बाँकेका थारु जातिलाई हेर्दा विवाहगरी सन्तान, दरसन्तान भएको मानिसको मात्र क्रिया बस्ने चलन छ । क्रिया बस्ने कर्म कम्तीमा १ देखि १३ दिनसम्म रहन्छ र उसले सेतो कपडा लगाउनु पर्दछ । यस अवधिमा क्रियापुत्री बाहेक अन्य सदस्यहरुले तेल र बेसार खाने गर्दैनन् । क्रियापुत्रीले प्रत्येक साँझ साथी लगेर मूलबाटोमा तीनवटा बत्ती बाल्ने गर्दछन् जसलाई दागबत्ती भनिन्छ ।

### ३.२.११ मर्नी- कर्नी

मानिस मरेपछि काजक्रिया सकेर गरिने अन्तिम कर्मलाई थारुभाषामा मर्नीकर्नी भनिन्छ । यो कर्म गर्दा गाउँलेहरुले जंगल गई पात टिपेर ल्याई त्यसको दुना, टपरी गाँस्न सहयोग गर्दछन् । यसको अघिल्लो दिन केही व्यक्तिहरु माछा मार्न जान्छन् भने महिलाहरुले घरका लुगाहरु धुने कार्यहरु गर्दछन् । मर्नीकर्नीको बिहानै गाउँका किसानहरु जितामार्ने कार्य गर्दछन् । घरका पुरुष सदस्य, नातेदारहरु नदी किनारमा 'खौरबार' गर्न जान्छन् । यस क्रममा मृतकको नजिककाले पुरै कपाल खौरिन्छन् भने अरुले दाह्री, जुँगा तथा कपाल काट्ने गर्दछन् । खौरबार गरेर सबैजना नदी नुहाइ सुनपानी छर्केर चोखिएर घर फर्कन्छन् । महिलाहरु घरका भाँडाकुँडा सफा गरी नदीमा नुहाउन जान्छन् । नुहाएर सुनपानी छर्केर घरमा आई घरका भाँडाकुँडामा समेत सुनपानी छर्कने गर्दछन् ।

यस पश्चात् गाउँका महिलाहरु आ–आफ्नो घरमा गई एकमाना जति चामल, अलिकति तेल, नुन, बेसार र खुर्सानी लिएर आउँछन् । जिता काट्ने क्रममा पित्तर दिने प्रयोजनको लागि मात्र सुँगुरको मासु अलग्याएर दिने गरिन्छ । पित्तरको नाममा पकाइने सबै परिकारका लागि आगो बाल्ने काम हुन्छ जसलाई थारु भाषामा 'ज्वाँजा खोस्ना' भनिन्छ ।

खौरबार गरी फर्केका सबैलाई तेल डेहुवा वा साँठ बोक्वाले करुतेल वा खाने तेलमा दुबोले चोपल्दै हातमा तेल दिने गर्दछन् । यो तेल सबैले आ–आफ्नो दुबै हातमा लगाई टाउको र खुट्टामा लगाउने गर्दछन् । यसपछि साँठ बोक्वाले घरमा पुरुष सदस्य र नातेदारहरुलाई सेतो टोपी लगाउन दिन्छन् अनि सबैले साइनो अनुसारको ढोक सलाम गर्दछन् । पित्तर दिनुभन्दा पहिला घर गुरुवा र केसौका दुबै जना मन्त्र उच्चारण गरेर सुस्याउने गर्दछन् । जसलाई 'टाई बैठना' भनिन्छ । यस्तो गर्दा मृतात्माले स्थान पाउने, घरका सदस्यलाई दुःख नदिने भन्ने सन्देश जाने जनविश्वास रहेको छ । पित्तर दिदा घरको जेठोबाठोले सबभन्दा पहिला र त्यसपछि घरका अन्य पुरुष, महिला र नातेदारहरुले दिने चलन छ । पित्तर दिने समयमा थोरै घिसार्ने चलन छ जसलाई 'पित्तर घिस्यैना' भनिन्छ । पित्तरको रुपमा सुँगुरको मासु हुने गर्दछ । यो प्रसाद घरका छोरी बाहेक सबैलाई दिइन्छ र खाएकै भाँडामा चुठ्ने गरिन्छ । पित्तरको लागि प्रयोग भएका भाँडाकुँडाहरु महिलाहरुले नदी वा खोलामा गएर तुरुन्तै सफा गरी नुहाइधुवाई गर्ने गर्दछन् ।

यस दिन आएका सबैजनालाई लहरै बसालेर एकएकवटा हरियो पात र एकएकवटा दुना दिइन्छ जसको पातमा मासु र दुनामा रक्सी हुने गर्दछ । सबैले मासु र रक्सी पाइसकेपछि शुरुमा क्रिया बस्ने र पछि अन्य सबैले पातमा राखिएको मासु मध्ये एक टुक्रा मासु, अर्को पातमा राखी त्यसमाथि जल र रक्सीको धार दिने र मृतात्माको नाममा

चढाउने गर्दछन् र सोही माथि हात धुने गर्दछन् । यसपछि बाँकी मासु खाई सबैले हात धुने गर्दछन् । खाने काम सकिएपछि तेलडेहुवाले दुनाटपरी उठाउने र कुचो लगाउने काम शुरु गर्दछन् । यसपछि पुनः सबैजना सोही ठाउँमा लहरै बस्दछन्, जसका अगाडि एकएकवटा पात र ठूलो टपरी वा केराको पात राखिन्छ । शुरुमा तेल डेहुवा र पछि भान्सेहरुले भात, सुँगुरको मासु र तरकारी दिन्छन् । त्यसमध्येको सबै परिकारहरु मुछी एउटा पातमा मृतात्माको नाममा अर्पण गर्ने (कहार्ना) गर्दछन् र त्यसमाथि हात धुनुपर्दछ । यो कर्म गरेपछि सवैले भात, मासु, तरकारी खान शुरु गर्दछन् । खाएर उक्त टपरी त्यही छोडिन्छ जसलाई तेल डेहुवाले उठाएर फालेपछि अन्यले पनि सहयोग गर्दछन् । साँझतिर विदा गर्नुपूर्व एकपटक पुनः आमन्त्रित सबैलाई रक्सी पियाउने र गच्छे अनुसार पैसा दिई ढोकसलाम गरी विदा हुने गर्दछन् । साँझ परेपछि गाउँका गाइवस्तु हेर्ने गयरवा वा भैसरवाहरुलाई बोलाई खुवाएर मनीकर्नी चोख्याउने गरिन्छ ।

यसरी मर्नीकनी कर्म नियमवद्ध रुपमा गर्ने गरिन्छ । यदि कुनै विधि छुटेमा वा अघिपछि भएमा मृतात्मा रिसाई दुःख दिने गर्दछन् भन्ने जनविश्वास रहेको छ ।

### ३.२.१२ सह्राद/पित्रह्वा

मृत्यु भइसकेका पुर्खाहरुको आत्माको शान्तिका लागि प्रत्येक वर्ष श्राद्ध गर्ने चलन थारु समाजमा पनि रहेको छ । दहित थरका थारुहरु दशैंको पञ्चमीका दिन र अन्य थरका थारुहरु महानवमीका दिन श्राद्ध गर्ने गर्दछन् । श्राद्ध पूजामा अर्पण गरिएका प्रसादहरु अविवाहित केटीहरुले खान हुँदैन भन्ने परम्परा रहेको छ । सह्राद गर्दा दहित थरका थारुहरु चौथीका दिन र अन्य थरका थारुहरु सप्तमीका दिन माछा मार्न जान्छन् । मारेर ल्याएका माछा मध्ये कत्ला भएको सग्ला माछाहरुको सिद्रा बनाउने गरिन्छ । भान्साको काम गर्ने महिलाहरुले बिहानै नुहाएर विभिन्न परिकारहरु पकाउने गर्दछन् । यसदिन आगो बाल्नका लागि गन्यारी काठको प्रयोग  गरिन्छ । आगो बाल्दा मुखले फुकेमा जुठो हुने मान्यता रहेको छ । पकाउँदा दहित थरका थारुहरुले भान्साकोठामा र अन्य थारुहरुले घरको डिहुरारमै पकाउने गर्दछन् । यसदिन सात थरिको तरकारी पकाउने गरिन्छ ।

पूजा गर्नुभन्दा पूर्व पूजा गर्ने पुरुषको श्रीमतीले चामलको पीठोको दुईदुईवटा गोलाकार घेराहरु प्रत्येक देवताको अगाडि र धुरखम्हाको अगाडि चाहि लहरै नौवटा र त्यसको अझ अगाडि एकवटा गरी जम्मा दशवटा गोलाकार घेरा बनाउने गर्दछन् । यसलाई दुर्रा भन्ने गरिन्छ । पूजा गर्ने पुरुष (घरको जेठो छोरा) ले नुहाई धुवाई गरी डिहुरारबाट पूजा शुरु गर्दछन् । दहित थरका थारुहरुले श्राद्ध पूजा मझेरी धूरखम्हानिर सौरा नामक देवता स्थापना गर्ने गर्दछन् भने अन्य सवै थरका थारुहरुले श्राद्धपूजा

डिहुरारमै गर्ने चलन छ । दहित थारुहरुले चलन अनुसार त्यसबेला भान्से महिलाले नौवटा टपरीमा भात, तरकारी र दही हालेर प्रसाद तयार गर्दछन् । पूजारी पुरुषले डिहुरारमा पूजा गरेपछि साथमा सौरा नामको देवतालाई साथमा लिई मझेरीको धुरखम्हानेर उक्त सौरा देवतालाई भुईमा गाडी स्थापित गर्दछन् र दीयो पनि अगाडि अलग्गै रहेको एउटा दुर्रामा राख्दछन् । यसरी तयार पारेको प्रसाद तीनजना (भान्से, बीचमा एकजना र पुजारी) मिलेर पहिले बनाइएको नौवटा ढुर्रामा राख्ने गर्दछन् । यसक्रममा तीनैजनाले पाइला चाल्नु हुँदैन । यथास्थानमा रहेर सबै प्रसादलाई पस्केको ठाउँ ढुर्रा माथि राख्नुपर्दछ ।

पूजारीले पूजाको क्रममा सबैभन्दा पहिला नौवटा टपरीको अगाडि दुई–दुईवटा दुना राख्ने गर्दछन् । यसको एउटामा घरकै रक्सी र अर्को जल प्रसादको रुपमा चढाउँछन् । यसरी चढाएको दुनोको जल र रक्सीलाई टपरीको अगाडि चुहाउनु पर्दछ र साथै सबै दुनोहरुमा पुनः रक्सी र जल थप्नुपर्दछ । यसपछि टपरीमाथि अक्षता, जमरा, बाबरी, जल आदि छर्केर पूजा गरिन्छ । त्यसैगरी चुलोको आगो ल्याई त्यसमा घरमा बनाइएको वा घर गुरुवाकहाँबाट ल्याएको धूप बाली देवताहरुतिर हम्कने गरिन्छ ।

यसरी सबै देवताहरुको पूजा गरेपछि घर फर्केर आइ धुरखम्हानिर नौवटा दुनोमा राखिएको रक्सी र जललाई धार दिंदै देवताहरुलाई चढाइन्छ र त्यसमा बचेको रक्सी प्रसादको रुपमा खाने गरिन्छ । यसपछि घरका सबै सदस्यहरु करीब ५ मिनेट घरबाहिर निस्कने चलन छ । यसो गर्नुको तात्पर्य पुर्खाहरुले त्यहाँ आएर प्रसाद ग्रहण गर्दछन् भन्ने रहेको छ । टपरीमा राखिएको प्रसादलाई घरमा पूजारी लगायत केटाहरुले खान्छन् र जुठो टपरी त्यसै ठाउँमा छोड्ने गर्दछन् जसलाई पूजारीका श्रीमतीले जम्मा गर्ने गर्दछन् । दिउँसो गाउँका सबै मिलेर टपरी र पूजा गरेका सरसामान नजिकैको नदीमा सेलाउन जान्छन् । यसबेला विभिन्न नाचगान र बाजा हुने गर्दछ । नदीको किनारमा पुगेपछि साथमा लगेको करैको रक्सी र बचेको प्रसादहरु नाँच्नेहरु र केटाकेटीहरुले बाँडेर बाँडेर खान्छन् । यसपछि ती जुठा टपरी र पूजा सामग्री सेलाउने कार्य हुन्छ जसलाई 'अश्रैना' भनिन्छ । नदीमा अश्राउने कार्य सकेर सबै घर फर्कन्छन् । यो श्राद्ध प्रक्रिया दहित थरका थारुमा प्रचलित छ । अन्य थारुहरुले श्राद्ध गर्ने बेलामा डिहुरामा दुईवटा टपरी मात्र खानेकुरा पस्की देवताहरुका अगाडि राखी पूजा गर्दछन् । खानेकुरा पस्कदा दाहिने हातले एउटा टपरीमा र देब्रे हातले अर्को टपरीमा पस्कनु पर्दछ । दाहिने हातले पस्केको प्रसाद देब्रे ढुर्रामा र देब्रे हातले पस्केको प्रसाद दाहिने ढुर्रामा राख्ने गरिन्छ । पूजा सकेपछि अन्तमा देब्रे हातले पस्केर दाहिने ढुर्रामा राखेको प्रसाद केटाहरुलाई मात्र खान दिने गरिन्छ । यसरी श्राद्ध कर्म पूर्ण गरिन्छ तर कुल, थर, घरगुरुवा, वरिन आदिको भिन्नताका कारण श्राद्ध विधिमा सामान्य अन्तर रहेको पाइन्छ ।

परिच्छेद चार

# बाँकेका थारु जातिको भाषा, लोकसाहित्य र प्राचीन तीन ग्रन्थ

## ४.१ थारु भाषा परिचय :

भाषा भन्नाले विचार विनिमयको साधन हो । मानिसको अनुभव, अनुभूति र विचारको आदानप्रदानका निम्ति प्रयोग गरिने सशक्त माध्यम नै भाषा हो । मानव सामाजिक प्राणी हो । मानव र समाजको घनिष्ट सम्बन्ध श्रृष्टिकालदेखि नै रही आएको छ । मानव उन्नतीको सोपानसँगै भाषाको पनि विकास भएको देखिन्छ । समाजमा बस्ने नाताले मानव सदैव आफ्ना भावना अरु समक्ष सम्प्रेषण गर्नुपर्ने भएकोले भाषा मानवको एक अपरिहार्य तत्व हो ।

आफ्ना भावना, इच्छालाई प्रकट गर्ने क्रममा भाषाको जन्म भएको हो । ती इच्छालाई हातले शान गरेर विभिन्न संकेतद्वारा पनि प्रस्तुत गर्न सकिन्छ त्यसैले भाषा अमूर्त भावविचारलाई ध्वनिद्वारा नै सम्प्रेषण गर्न सकिन्छ । अतयव भाषा भनेको त्यो माध्यम हो जसबाट हामी बोल्न र सुन्न सक्छौ अनि आफ्ना विचार व्यक्त गर्न सक्छौं । त्यसैले प्रसिद्ध ग्रीक दार्शनिक प्लेटोले आफ्नो 'सोफिष्टिक' भन्ने ग्रन्थमा 'विचार भनेको आत्माको मूक वा अध्वन्यात्मक कुराकानी हो । जब यो ध्वन्यात्मक भएर मुखद्वारा उच्चरित हुन्छ अनि भाषाको रुप लिन्छ' भनेका छन् । विचार विचार विनिमय ध्वनि, शब्द र वाक्यको संयोजनबाट हुने गर्दछ । ध्वनि, शब्द र वाक्यलाई वाक्प्रतीक भनिन्छ र यस्ता वाक्यप्रतिकहरुको व्यवस्था नै भाषा हो ।

अमेरिकाको Summer Institute of Languistics INC द्वारा गरिएको Ethinology को तेह्रौ संस्करण अनुसार नेपालमा बोलिने भाषाहरु जम्मा १२५ वटा रहेको देखिन्छ । तर डा. हर्ष गुरुङ्गको Ethinic Demography of Nepal- Nepali Foundation of Advanced Studies, Kathmandu का अनुसार जम्मा ५२ भाषा रहेको उल्लेख गरिएको छ । जसअनुसार भोटबर्मेली परिवार २६, भारोपेली परिवारका १४, आग्नेय र द्रविण परिवारका १/१ रहेका छन् । त्यसैगरी राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० का अनुसार नेपालमा बोलिने भाषा जम्मा ६८ रहेका छन् ।

नेपालमा बोलिने गरेका विविध भाषा मध्ये नेपाली भाषा राष्ट्रिय भाषाका रुपमा मान्यताप्राप्त छ । यो नै नेपाली प्रशासनिक कामकाजमा मान्यता प्राप्त एवं संवैधानिक ऐन नियमबाट संरक्षण र सम्वर्द्धन प्राप्त भाषा पनि हो । नेपालमा बोलिने अन्य भाषाहरु मातृभाषा अन्तर्गत पर्दछन् र थारु भाषा पनि ती मध्येको एक मातृभाषा हो । यस्ता मातृभाषाहरुको कतिपयको स्थिति दयनीय रहेको छ भने कतिपय त लोप हुने अवस्थामा समेत पुगेको पाइन्छ ।

थारु भाषाको सम्बन्धमा कसैले यिनीहरुको अलग भाषा छैन, जहाँ बसेका छन् त्यहीको भाषा बोल्छन् भनेका छन् तर यसमा पूर्णत : सत्यता भने छैन । थारुहरुले स्थानीय भाषा बोल्दैनन् तर उनीहरुको भाषामा भने स्थानीय भाषाको प्रभाव परेको देखिन्छ । थारु भाषाका सम्बन्धमा अनेक तर्क उठ्न सक्ने ठाउँहरु प्रशस्त रहेका छन् । नेपालको पूर्वमेची देखि पश्चिम महाकाली सम्मका तराई भू–भागमा छरिएर रहेका थारु जातिमा पनि भाषागत एकरुपता पाउन मुस्किल छ । बरहगाउँ आदिका थारु चितवनको भाषाकै शुद्ध थारु भाषा भन्दछन् । चितवनका थारुहरुको भाषा, स्वर, शब्द आदिमा गया जिल्लाको मगही (मागधी) भाषा जस्तै छ । हलई, गेलही, लन्लही आदि सबै शुद्ध मगहीका छन् । गेलसुनमा थकोस (गेलथुन) मात्र बदलेको छ । सम्बोधनमा रे, हे प्रयोग धेरै हुन्छ । मगहीको गे पनि कम प्रयोग हुँदैन । 'छोडे गे' 'चल गे' साधारण प्रयोग छन् । चितवनिया आफू चित्तौरगढबाट आएको बताउँछन् ।

भाषा हेर्दा थारुजातिलाई मगधतिर पुऱ्याउँछ भने अनुहार र आँखाले भने उत्तरतिर तानिरहेको छ । शुद्ध थारु भाषा आधुनिक मागधी भाषासित आफ्नो स्पष्ट सम्बन्ध देखाउँछ । तर मङ्गोलियन थारुहरुले कसरी मागधी अपनाए यो भने साह्रै रहस्यको कुरा रहेको छ ।

हिमालयका जातिहरुको भाषा र अरु कुरा अध्ययन गर्दा हिमालय र त्यसको तराईमा पन्जावदेखि काश्मीरसम्म बस्ने सबैभन्दा पुरानो जाति किराँत थियो । यो जाति पूर्वमा आसाम, बर्मा हुँदै कम्बुजसम्म गएको छ । यो जातिलाई आधुनिक विद्वान मोनरकोर नाम दिन्छन् । मङ्गोल जाति भएर पनि यो चिनियाँ आदि जातिसित टाढाको सम्बन्ध राख्दछ । पहाडका किराँतलाहुल, मिलाणा (कुल्लू), कनौर, मारछा (गढवाल), मगर, गुरुङ्ग, सुनवार, तामाङ, नेवार, राई, लिम्बू, याखा (नेपाल), लेप्चा (सिक्किम) आफ्नो भाषा बोल्दछन् तर तराईका त्यसलाई बिर्सेर दक्षिणी छिमेकीहरुको भाषा बोल्दछन् यही थारु हुन् ।

कोसी, सगरमाथा, जनकपुर अञ्चलको मुख्यरुपले मैथिली भाषा नै हो र यहाँको थारु समाजले पनि मैथिली भाषालाई व्यवहारमा ल्याएको देखिन्छ । तापनि थारुहरुको मुख्य भाषाचाहिं थारु भाषा नै हो । यिनीहरु आपसमा संवाद पनि थारु भाषामा गर्दछन् । तर मैथिली भाषाको बारेमा जातिगत अनुसन्धानकार्य पनि भइरहेको छ । जेसुकै भएतापनि आफ्नो राष्ट्रभाषा पनि यहाँका थारुहरुले जान्ने र बोल्ने गर्दछन् । [१२]

१२. चौधरी, भुलाई, 'थारु औरवोकर भाषा', थारु संस्कृति, नवम् पुष्प (पौष २०४१), पृ. ३० ।

"नेपालको तराईको पूर्वीभाग अर्थात रौतहट, महोत्तरी, धनुषा, सप्तरी, उदयपुर, सुनसरी, मोरङ तथा झापा जिल्ला सबमा थारु भाषा छ । मैथिली भाषाको अपभ्रंश भाषा नै थारु भाषा हो भन्ने पनि छन् । तर यसलाई अचेलका थारुजातिले मान्दैनन् ।"[१३] थारु भाषा गरीब भाषा नभई धनी नै भाषा हो । तर यस भाषामा साहित्यको विकास गर्ने क्रम भर्खरभर्खर देखापरेको छ । थारु जातिमा लोकगीत र लोकनृत्यहरुको आफ्नै विशेषता पाइन्छ ।

थारु जातिमा महिना अनुसारका विविध प्रकारका लोकगीत गाउने चलन छ । बैशाख-जेठमा विरह गीत, आषाढ, श्रावण, भाद्रमा वर्षाती गीत गाइन्छ । वर्षाती गीतमा हरी बरहमासा, पहु बरहमासा, साची बरहमासा, विदेशी बरहमासा, हरवाहा बरहमासा, बारह सखी बरहमासा, जगरनथिया बरहमाषा, दादुल बरहमासा, मैना बरहमासा, बुधे बरहमासा, बेली बरहमासा, निर्गुण बरहमासा इत्यादि प्रकारका गीत गाइन्छन् । आश्विन-कार्तिकमा चार्चरदेवी गीत, देवागीत, मंसीर, पुष र माघमा पराती गीत गाइन्छन् । फागुनमा फगुवा गीत चैतमा चैतावर गीत पनि गाइन्छन् । थारुसमाजमा पर्व परेको बेला सेह्रो, विवाहको बेला वियाहगीत (भौजा गीत), दशैमा देवगीत गाइन्छ ।

थारु जातिमा लोकनृत्यहरु पनि त्यत्तिकै महत्वपूर्ण पाइन्छन् । लोकनृत्यमा झुम्रा नाच, सखिया नाच, कठघोरिक नाच, बरका नाच, लट्ठहवा नाच, छोकरा नाच, बरमास्या नाच, होली फागु नाच आदि थारु जातिका महत्वपूर्ण नाचहरु हुन् ।

सम्पूर्ण नेपाल तराईमा आर्यभारतीय परिवारका भाषा, उपभाषा एवं बोली प्रचलित छन् । यहाँका विभिन्न जातिहरु छिमेकी भारतीय जातिकै भाषा मैथिली, भोजपुरी र अवधी बोल्दछन् ।[१४] थारु भाषालाई गहिरिएर अध्यापन विश्लेषण गर्दा सबै सबैमा संस्कृतकै तत्सम, तत्भव शब्द पाइन्छ । यसप्रकार थाहा हुन्छ कि थारुहरुको भाषा पनि आर्य परिवारकै एक भाषा थियो । थारुहरु जहाँ जहाँ बसेका छन् त्यहाँ त्यहाँ आर्य परिवारकै भाषा बोलिने हुनाले थारु भाषामा र स्थानीय भाषामा समानता देखिएको मात्र हो ।

थारुहरुले परापूर्वकालदेखि नै मातृभाषाको रुपमा बोल्दै आएको भाषा थारु भाषा हो । वि.सं. २०२५ सालको जनगणनाको प्रतिवेदनमा थारुहरुको भाषालाई 'थारु भाषा' को संज्ञाबाट संज्ञित गरिएको छ । प्राकृतिक विभाजनलाई ध्यानमा राखेर हेर्दा पश्चिमदेखि पूर्वनदीका खण्ड र उत्तरदेखि दक्षिण डाँडाले घेरेका भित्री मधेश र खुल्ला तराई भागमा थारु भाषीहरु रहेका छन् । नदीका हिसाबले महाकाली–भेरी खण्ड, भेरी–राप्ती खण्ड, राप्ती–नारायणी खण्ड, नारायणी–बागमती खण्ड, वाग्मती–कोशी खण्ड र कोशी–मेची

---

१३. सिंह, प्रफुल्लकुमार 'मौन', (१९६८ वि.सं.) थारु लोकगीत, (विराटनगर : पूर्वाञ्चल पुस्तक भण्डार) पृ. ३१ ।

खण्डहरुमा पहिरन र बोली अलिअलि हुँदै गएको भेटिन्छ । थारुमा पूर्वमा मैथिली, बीचमा भोजपुरी र पश्चिममा अवधि र केही खस भाषाको प्रभाव परेको पाइन्छ । नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म बोलिने थारु भाषामा केही अन्तर अवश्य पाइन्छ तर, तात्विक अन्तर भने छैन । भाषा विज्ञका अनुसार प्रत्येक दश–दश कोशको फरकमा एउटै भाषामा पनि केही फरक पर्दै जान्छ, जसअनुसार यसको असर थारु भाषामा पनि परेको स्पष्ट देखिन्छ । यस भाषामा प्रयोग गरिने नाम, सर्वनाम, विशेषण, क्रियाको मूलरुप आदि शब्दहरुमा एकरुपता पाइन्छ । तर क्रियाको रुप प्रयोगमा भने फरकपन पाइन्छ । नजिकबाट नियालेर हेर्दा रुपन्देही, कपिलवस्तु, नवलपरासी, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतमा बोलिने थारु भाषामा ज्यादा निकटता रहेको पाइन्छ । लाखौंको संख्यामा रहेका थारुहरुले बोल्ने गरेको थारु भाषाको आफ्नो छुट्टै पहिचान र अस्तित्व रहेको छ । यो भाषा अन्य कुनै भाषाको भाषिका नभएर एक पृथक पहिचान भएको नेपालको तराई भेगमा बोलिने सबैभन्दा पुरानो भाषा हो ।

## ४.२ थारु भाषिका

नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मको तराई भ–भागका विभिन्न ठाउँहरुमा छरिएर बसेका थारुहरुको मूलभाषा एकै हो तापनि यस भाषामा पूर्वमा मैथिली, मध्यभागमा भोजपुरी र पश्चिममा अवधि भाषाको प्रभाव परेको देखिन्छ । क्षेत्रगत हिसाबले मान्ने हो भने थारु भाषामा धेरै भाषिका रहेको देखिन्छ । त्यसमध्ये प्रमुख केही निम्न प्रकार छन् :

- दङ्गाहा भाषिका
- देसौरे भाषिका
- राना भाषिका
- सप्तरीया भाषिका
- देउखरीया भाषिका
- भैरहिया भाषिका
- नवलपुरिया भाषिका
- सुनसरिया भाषिका

माथि उल्लेख भाषिकाहरुबीच भाषागत तात्विक अन्तर छैन । स्थानविशेष क्रियाको उच्चारणमा मात्र फरक रहेको छ । त्यसैगरी कुनै–कुनै नाममा पनि अन्तर पाइन्छ जुन भौगोलिक विविधता, आपसी सम्पर्क विहिनता र अन्य भाषाको प्रभावस्वरुप जन्मेको अन्तर मान्न सकिन्छ । जसरी विश्वभाषा अंग्रेजी पनि भौगोलिक दूरीका कारण अमेरिकन अंग्रेजी, बेलायती अंग्रेजी आदिमा विभक्त भई उच्चारण र लेख्यरुपमा समेत फरकपन पाइन्छ । त्यसै अनुरुप नेपालका थारु भाषामा पनि फरकपन आएको हो भन्ने तथ्यलाई नकार्न सकिंदैन । थारु भाषा बोल्ने थारुहरु नेपालका तराई भूभाग, भित्री तराई र भारतको जलपाईगुडी, पश्चिम कुमाउ भावरसम्म फैलिएर रहेका छन् । यो बस्ती लाखौंलाख वर्ष पुरानो भएको, आपसी सम्पर्कको अभाव रहेको, अन्य भाषाभाषीको प्रभाव परेको र आगन्तुक शब्दको आगमनस्वरुप मूलथारुभाषामा फरक हुनु एक स्वभाविक क्रिया मान्नुपर्दछ । त्यस्तै थारु भाषाका ऐतिहासिक लेख्य ग्रन्थ, अभिलेखहरु नष्ट भएको कारणस्वरुप थारु भाषा मौखिक बन्न पुग्यो । मौखिक रुपमा रहेको भाषा अन्य भाषाको प्रभाव र पुस्ताहस्तान्तरण हुँदै जाने क्रममा समयान्तरमा केही बदलिन पुग्यो । हालसम्म पनि थारु भाषाको लिपि पत्ता नलाग्नुले एक भाषालाई अर्को भाषामा लिपिवद्ध गर्ने कार्य निकै कठिन बन्न पुगेको छ । शब्द सन्देश अनुसार हुबहु लेख्न त झनै मुश्किल परेको छ । त्यसकारण थारु भाषाको क्रियाको प्रयोग र यसको रुप चलाउने क्रममा प्रत्यय र उपसर्ग जोडाईमा भौगोलिक दूरी, समयको अन्तराल, मौखिक अभ्यास आदिका कारण विस्तारै फरक पर्दै वा अपभ्रंश हुँदै गयो । जसको कारण एउटै क्रियाको प्रयोग नजिकको थारु वस्तीमा समेत फरक परेको देखिन्छ ।

| मूलधातु | दङ्गाहा | देसौरी | देउखुरी | अन्य क्षेत्र |
|---|---|---|---|---|
| बा | बट | बाटै | बटाँ | बाट |
| खा | खैठा | खेठै | खैठँ | खैठ |

वि.सं. २०१५ सालमा नेपाल सरकारद्वारा प्रकाशित जनगणनाको प्रतिवेदन अनुसार ३ लाख ५९ हजार ५ सय ९५ थारु मातृभाषी थिए । राष्ट्रिय जनगणना अनुसार विविध वर्षका थारु भाषीको जनसंख्या निम्नानुसार छ :

| साल | २०२८ | २०३८ | २०४८ | २०५८ |
|---|---|---|---|---|
| जनसंख्या | ४,९५,८११ | ५,४५,६८५ | १२,०७,४६५ | १३,३१,५४६ |

वि.सं. २०५८ सालको जनगणनाको अनुसार थारुहरुको जनसंख्या १५,३३,८७९ रहेको छ तर थारु कल्याणकारी संघको तथ्याङ्क अनुसार लगभग ३७ लाखको हाराहारीमा थारु जातिको जनसंख्या भएको उल्लेख छ । त्यसमध्ये साढे १३ लाख थारुहरु थारु भाषा बोल्ने गर्छन् भन्ने तथ्याङ्कले देखाएको छ । यसमा पनि नवलपरासी, रुपन्देहीदेखि पश्चिममा बोलिने थारु भाषा बोल्ने थारुहरुको संख्या करीब १० लाख रहेको छ । थारु भाषाको आफ्नोपन बचेको क्षेत्रलाई केलाउँदा पश्चिमलाइ लिन सकिन्छ । दाङ्ग, बाँके, वर्दिया, कैलाली लगायतका जिल्लाहरुमा बोलिने थारुभाषाको स्वरुप जीव्नत अवस्थामा पाउन सकिन्छ । तसर्थ, यिनै जिल्लामा बोलिने थारु भाषालाई आधारमानी थारु भाषामा पाठ्यपुस्तक बनाउन पाठ्यक्रम विकास केन्द्रलाई सिफारिस गर्ने निर्णय थारु कल्याणकारिणी सभा केन्द्रीय समितिको बैठकले सर्वसम्मतिबाट गरेको छ । जसअनुसार पाठ्यक्रम विकास केन्द्रले हालसम्म कक्षा ५ सम्मको लागि थारु भाषाको पाठ्यपुस्तक पनि तयारी गरी पठनपाठन गराएको छ ।

थारु भाषालाई नियालेर हेर्दा अन्य आर्य परिवारका भाषाहरुमा जस्तै यसमा पनि संस्कृतका शब्दहरु पाइएका छन् । जस्तै :

| | | | | |
|---|---|---|---|---|
| संस्कृत | वहि | अंगण | भहानस | पाकशाला |
| थारु | वह्नी | अङ्ना | भन्सा | पक्शा |

| | | | | |
|---|---|---|---|---|
| संस्कृत | देवागाड | देवस्थान | क्षेत्र | कुल्या |
| थारु | द्योहार | धुथन्वा | खेत | कुल्वा |

माथि उल्लेखित शब्दहरुलाई हेर्दा थारु भाषाका सबै रुपमा संस्कृतमै तत्सम र तत्भव शब्दहरु पाइन्छन् । यस आधारमा के प्रष्ट हुनपुग्छ भने थारु भाषा पनि आर्य परिवारकै एक भाषा हो वा आर्य भाषीसँगको हजारौं वर्षको लामो सम्पर्कले गर्दा त्यसको प्रभाव थारु भाषामा पनि परेको हो भन्न सकिन्छ ।

## ४.३ थारु भाषाको उत्पत्ति :


थारु समुदायमा परापूर्वकालदेखि बोलिदै आएको भाषा नै थारु भाषा हो । थारु जाति यही भाषा मार्फत नै आफ्नो विचारको आदान–प्रदान गर्ने गर्दछन् । यसरी थारु समाजमा बोलिने यो थारु भाषाको उत्पत्ति कसरी र कहिले भयो ? भन्ने प्रश्नको उत्तर

खोज्दै जाँदा भारोपेली भाषा परिवारको उत्पत्तिकालतिर जानुपर्ने देखिन्छ । विश्वको सबैभन्दा ठूलो भाषा परिवार मानिने भारोपेली भाषा परिवारको उत्पत्ति कहिले भयो भन्ने बारेमा विद्वानहरुमा विवाद रहेतापनि इ.पू. २५०० वर्ष भन्दा पहिले नै यो भाषा बोल्न थालिएको कुरामा धेरै विद्वानहरु सहमत छन् । भाषाशास्त्रीहरुका मत अनुसार प्राचीनकालमा भारोपेली परिवारका भाषा बोल्ने मानिसहरु एउटै ठाउँमा बस्थे । सोभियत, रसिया, इरान र तुर्कीमा पर्ने ककेसिया भन्ने इलाकामा यिनीहरुको बसोबास थियो । यो भाषा बोल्ने आदि पुर्खा वीरोस् नाम गरेको जाति थियो । यस परिवारका भाषा बोल्ने जातिहरु कोही युरोपतिर लागे भने कोही इरान हुँदै भारतमा प्रवेश गरे । आर्यहरु भारतवर्षमा इ.पू. १५०० तिर प्रवेश गरेका थिए । यस भाषा परिवारका पनि थुप्रै शाखा–उपशाखाहरु छन् । यसको सतम् र केन्तुम् दुई वर्ग मध्ये सतम् वर्गमा पर्ने आर्यइरानेली शाखाको विश्वप्रसिद्ध भाषा संस्कृत हो । यसै भाषाबाट प्राकृत, अपभ्रंश हुँदै एघारौं शताब्दीमा आधुनिक आर्यभाषाहरु (हिन्दी, बङ्गाली, मैथिली, भोजपुरी) जन्म भएझै सिद्धान्तत : थारु भाषाको पनि यसै समयमा जन्म भएको हो ।

यसप्रकार भारोपेली भाषा परिवार अन्तर्गत पर्ने थारु भाषा उत्पत्तिकालदेखि हालसम्मको समयको लामो अन्तरालबीच अनेकरुप तथा नाम बदल्दै वर्तमान थारु भाषाको रुपमा स्थापित हुन पुगेको छ । यो भाषाको नाम पहिले देशीभाषा, जनभाषा आदि रहेको थियो भने पछि गएर प्राकृति (पाली), प्राकृतबाट मागधी, मागधी प्राकृतबाट मागधी अपभ्रंश, मागधी अपभ्रंश पछि अपभ्रंश र अपभ्रंश पछि अन्तमा अवहट्ट/ थारुहट्ट नाम रहन पुगेको हो । थारुहट्टको आधुनिक नाम नै थारु भाषा वा थरुवानी हो ।

यसरी ई.पू. १५०० देखि इ.पू. ५०० सम्मको संस्कृत भाषा इ.पू. ५०० देखि इश्वी प्रारम्भ हुँदासम्म प्राकृत र पाली भाषाको विकास तथा प्रयोग भएको पाइन्छ । बुद्ध सम्बन्धी साहित्य पालीमा भाषाको विकास तथा प्रयोग भएको पाइन्छ । बुद्ध सम्बन्धी साहित्य पालीमा र सम्राट अशोकका शिलालेखहरु प्राकृतमा लेखिएका छन् । ईश्वीको प्रारम्भदेखि ईश्वी ५०० सम्म प्राकृतको विकास शौरसेनी, पैशाची, महाराष्ट्री, अर्धमागधी, मागधी, खस आदि भेदहरुमा भएको पाइन्छ । यी विभिन्न प्राकृतहरुको प्रयोग साहित्य र बोलचाल दुबैमा भएको देखिन्छ । व्याकरणको नियमबाट केही कठोर बनेको यो भाषा सर्वसाधारण जनतका लागि जटिल बन्दै गयो । जसको फलस्वरुप इ. ५०० देखि इ. १००० सम्म जनसाधारणले ती भाषालाई आफ्नै तरिकाले बोल्नेक्रममा प्राकृत भाषाले अपभ्रंशको रुप लियो । यस समयमा प्राकृतका विभिन्न अपभ्रंश भेदहरु शौरसेनी अपभ्रंश, मागधी अपभ्रंश, अर्धमागधी अपभ्रंश, खस अपभ्रंश आदि बन्न पुगे ।

समयको परिवर्तनसँगै बिस्तारै भाषामा पनि परिवर्तन हुँदै गयो । सर्वसाधारण जनता सरलतातर्फ उन्मुख हुँदै गए । इसाको छैठौं शताब्दीको शुरुमा प्राकृत अपभ्रंश भाषामा पनि साहित्यको रचना हुनथाल्यो तर त्यो जटिल भाषा थियो । त्यसैले सर्वसाधारणले त्यसलाई लोकभाषामा मिसाएर प्रयोग गर्न थाले जसको कारण इसाको एकहजारतिर अर्को नयाँ भाषाको जन्म भयो । जसलाई अवहट्ट भाषा भनियो । अवहट्ट भाषाको विकसित रुप नै वर्तमान थारु भाषा हो । नेपाली भाषाका भाषविद् गोपीकृष्ण शर्मा तथा श्री रामप्रसाद दाहालले पनि थारु भाषा भारोपेली भाषा परिवार अन्तर्गत पर्ने भाषा मानेका छन् जसलाई निम्न सूची मार्फत तल प्रस्तुत गरिएको छ :




**स्रोत : जि.सी., एलिजा, थारु जातिको रहन-सहन र विविध संस्कृति विश्लेषण, शोधपत्र (२०६३) ,पृ.४८**

## ४.४ थारु भाषाको वर्गीकरण

थारु भाषालाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ ।

(क) कालगत

(ख) क्षेत्रगत

### (क) कालगत वर्गीकरण

### (१) पूर्वप्राथमिक काल :

इ.पू. २५०० देखि इ.पू. १५०० सम्मको समयावधिनै पूर्वप्राथमिक काल हो । यसरी भारोपेली भाषाको अभ्युदय देखि आर्यहरुको भारतवर्षमा आगमन भई तिनीहरुको भाषाको स्थानीय देशी भाषालाई प्रभावित गर्न लाग्दाको समय नै यस पूर्वप्राथमिककाल अन्तर्गत पर्दछ ।

### (२) प्राथमिककाल :

प्राथमिककाल भन्नाले इ.पू. १५०० देखि इ.पू. ५०० सम्मको समयलाई लिने गरिन्छ । यस अवधिमा बोल्ने भाषा संस्कृत हो । यो संस्कृत भाषा स्थानीय देशी भाषाको सम्पर्कमा आई विभिन्न समुदायमा भिन्दा–भिन्दै किसिमले बोलिन थालियो जसको फलस्वरुप आर्यभाषामा प्रत्यक्ष प्रभाव पर्न गयो । आर्य भाषाको यो स्थिति देखेर त्यसको संरक्षण गर्न पाणिनी जस्ता व्याकरणविद्को उदय भयो । पाणिनीले आर्यभाषालाई व्याकरणमा बाँधे । यसपछि यो भाषामा विभिन्न साहित्यहरुको रचना भयो । व्याकरणको नियमबाट केही कठोर बनेको यो भाषा सर्वसाधारण जनताका लागि जटिल पनि बन्दै गयो । जटिलताकै कारण सर्वसाधारणले स्थानीय देशीभाषामा व्याकरणबाट मुक्त आर्य भाषाको विकास गरी संयुक्तरुपमा अर्को नयाँ भाषालाई जन्म दिने पुगे । जसको नाम प्राकृत भाषा हो । तर यसको मूल आधार भने संस्कृत नै हो ।

### (३) मध्यकाल (प्राकृत र अपभ्रंश)

इ.पू. ५०० देखि इ. १००० सम्मको समय मध्यकाल हो । संस्कृत र अन्य देशी भाषाको मिश्रण भै छुट्टै भाषाको रुप लिनपुग्यो जसलाई प्राकृत (पाली) भाषा भनियो । प्राकृत भाषा पनि पहिलो संस्कृतको बढी असर परेको भाषा, दोस्रो संस्कृत र देशी भाषाको बराबर अनुपात रहेको भाषा र तेस्रोमा प्राकृत भाषामा देशीभाषाको बढी असर परेको भाषा गरी तीन किसिमका रहेका छन् । पछि त्यही तेस्रो प्राकृत भाषा मागधी, मागधी

अपभ्रंश, मागधी अपभ्रंशबाट अवहट्ट भाषाको उत्पत्ति भयो । मध्यकालको यो प्राकृत भाषालाई पनि तीनकालमा विभाजन गरी हेर्न सकिन्छ :

**(क) प्रथम प्राकृतकाल (प्राचीन प्राकृत, पाली)**

इ.पू. ५०० देखि इश्वी प्रारम्भ हुँदा सम्मको समयलाई प्राथमिककाल भनिन्छ । यस चरणमा संस्कृतबाट प्राचीन प्राकृत र पालीको विकास तथा प्रयोग भएको पाइन्छ ।

**(ख) द्वितीय प्राकृतकाल (प्राकृतका भेदहरु)**

इश्वीको आरम्भदेखि इ. ५०० सम्मको समय द्वितीय प्राकृतकाल हो । यस अवधिमा प्राकृतको विकास शौरसेनी, पैशाची, महाराष्ट्री, अर्धमागधी, मागधी र खस आदि भेदहरुमा भएको पाइन्छ । यी विभिन्न प्राकृतहरुको प्रयोग साहित्य र बोलचाल दुबैमा भएको देखिन्छ ।

**(ग) तृतीय प्राकृतकाल (अपभ्रंश)**

इश्वी ५०० देखि इश्वी १००० सम्मको समयलाई तृतीय प्राकृतकाल भनिन्छ । यस अवधिलाइ अपभ्रंशकाल पनि भनिन्छ । प्राकृत भाषाबाट विकसित यस काललाई मध्यकालीन आर्यभाषाको अन्तिम चरणका रुपमा लिइन्छ । यस समयमा विभिन्न प्राकृतका भेदहरु अपभ्रंशका रुपमा विकसित भई बोलचालमा आएको देखिन्छ । यस चरणमा आईपुग्दा मागधी अपभ्रंशबाट अवहट्ट भाषाको विकास हुनपुग्यो ।

**(घ) आधुनिककाल :**

इश्वी १००० देखि हालसम्मको समय आधुनिककाल हो । यस कालमा प्राकृत अपभ्रंशबाट थारु लगायतका विभिन्न आधुनिक आर्यभाषाहरुको उत्भव भएको हो । आधुनिक थारु भाषा अपभ्रंशबाट सिधै उत्पत्ति नभई अवहट्ट वा अवहट्टबाट परिष्कृत आधुनिक थारु भाषाको जन्म भएको हो । अवहट्ट भाषाबाट थरुहट्ट तथा थरुहट्टबाट थरुहैट अथवा थरुहेटे भाषाको आधुनिक नाम नै थारु रहन पुग्यो । यसरी संस्कृत, प्राकृत, अपभ्रंश हुँदै विकसित आधुनिक थारु भाषाको सूची तल प्रस्तुत छ :

| इ.पू. | **पूर्वप्राथमिककाल** | **देशी + अन्य स्थानीय भाषा सबै** | |
|---|---|---|---|
| | **प्राथमिककाल** | **आर्य भाषा र देशीभाषा + अन्य स्थानीय भाषा** | |
| १५०० | | प्रथम प्राकृत<br>(पाली) | संस्कृत<br>धेरै संस्कृत+ देशी प्राकृत<br>बराबर संस्कृत + देशी शब्दयुक्त प्राकृत<br>धेरै देशी + कम संस्कृत शब्दयुक्त प्राकृत<br>देशी |
| ई. ० | मध्यकाल<br>(प्राकृत काल) | द्वितीय प्राकृत<br>(क्षेत्रीय प्राकृत) | शौरसेनी प्राकृत<br>मागधी प्राकृत<br>अर्धमागधी प्राकृत<br>पैशाची प्राकृत<br>महाराष्ट्री प्राकृत<br>खस प्राकृत |
| ई १००० <br><br><br><br><br><br><br>ई. १९००<br>ई. १९५६ | आधुनिककाल | अवहट्ट | थरुहट्ट<br>हिन्दी<br>नेपाली<br>भोजपुरी<br>मैथिली<br>अवधी<br>बङ्गाली<br>थरुहैट<br>थारु |

एलिजा जि.सी., थारु जातिको रहनसहन र विविध संस्कृति विश्लेषण, शोधपत्र (२०६३), पृ. ५१ ।

## (ख) क्षेत्रगत वर्गीकरण

विश्वमा एउटा पनि यस्तो भाषा छैन जुन सबै स्थानहरुमा समानरुपले बोल्ने र र अभ्यास गर्ने गरियोस । नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका तराई भूभागमा बस्ने थारु जातिको मूलभाषा एकै हो तापनि तिनीहरुका भाषामा अन्तर पाइन्छ । यसको मूलकारण यस भाषाका वक्ताहरुको संख्या ठूलो हुनु, यस भाषाका वक्ताहरुबीच भौगोलिक व्यवधानहरु (नदी, पहाड, ठूलो जंगल) ले गर्दा सम्पर्क छुट्नु, यस भाषा प्रयोगको इतिहास लामो हुनु, भौगोलिक दूरीका कारण विवाह जस्ता सम्बन्ध बन्द हुनु, अन्य भाषिक सम्प्रदायसँगको सम्पर्क बढ्नु, भाषा मौखिक हुनु आदि रहेका छन् । यिनीहरुमा पनि आ–आफूमा कोही उच, कोही नीच, कोही विकसित, कोही पिछडिएको, कोही पूर्वको कोही पश्चिमको भनेर भेद छुट्याउने परम्परा पनि बस्यो । फलस्वरुप एउटै थारु भाषामा अनेक रुप देखियो र पूर्वी थारु भाषा झापादेखि सर्लाहीसम्म, मध्यभागको थारु भाषा रौतहटदेखि पर्सासम्म, चितौनिया थारुभाषा चितवन जिल्लामा र पश्चिममा थारु भाषा नवलपरासीसम्म कञ्चनपुरसम्म । भाषाविद् मध्ये कोहीले थारु भाषासँगको सम्पर्कमा आउने भाषालाई आधार मानेर पूर्वी थारु भाषालाई मैथिली थारु, बीचको थारु भाषालाई भोजपुरी थारु, चितौनिया थारु भाषालाई मगरे थारु र पश्चिमा थारु भाषालाई अवधी थारु भाषाका नामले समेत चिनाएका छन् । स्थानीय रुपमा रहेका मैथिली, भोजपुरी, मगर तथा अवधी भाषाको मिश्रणका कारण ती नाम रहन गएका हुन् । तर थारु भाषालाई अन्य भाषाले प्रभाव पारेको हो वा अन्य भाषीहरुले थारु भाषा बोलेका हुन् यो भने अझैसम्म स्पष्ट हुन सकेको छैन । भाषाविज्ञका अनुसार प्रत्येक दश–दश कोषको फरकमा एउटै भाषामा पनि फरक पर्दै जान्छ, जसअनुसार यसको असर थारु भाषामा पनि परेको स्पष्ट देखिन्छ । विश्वमा बोलिने अंग्रेजी भाषामा पनि भौगोलिक दूरीस्वरुप उच्चारण र लेख्य रुपमा नै अन्तर पाउन सकिन्छ । यसरी अंग्रेजी भाषामा आएको यो अन्तरको कारणले अमेरिकन अंग्रेजी, बेलायती अंग्रेजी र भारतीय अंग्रेजी गरी विविध भेदमा विभाजित छ । जस्तै : अमेरिकन अंग्रेजीमा Color शब्द बेलायती अंग्रेजीमा Colour, अमेरिकन Program बेलायती अंग्रेजीमा Programme लेखिन्छ भने अमेरिकामा wanted लाई वान्टिड, Farmer को फामर उच्चारण गरिन्छ भने त्यसलाई भारतमा क्रमश : वान्टेड र फार्मरले उच्चारण गरिन्छ । नेपालको राष्ट्रभाषा नेपाली पनि पूर्वेली, मझाली, ओरपश्चिमा, मझपश्चिमा,

परपश्चिममा भाषिका गरी क्षेत्रअनुसार विविध रुपहरु भेटाउन सकिन्छ । नेपाली भाषाको उद्गम स्थल सिंजा प्रदेशमा बोलिने खस भाषा र काठमाडौं अनि झापा, मोरङमा बोलिने खस भाषामा धेरै भिन्नता पाइन्छ । यसबाट के प्रष्ट हुन आउँछ भने एउटै भाषामा पनि भौगोलिक दूरीस्वरुप विविधरुपमा विभाजित हुने गर्दछ ।

नेपालमा विविध क्षेत्रमा बोलिन थारु भाषा क्षेत्रगत कारणले फरक देखिएता पनि यसको मूलरुप भने एउटै हो । यसमा एकरुपता ल्याउनका निम्ती थारु जातिका बीचमा आपसी भेटघाट गरी क्षेत्रीय भाषिक सम्पर्क बढाउने, साहित्यको सृजना गर्ने, वैवाहिक सम्बन्ध बढाउने, सबैको क्षेत्रीय थारु संस्कृति, अध्ययन र संग्रह निकाल्ने, पत्रिकाहरुमा नियमितरुपमा सबै क्षेत्रीय सामाग्री प्रकाशन गर्ने, सम्पर्क भाषाको असर पर्न नदिन सजग रहने र आफ्नो भाषालाई संरक्षण गर्न ध्यान दिएका खण्डमा सबै क्षेत्रमा थारु भाषामा एकरुपता ल्याउन सकिन्छ ।

## ४.५ बाँके जिल्लामा बोलिने थारु भाषाको अध्ययन :

बाँके जिल्लामा बोलिने थारु भाषा र संस्कृतिको समग्र अध्ययनमा केन्द्रित भएर शोधकार्य सम्पन्न गर्न केही अप्ठ्यारो भएकोले बाँके जिल्लामा अवस्थित वनकटवा गा.वि.स. वार्ड नं. ८ र ९ मा गरिएको स्थलगत अध्ययनबाट प्राप्त भएको भाषिक स्वरुप निम्न रहेको छ :

### (१) आफ्नो जातिको परिचय दिँदै गर्दाको थारु भाषाको नमूना :

थारु हम्र नेपाली हुइटी । थारु हम्र तराईक शान फे हुइटी । जंगली जिनबार ओ रोग व्याधसे लर्ती हम्र यिह ठाउँमा बैठ्ती आइल बाटी । हमार पूर्खाओं यहाँ पुस्तौ पस्तासे बैठ्ती आइलक हुइट । उहमार हम्र थारु नेपालक आदिबासी हुइटी । हमार आपन पहिचान, धरम, बोली, पहिरन ओ संस्कृति बा । हम्र आपन संस्कृतिम भारी धन बटी ।

हम्र भारी स्वाभ्फ ओ इमान्दार जात हुइटी । इमान जमानक पक्का रठी, सक्कुहनसें मिलजुलक रठी । हम्र आपन कमाहीसे जुनी चलैठी । हमार पुर्खा पुरन्या पेशा खेतीपाती हो । आजकाल पहल् लिखल् कुछ थारु जागिर फे खइठ ।

हम्र थारु पुरुष झापाठेसे पच्छिउ कञ्चनपुरसम्म फैलल् बाटी । जे जहा र लसेफे हम्र थारु कहिक चिन जैठी । गौतमबुद्ध ओ राजा दंगीशरण थारुकन सन्तान हुइट । ओइन्

हम्र अद्राभाउ कर परठ् । भ्रुगराभ्राती निर्कना, हासी खुशी सक्कुनसे मिल्क रहना हमार गुन बा । मेहनत कैक खेती कर्ठी । धान, गहुँ, मकै, फरैठी ओ आपन जहान परिवार पल्ठी ।

**नेपालीमा :**

थारु हामी नेपाली हौ । थारु हामी तराईका शान पनि हौ । जंगली जनावर र रोगव्याधीसंग लड्दै हामी यही ठाउँमा बस्दै आएका हौ । हाम्रो पुर्खा यहाँ पुस्तौ पुस्तादेखि बस्दै आएको हुँदा हामी थारु नेपालका आदिवासी हौ । हाम्रो आफ्नो पहिचान, धर्म, बोली, पहिरन र संस्कृति छ । हामी आफ्नो संस्कृतिमा निकै धनी छौ ।

हामी धैरै सोभ्रा र इमान्दार जाति हौ । हामी इमान जवानका पक्का र सबैसँग मिलीजुली रहन्छौ । हामी आफ्नो कमाईले जीवन चलाउँछौ । हाम्रो पुर्खाको पुरानो पेशा खेतीपाती हो । आजकाल पढेलेखेका केही थारुले जागिर पनि खान्छन् ।

हामी थारु पूर्व भ्रापादेखि पश्चिम कञ्चनपुरसम्म फैलिएर रहेका छौ । हामी थारु जहाँरहेपनि चिनिन्छौ । गौतमबुद्ध र राजा दंगीशरण थारुका सन्तान हुन् । उनीहरुलाई हामीले आदरभाव गर्नुपर्दछ । भ्रगडा नगर्ने, हासीखुशी सबैसँग मिलीजुली रहनु हाम्रो गुण हो । मेहनत गरेर खेती गर्छौ । धान, गहुँ, मकै फलाउँछौ र आफ्नो जहान परिवार पाल्छौ ।

**(२) जंगली थारु (व्यक्तिको नाम) ले आफ्नो जीवनको व्यथा पोख्दै गर्दाको थारुभाषाको नमूना :**

एकदिन के बाट हो मोर जीवनमा कैसीन दुःख आईल कि मोर बाबा केहेन टी.बी रोग लगगइल । उ समयमन मै बडे अनपढ रहु तब ना मइ पढे जानु ना लिखे जानु । मोर आगे ना कोई पाछे सहयोग कराई कोइ नाई रेहे । तब उ समयमन स्वास्थ्य चौकी न लागे अस्पटाल रहे । मै चिन्ता-चिन्तासे बहे दुःखी रहु । तब उहे साइत जंगबहादुर आइगइल । उ मोर जलमके संघरिया रेहे । मोर संघरिया मेहेका पैसा सापटी देहेल तब हम्रे बाबै लेके पाल्याके अस्पटाल लैगिली । वहाँके डक्टरुवा टोर बाबाक करेजा भ्राभ्रर बाबै अब नाही बचिही कहिके टीन महिनाक डबाई देहल । बाबै वहाँसे नैन्ली । बाबक डबाइ कराके एक महिना नाइहुइलरेहे  मरगिल ।

**नेपालीमा :**

एकदिनको कुरा हो मेरो जीवनमा यस्तो दुःख आयो कि मेरो बुबालाई टि.बी. रोग लाग्यो । त्यो समयमा म अनपढ थिए तब म न त पढ्न जान्थे न लेख्न जान्थे । मेरो अगाडि न कोही थियो न त पछाडि । त्यतिबेला त्यो समयमा न त स्वास्थ्य चौकी थियो न अस्पताल । म चिन्तै–चिन्ताले बडो दुःखी भए । त्यही समयमा जंगबहादुर आयो । उ मेरो जन्मैदेखिको साथी थियो । उसले मलाई पैसा सापटी दियो अनि बुबालाई लिएर पाल्पाको अस्पताल गए । त्यहाँको डाक्टरले तपाईको बुबाको फोक्सोमा घाउहरु भइसकेको छ अब बाँच्नु हुँदैन भनी तीन महिनाको औषधी दियो । बुबालाई त्यहाँबाट ल्याए । बुबाको औषधी गरेको एक महिना भएको थिएन बित्नुभयो ।

## (३) देउरानी र जेठानीका बीचमा भएको वार्तालापको एक नमुना :

दिदी : कोहलपुरवा गइलिहिस् टो आइगिले ? (कोहलपुर गएर आयौ ? )

देवरानी : हाँ आइगिनु ।

दिदी : बजारसे काकन नान्ले ?

(बजारबाट के–के ल्यायौं ?)

देवरानी : लेहङ्गा, अघ्रान, अङ्गिया, चोली, नन्नु । सबके टन जराबर नन्नु ।

(लेहङ्गा, अघ्रान, अङ्गिया, चोली ल्याए । सबैको लागि कपडा ल्याए ।)

दिदी : देखाउ हेरु ?

(देखाउ हेरम)

देवरानी : भितर चलो देखाइम् ।

(भित्र हिड्नुस देखाउँछु ।)

दिदी : सुग्घर–सुग्घर नाल्नेआटे ।

(राम्रा–राम्रा ल्याइछौ ।)

दिदी : कट्टा पैसा लागल ?

(कति पैसा खर्च लाग्यो ?)

देवरानी : लैगिलरहुँ जट्टा पैसा सब ओराइगिल ।

(जति पैसा लगेकी थिए सबै सकियो ।)

## ४.६ बाँकेमा बोलिने थारु भाषाको विश्लेषण

नेपालमा विभिन्न मातृभाषाहरु रहेका छन् जस मध्येको एक मातृभाषा हो थारु भाषा । नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका तराईका २२ जिल्लामा अवस्थित थारुहरुको मूलभाषा एकै रहेतापनि यसमा पूर्वमा मैथिली, बीचमा भोजपुरी र पश्चिममा अवधी भाषाको प्रभाव परेको पाइन्छ । क्षेत्रगत हिसाबले मान्ने हो भने थारु भाषामा धेरै भाषिका रहेका छन् : देसौरे भाषिका, दुङ्गाहा भाषिका, राना भाषिका, सप्तरीया भाषिका, चितौनिया भाषिका, देउखरीया भाषिका, भौरहिया भाषिका, नवलपुरिया भाषाका, सुनसरिया भाषिका ।

माथि उल्लेखित भाषिकाहरुबीच थारु भाषागत तात्विक अन्तर छैन । यस भाषामा प्रयोग गरिने नाम, सर्वनाम, विशेषण, क्रियाको मूलरुप आदि शब्दहरुमा एकरुपता पाइन्छ । तर क्रियाको रुपमा प्रयोगमा मात्र केही फरकपना पाइन्छ । त्यसैगरी कुनै कुनै नाममा पनि अन्तर पाइन्छ तर नगण्य मात्रामा । यसबाट प्रष्ट हुन्छ कि थारु भाषिकाबीच समानता धेरै रहेको पाइन्छ ।

रुपन्देही, कपिलवस्तु, नवलपरासी, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतमा बोलिने थारु भाषामा ज्यादा निकटता रहेको पाइन्छ । बाँके जिल्लामा बोलिने थारु भाषिका मूलरुपमा देसौरे भाषिका र केही मात्रामा दङ्गाहा भाषिका रहेको छ ।

बाँके जिल्लाको वनकटवा गा.वि.स. वार्ड नं. ८, ९ मा थारु भाषाको अध्ययन विश्लेषण गर्दा के पाइयो भने लिङ्गको लागि यस भाषामा छुट्टाछुट्टै क्रियाको आवश्यकता पर्दैन । जस्तै : आशारानी खेलत (आशारानी खेल्छे ।), भगतराम खेलत (भगतराम खेल्छ ।) राम बजार गैलबाटै (राम बजार गएको छ ।) ,सीता बजार गैलबाटै (सीता बजार गएकी छे ।) ।

थारु भाषामा वचनले क्रियामा फरक पार्दैन । एकवचन तथा बहुवचन जुन कर्ताका लागि पनि एउटै क्रियाको प्रयोग गरिएको देखिन्छ । जस्तै : तुहारे बजार जाइटो (तिमीहरु बजार जान्छौ ।) , तुह बजार जाइटो (तिमी बजार जान्छौ ।) ।

थारु भाषामा सामाजिक स्तरको बोध गराउने ब्याकरणात्मक कोटी आदरले क्रियाहरुको प्रयोग फरक पर्दैन । ठूलोलाई आदर गर्दा पनि एकै क्रिया र सानोलाई पनि एकै क्रियाको प्रयोग हुने गर्दछ । जस्तै : बाबा घरम बाटै (बाबा घरमा हुनुहुन्छ ।), लड्का घरमबाटै । (केटा घरमा छ ।)

थारु भाषामा लिङ्ग, वचन, आदर जस्ता ब्याकरणात्मक कोटीहरुको पालन नहुने कारणले नौदशवटा क्रियाका पदले नै सबै कालपुरुषलाई समेट्न सक्छ । यसलाई थारु भाषाको विषेशता नै मान्न सकिन्छ । अंग्रेजी भाषामा वचनको प्रयोगलाई हेरौं : She are reading, Boys is good, Ram go जस्ता प्रयोगलाई गलत मानिन्छ । यसमा वचन अनुसार She is reading, Boys are good, Ram goes जस्ता वाक्य बनाउनु पर्दछ । त्यस्तै हिन्दीमा सीता गाता है, राम गाती है लेखिदैन । यसमा लिङ्गको ख्याल गर्नुपर्ने हुन्छ । यस्तै प्रकारका नियम नेपाली भाषामा पनि रहेका छन् । त्यसैले थारु भाषालाई सरल भाषा मान्न सकिन्छ । थोरै क्रियाद्वारा नै भाषाको पूर्णरुप भेट्टाइनुले यो भाषा सजिलो भएको हो ।

थारु भाषामा विभक्तिको प्रयोग पनि देखिन्छ । एक शब्दको अर्को शब्दसँग सम्बन्ध देखाई वाक्यलाई सार्थक र अर्थपूर्ण बनाउने कार्य विभक्तिले गर्दछ । थारु भाषामा मुख्यरुपमा के, से, पर, मे, लेल आदि विभक्ति प्रयोग हुन्छन् । यी विभक्तिहरु थारु भाषाका लागि प्राण नै मानिन्छ ।

यसरी आदिवासी थारु जातिको भाषा थारु सभ्यतासँगै उत्पत्ति भएको र निकै पुरानो रहेको भाषा हो । यो भाषा बोल्नेको जनसंख्या नेपालमा १३,३१,५४६ रहेको छ । बाँकेमा पनि १५% थारु मातृभाषी रहेका छन् । यो विशाल समुदायले बोल्ने र व्यवहार गर्ने भाषाको विकास त्यत्ति हुनसकिरहेको छैन तसर्थ अब थारु भाषाको उत्थानमा सरकारी पक्ष, गैरसरकारी पक्ष सबैको संलग्नता हुन आवश्यक देखिन्छ ।

**बाँकेका थारु जातिको भाषमा भएका केही शब्द वैशिष्ठ्यहरु निम्नानुसार रहेका छन् :**

- अघ्रान- विवाहित थारु स्त्रीले शीर, छातीदेखि पेटसम्मको भाग ढाक्न प्रयोग गर्ने पछ्यौरा ।
- अग्रासन- खानुपूर्व देवता वा पितृहरुलाई चढाइने पदार्थ
- कसौरा- सहायक गुरुवा
- गन्ज्वा- दुलाहालाई सहयोग गर्ने व्यक्ति
- गुरुवा- थारु पुरोहित
- गोदना- खोपेर शरीरमा छाप बसाउने क्रिया
- घरधुरिया- घरमूली, घरको प्रमुख व्यक्ति
- घटवा- पँधेरो, नुहाउन, भाँडा माझ्न र पानी लिन जाने ठाउँ

- चँडोल- डोला
- चिरक्या- बत्तीको काम गर्ने व्यक्ति
- चोठ्‍यार- विवाहमा दुलहीसँग जाने महिला
- छाँकी- देवताहरुलाई रक्सी चढाउने काम
- जितामर्ना- मासुको लागि सुँगुर, कुखुरा, रक्सी आदिको काटमार
- झुल्वा- लुगा, कपडा
- डिहुरार- देवथान, देवता राखिने कोठा,
- डेहरी- माटो घ्याम्पा
- तेक्याही- विवाहको पक्कापोह्रीमा अतिथिलाई गरिने पहिलो स्वागत
- तेल डेहुवा- थारु जातिमा कुनै ब्यक्तिको अन्तेष्टि पश्चात् शुद्धी कर्म गर्दा तेल दिने विशेष जाती/तेली
- धुरखम्हा- धुरी खाँवो
- नकोदी- विवाहमा दुलहीलाई सहयोग गर्न लैजाने साथी
- निश्राव- माघी पर्वमा छोरी, चेलीलाई खिचडीको लागि दिइने मासको दाल, चामल र नूनको दक्षिणा
- नेधरिन्या- विवाहमा सगुन बाँडी हिड्ने कन्या वा सधवा स्त्री
- पटाहा डेहरी- घरको सबभन्दा उत्तरपट्टी गृहदेवस्थल डिहुरार र भान्सालाई छुट्याउन राखिएको डेहरी
- पवै- पानको पात जस्ता नरम र कोमल पात हुने एक किसिमको लहरा जस्तो साग
- पैनस टोपी- अनदीको भात, ढिक्री बनाउन प्रयोग गरिने एक प्रकारको घासले बुनिएको साधन
- वर्छी- फलामको लठ्ठी जस्तो एकातिर चुच्चो भएको हतियार वा भाला
- बरिन- जजमान
- बहरी- बाह्य प्रयोजनका लागि प्रयोग गरिने कोठा
- भन्सरिया- खाना पकाउने महिला
- भलमान्सा- गाउँको मुखिया

- मझ्यारी- थारु घरभित्र कोठाकोठामा जानका लागि खाली छोडिएको बीचको ठाउँ
- सौटा- थारु धर्म महत्वपूर्ण देवता गणेश
- स्यावा- भेट हुँदा एकापसमा दाहिने हातका औंलाहरु जोडेर अभिवादन गर्ने प्रक्रिया
- सोह्रिन्या- सुत्केरी र बच्चाको स्याहारसुसार गर्ने महिला
- तल्ले शैली- तहतह परेको छानो निर्माण गरी मन्दिर निर्माण गर्नु ।

## ४.७ लोकसाहित्य :

मानव सभ्यताको इतिहासमा अभिव्यक्तिको प्रथम सोपानका रुपमा जन्मेको जेठो साहित्य नै लोकसाहित्य हो । आदिम अपठित मानवको सहज स्वभाविक र अकृतिम साहित्य लोकसाहित्य लोक साहित्य नै हो । अवोध आदिम मानवका स्वान्त सुखाय वा मनोरञ्जनका निमित्त अथवा हर्ष विस्मात् वा पीडा व्यथादिको वन्धनविहीन वेरोकटोक गरिने यस्ता अभिव्यक्तिमा त्यतिबेला काव्यशास्त्रीय कुनै नीति नियमहरु थिएनन् : शब्द, वाक्य वा अर्थका तहको कुनै आग्रह थिएन, पूर्वाग्रह थिएन । ती पहाडि खोलाका झर्नाजस्ता उन्मुक्त, स्वच्छ र पवित्र थिए, बनेलु पन्छीका कलरवजस्ता सहज र स्वभाविक थिए, तर त्यही श्रृङ्खलाले क्रमशः जब विकसित हुँदै जाँदा ऐन, नियम र व्यवस्था वरण गर्न थाल्यो । मानसिक विकास चिन्तनका चरणमा पुगेर एकरुपताको खोजी गर्न थाल्यो, जब भाषाले लिपिको आधारमा ग्रहण गऱ्यो अनि लिखित साहित्यको जन्म भयो । लिखित साहित्यको उत्तरोत्तर परिष्कृत परिमार्जित विकसित हुँदै विराट प्रतिभाका लेखनीबाट रामायण, महाभारत जस्ता मानक काव्यकृतिहरुको रचना भएपछि त्यस्तै प्रकारका कृतिहरुलाई आधार मानेर विषय र शिल्प सम्बन्धी लक्षण ग्रन्थहरु तयार हुँदै गए । यसरी मानवको श्रृष्टिकालदेखि नै मानव सभ्यताको विकासका विभिन्न खुटकिलाहरुलाई समेट्ने क्रममा मानव र उसको समाजका सुख, दुःख, पीडा, व्यथा, उत्साह, वैराग्य, चलाखी, बहादुरी, बुद्धिमानी आदि विविध क्रियाकलाप र तिनसँग सम्बन्धित अनुभव र अनुभूतिलाई मूर्त र जीवन्तरुप दिंदै अनवरत रुपमा आफूलाई सदा नवीन, सुन्दर र गाह्यरुपमा प्रस्तुत गर्ने लोकसाहित्यले गर्दछ ।

लोकसाहित्य मौखिक अभिव्यक्ति हो, जो भलै कुनै व्यक्तिको रचना गरेको हुन्छ तापनि त्यसलाई सर्वसाधारण जनसमुदायले आफ्नो ठान्ने गर्दछ । लिखित साहित्य तथा विकसित साहित्यको जननी पनि लोकसाहित्य नै हो । यसै लोकसाहित्यबाट अत्यन्त धनी मानिने थारु जातिको लिखित साहित्यको तुलनामा लोकसाहित्यको अग्रणी भूमिका भेटाउन सकिन्छ । राष्ट्रियस्तरमा निकै पछाडि परेको थारु जातिमा कृतिमता भन्दा पर रहेर सहज

स्वभाविक साहित्यलाई फलाउने फुलाउने कार्य भइरहेको छ । यिनीहरु आफ्नो काम गर्दागर्दै, कुनै चाडपर्व वा उत्सवहरुमा रौनक थप्नका लागि अनेक प्रकारका गीत गाउने र नृत्य गर्ने परम्परा रहि आएको छ । यी गीत तथा नृत्यहरु ऋतु अनुसार, चाडपर्व अनुसार देवदेवीको स्तुति अनुसार फरक– फरक हुने गर्दछन् । थारु जातिमा पनि भाषामा एकरुपता नहुनु, आपसी सम्पर्कको अभाव हुनु र अन्य धार्मिक सम्प्रदायको प्रभावमा परेर यिनका लोकसाहित्यमा पनि एकरुपता पाइँदैन । तर बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका जिल्लाका थारुहरुमा भने लोकगीत तथा नृत्यमा समानता भेटिन्छ ।

थारु लोकगीतमा बौद्धबज्रयानी सम्प्रदायको आशा पाइन्छ । प्रफुल्लकुमार सिंह 'मौन' ले वि.सं. २०२५ मा थारु लोकगीत संकलन एवं सम्पादन गरी प्रकाशित गराएको देखिन्छ । यिनका चाँचर बारहमासा, वसन्त, मलार आदि गीतमा ऋतु सौन्दर्य पाइन्छ । देवीदेउता एवं धामी गीतमा लौकिक, अलौकिक कथाको पुञ्ज पाइन्छ । सोहर, मङ्गल, निर्गुण आदि गीतमा मानव जीवनको सुखदुःख पाइन्छ भने बालगीतमा वात्सल्य एवं स्फुर्ति पाइन्छ । 'पूर्वी नेपालका थारुजातिका लोकगीतमा विद्यापति, उमापति, नन्दीपति, प्रेमानन्द, सरसराम, साहेवदास आदिको उल्लेख भएको पाइन्छ । विद्यापति जस्तै कबीरको पनि थारु लोकगीतमा प्रभाव परेको छ । थारु लोकगीतमा एकातिर वैष्णव, शैव,शाक्त एवं निर्गुण (सन्तपरम्परा) को तत्व पाइन्छ भने अर्कोतर्फ बज्रयानी, सिद्धनाथ एवं कौलकापालिकाको तत्व पनि पाइन्छ ।[१७] थारु जातिको नृत्यको पनि आफ्नै विशेषता छ । नाचगान गर्दा थारु जातिको नृत्यको पनि आफ्नै विशेषता छ । नाचगान गर्दा प्राय : एकजना गुरुवाको व्यवस्था गर्नुपर्ने तथा नाचको अगुवा साथै पछुवा समेत रहने गर्दछन् । नाच टोलीको संख्या भने नाचको किसिममा भरपर्ने गर्दछ । हिन्दू धर्मबाट प्रभावित भएको क्षेत्रका थारु समुदायमा नाचगान गर्दा महिलाहरुको कम सहभागिता भएता पनि थारुहरुको आफ्ना संस्कार बचेका स्थान बाँकेका वस्तीहरुमा भने महिला तथा पुरुषको समान सहभागिता पाउन सकिन्छ । विविध लोकगीत तथा नृत्यका अतिरिक्त आमोद-प्रमोद, विरह-वेदना, रतियालाई उलाहना दिने खालका गीतिनाटक गरी भरपूर्ण मनोरञ्जन लिने परम्परा पनि यहाँका थारु समाजमा रहि आएको छ ।

बाँकेमा अवस्थित थारुजातिको परम्परागतरुपमा चलिआएका सांस्कृतिक गीत, नृत्यहरुको समग्र अध्ययन गर्नु कठिन कार्य हुन गएको हुँदा बाँके जिल्लाको वनकटवा गा.वि.स.वाड नं. ८ र ९ मा गरिएको अध्ययनबाट प्राप्त लोकसाहित्यको झलक तल प्रस्तुत गरिएको छ :– क) लोकगीत

ख) लोकनृत्य

### ४.७.१ लोकगीत

**(१) डफ गीत-**

डफ गीत डफ बजाएर गाइन्छ । खास गरेर धान काट्ने बेलामा गाइने डफ गीत कार्तिक-मंसिरदेखि माघीसम्म गाइन्छ । यसमा पुरुषहरुले मात्र भाग लिने गरेपनि कुनै कुनै प्रसङ्गमा महिलाहरु पनि सहभागी हुन्छन् । श्रीमान्-श्रीमतीका बीचमा दोहोरी गीतको रुपमा पनि डफ गाउने गरेको पाइन्छ ।

उदाहरण :

जाउ सीताकै पाताल दुसरे गरख्वै भारु
धीरे से चलो रामलक्ष्मण तुहारे साथ मै जैबुँ
बीच डगरमन कदमकै रुख बा सीता लगटा प्यास
जाउ न सीता जलभर लाख तुहारे साथ मै जैबुँ
लीख लीखन्दर लीखैही भगवान करमै लिखा
तुलसीक माला पहिल्यो लक्ष्मण पूरा भगत होइजाओ ....।

**(२) सजना गीत-**

यो गीत वैशाखमा गाउने गरिन्छ । यस गीतमा श्रीमान्/श्रीमती वा केटाकेटीको बीचको मायाप्रीति र विरहलाई समेटिएको हुन्छ । सजना गीत गाउँदा लामो स्वर निकालिन्छ । आमा छोरीका बीचमा गाइएको सजना गीतको उदाहरण-

छोरी- बनमा सै आइल मेरी रे घर देखै पाहुना
मरे सोचके भोजन नही खावै
आमा- खाइलेउ मेरी भोजन खाइलेउ पनियाँ
नही करयो धनियाँक सोच जैवो दुब्राही
छोरी- नही खाइबु मेरी मोर भोजना रे नही खाइबु पनियाँ
नही करबु धनियाँक सोच नही दुब्राइहुँ
चल मेरी जाइ अटनपुर चल रे पटनपुर
चलो मेरी जाइ वनवारा होवै जीयरी बाँचहुँ
आमा- बरिया पकावै आधा खुरमा भरवा चपाबै
चलो चली वहिनीक देशवा बहिनी लिए आही
अलिया गलिया घुमै दादारे खोजनसँग लगुवा
चलो चली बहिनीक देश बहिनी लिए आही ।

### (३) फगुवा गीत

फागु अर्थात होली पर्वको अवसरमा गाइने गीत नै फगुवा गीत हो । यो गीत गाउनेहरु सबै मिलिजुली जाँडरक्सी खाँदै गाउने गरिन्छ । यस गीतमा डफ र मादलको प्रयोग हुन्छ । गाउँका सबै महिला, पुरुषहरु आआफ्नो समूह बनाई आफ्ना मान्यजन कहाँ गई फागु मनाउनेलाई थारु भाषामा फगु बैना भनिन्छ ।

उदाहरण :
फागुनभर बाबा देवरा लागै लिए कटौरा भोजन मागै
पहिले होरी गलियाँबीच खेलै गलियोपर मारापरी गोली रघुवीरा आवदमे खेले होरी
पहिले होरी कुवानपर खेलै घैलाउपर मारापरी गोली रघुवीरा आवदमे खेले होरी ....।

### (४) मागर गीत-

यो गीत खासगरी विवाहको हर्षोल्लासपूर्ण समयमा गाउँने हुँदा ज्यादै लोकप्रिय रहेको छ । विवाहको विभिन्न प्रसङ्गमा एकतर्फी र दोहोरो समेत यो गाउने गरिन्छ । मागर गीत दुलाहालाई लुगा लगाइदिदा, डिउली डर्ने बेला, बरात जाने बेला आदि विविध समयमा गाउने गरिन्छ । उदाहरण-

सुरहीक गायक गोबरा मगायोउ चारीकोन चारी
चौक पुऱ्यायो चौमुख डिया जलाय बिचबिचै सिन्दूर टिकाय,
एक और ठरियाइ राम एक और लक्ष्मण एक और ठरियाइ सीताजानकी,
भित्रे से निकरै माता कोशिल्या आलुर बालुर पर्से लागै,
नानो भौजिहिन आइलर खाइलर लक्ष्मी परछ्लेउ,......

दुलाहालाई लुगा लगाइदिने क्रममा आमा, काकी, भाउजूको गाउने मागर गीत :
हमारे दुलाहा भैया बुक्वा लगावै
वुक्वा त बाटै बहिनी हातै
हमारे दुलाहा भैया जामा जो पहिराई
सुग्घा मन्दिल चरी देखै
ह्मारे दुलाहा भैया धोती जो पहिराई
धोतीया तो बाटै पुट वनिया दुकनिया
जाउ पुट धँनिया विहाय .....

### (५) मैनागीत

यो गीत प्राय : भदौको महिनामा गाइन्छ । लामो स्वर तानेर गाइने यो गीत युवायुवतीको प्रेमरागले भरिपूर्ण भाव हुने गर्दछ । उदाहरण-

अरि मैना रे विजुलमा हुटिया गोरियाले मारी मोहनी लगैलो हो रे मैना,
मोर सुरटीया माकुना भुलानी हो रे मैना कुर रर .....।
मैना हाली हो खो हाली हो खो पियारी तुहारे सरटीया मोर माकुना भुलानी हो रे मैना
मैना अलिया हो गलिया हात्ती दगुरायो हो रे मैना
भेली मिठैया गोरियाले मारी मोहनी लगैला हो रे मैना

### (६) लटका गीत

दशैंको बेलामा बिहान भाले बासेपछि र साँझ ४ बजेपछि लटका गीत गाइन्छ । यो गीत केटाकेटी मिलेर दुई टोली बनाएर गाउने गरिन्छ । एउटा टोलीमा कम्तीमा दुईजना हुनुपर्दछ । मादल, झाल बजाएर गाइने यो गीतमा बीचमा एक जना नाच्ने पनि गर्दछन् । उदाहरण :

आपने तरह से अटो दुनु दरजी ॥
हँ हँ हमरो नगारी आलागवै बजरीया ॥
हरे संकटी गलारी अमा लगेरै बजारीआ ॥
हँ हँ सोने रुपे नठुनी वे साहेवो बीसती आ ॥
हरे झझाकी के उठ बीजुली अस चमकै ॥
हँ हँ झुलनीका मोल कही देवो अस वार बा ॥
हरे एक एक झुलनीक लछतो रुपैआ ॥

### (७) हुरडुङ्वा गीत-

दशै, तिहारमा नाचिने हुरडुङ्वामा नाचमा गाइने गीतलाई हुरडुङ्वा गीत भनिन्छ । यो गीतमा विहान, दिउँसो, साँझ, राती, आधाराति, मिर्मिरे बिहान लगायत विभिन्न प्रहरमा गाइने फरकफरक सन्देश बोकेका भिन्दाभिन्दै गीतहरु हुने गर्दछन् । यस गीतमा खासगरी श्रीमान्/श्रीमती बीचको माया, प्रेमप्रसङ्ग र दैनिक व्यवहारका कुराहरु हुने गर्दछ । उदाहरण :

बाटैबाटै गई ले हो बाने नही पइलै हो बतेही पइले वाटीया ॥।
जोहटी रेबस पीयावा मोहीलाई चोलो वटीया ॥।
जैनेपन थुपीया मोरै गैईलै वटीया मली न हो भई नै वटीया मलीन हो भैनै ॥।
बीध कैस नही ओर से जाबहल पुरवै चे हो पीया मोहीलाई चोलो बीधके ॥।
जबसे पीया मोर गैनै सब सुखालाई हो गैये नैसवदुखा दई हो गैने सब सुखा ॥।

## (८) बर्कीमार गीत

बर्कीमार गीत असोज कार्तिक महिनामा गाउने गरिन्छ । यसमा महाभारतको कथाबस्तु गीतिलयमा गाइन्छ । प्राय पुरुषहरुले मात्र गाउने यस गीतमा मादल, डफ र ठूलोखाले झ्यालर वजाउने गरिन्छ । उदाहरण :

वेवुरी विनायक झमकी उरावै ॥।
विनावादर बुदी तुमार धनपटि धन रे सुगा कैठोर ॥।
हिड्दा बइस मोटी देउ रे सिखाय भगमोटी सरमली हैबु टोर नाउँ ॥।
देखी धरम देवी धनधल बाट ॥।
राजाजीरी जो धन कह जब लागे ॥।
सकुनी मामा जोरोरे उपाय सौकुछ मामा जोरो रे उपाय ॥।
कौन कुन कै वेरबी गाय भली र भीम आजिरी जोधन ॥।
कौर मारे बेहुरल गाय ॥।

## (९) झर्रा गीत

दशै र तिहारको समयमा झर्रा नाच नाच्ने क्रममा गाइने गीतलाई झर्रा गीत भनिन्छ । यस गीतमा खास सन्देश भने हुँदैन । उदाहरण :

गोरे वेदन मुख चुवै पसिनवा मैया छिपावै हरि गोदमे
कहावै हसनटूर जलभय कहा छिनायो हरिनार ।
मकमदीलमा जलम भए महजीतमा छिनायो नार
किटिन के टो ठाटबाट किटिनको हसन बनाइ ।

## (१०) छोकरा गीत-

छोकरा गीत दशै र तिहारको समयमा छोकरा नाच नाच्ने क्रममा गाउने गरिन्छ । यो गीत गाउँदा गाउने मान्छेहरु दुई टोलीमा विभाजित भई प्रेमभावले युक्त गीतहरु

गाउने गरिन्छ । पुरुषहरु महिलाको भेषमा आएर नाच्ने साथै गाउनेको संख्या पनि धेरै हुने हुँदा छोकरा गीत गाउँदा निकै रमाइलो हुने गर्दछ । उदाहरण :

साली भिनाजुको छोकरा गीत
उटरै सुघना दखिन मुह कैके वोलै
साली के खबर सुनके खबर लिहे आवै भल्ला हो ।।।
सुघनाके लाली ठोर कयरङ पंखा
कागतलानु कलमलानु हा लिखनु खररर
वावुसंग मैटो रोइटु धररर

### (११) मघौटा गीत :

थारुहरुको महानपर्व माघीमा गाइने गीतलाई मघौटा गीत भनिन्छ । यस गीतमा दुइटा टोली बाँडिएर दोहोरी गाउने गरिन्छ । यसमा प्रेमप्रसङ्गका गीतहरुलाई दोहोरीका रुपमा गाइने हुनाले थारु गीति साहित्यमा यो महत्वपूर्ण दोहोरी हो । माघी पर्वको अवसर पारेर सबै जमघट भई रातभरसम्म पनि मघौटा गीत गाएर नाच्ने पनि गरिन्छ । उदाहरण:

बपकी सगरमे मुरीया लहान गैनुँ हा
सखिय हो इहे गंगा करैही दान सखिय हो ।।।
बपकी सगरमे मुरीया लहान गैनुँ हा
सखिय हो इहे बीच गीरै टिकुली हमार सखिय हो ।।।
मोरे पिछे ओखा गोरिया भैया मीटवा
सखिय हो इहे बीचे दारो महाजाल सखिय हो ।।।

### (१२) अष्टीम्कीक गीत

कृष्ण जन्माष्टमीका दिन गाइने गीतलाई अपटीम्कीक गीत भनिन्छ । यस गीतमा कृष्ण भगवानका लीला र अवतार सम्बन्धी गीत हुने गर्दछ । यस गीतको बोध पृथ्वी र जलको सृजनादेखि शुरु हुन्छ र अन्त्य कंश वधमा गएर टुङ्गिन्छ । यो गीत प्राय : ब्रतालु महिलाहरुले गाउने गर्दछन् । उदाहरण :

भोरा भाइल भिनसरिया मुर्गा एक बोलै रे
उठ पुटा बार कान्हा बाछरु छोरे लाग ।।।
राजा घर बाटै पुटा गोरकी खरौवा हाटकी टेकनिया राजा घर बाटै ।।।

इहेलेव पुटा गोरकी पावलीया इहलेव पुटा  हाटकी टेकनिया जाउ न वाछरु छोरे ॥।
गाइ गवलिया डारो छिटकाइ गाइ गवलिया कान्हा दुधा लगाई ॥।

### (१३) बरमास्या गींत

यो गीत गाउन कुनै खास पर्व,उत्सव वा महिनाको आवश्यकता पर्दैन । वर्षको बाहै् महिना आफ्नो कामकाज गर्दा गर्दे मनोरञ्जन प्राप्त गर्ने उद्देश्यले यो गीत गाउने गरिन्छ । उदाहरण :

असारेमासे अपनरीत धाय,
वरसत मेघ चौवालिस घेर,
साउन सजनी बरसै भिन बुडा,
सनिके टिकल भीजै माठा लिलारे
भादौ भौरा गुजरे निसुराटे
बिजुली तरपै बपकी द्वारे,
क्वाटे कनैहा बरत एक रहै अनधन गउजलक्षमी छोडेन,
एक काटिक आइर हो गाइ चरावै,
हरकट गाई दुहावन जावै ।

## ४.७.२ लोक नृत्य

### (१) झुम्रा नाच

झुम्रा नाच र थारु जातिमा प्रचलित एक लोकप्रिय नाच हो । यो नाच खासगरी दशै र तिहारको बेला नाचिन्छ । यसमा एकजना मादले, एक वा दुईजना नाच्ने महिला र एक नक्कलकर्ता रहेका हुन्छन् । यसको नामाकरण स्थानको भिन्नता अनुसार झुमरा, झुमरी, झुमर, धुमर र धुमरा आदि रहेको छ ।

### (२) सखिया नाच

सखिया नाच पनि दशै तिहारमा नाचिने गरिन्छ । यस नाचको थालनी कृष्णाष्टमीको दिनदेखि शुरु गरी लगातार दशैको टीका वा पूर्णिमासम्म नाच्ने गरिन्छ । यसमा कृष्णलीला सम्बन्धी गीत र त्यही अनुसारका नाच गरिन्छ ।

केटाकेटी दुबै मिलेर गरिने यस नाचमा दुष्टात्माको भवितव्यबाट बचाउनको लागि एकजना गुरुवाको व्यवस्था गरिएको हुन्छ । यसैगरी गाउँका वडघरिया र भलादमीहरु संरक्षक रहेका हुन्छन् । एकजना गीत सिकाउने गुरु 'मोहिन्या' को पनि व्यवस्था हुन्छ । नाच्ने सहभागी केटीहरु मध्ये दुईजना 'पछगोहिया' र अन्य सहयोगी संगीहरुको व्यवस्था हुन्छ भने केटाहरुमा मादले मध्ये एकजना 'अगुवा मदरिया' र अर्को एकजना 'पछुवा मदरिया' को व्यवस्था समेत गरिएको हुन्छ ।

पुराणका अनुसार त्रिपुरा सुन्दरीलाई वध गर्दा पार्वती साह्रै प्रशन्न भएर नाचेको नृत्यलाई 'लास्य नृत्य' भनियो । कालान्तरमा उनले सो नृत्य वाणासुरकी छोरी उषालाई सिकाइन । उषाले त्यो नृत्यको प्रचार द्वारिकामा आएर गरिन् । त्यही नृत्यलाई पूर्णत्व दिन कान्हाले राशमण्डलीको निर्माण गरे जसको एउटा रुप थारु लोक नर्तक तथा नर्तकीहरुद्वारा 'सख्या र पैंया' का रुपमा थारु लोकसंस्कृतिमा अझैपनि कायम छ । गोलाकार भई नाच्ने यस सख्या नृत्यको ताललाई संगीतको भाषामा 'विषमलास्य' भनिन्छ भने ताल र भावको प्रदर्शन गरिने पैंया नृत्यलाई 'विकट लास्य' भनिन्छ । यसको अभ्यास रातिको समयमा गरिन्छ । पहिलो दिन फर्सीको पात हातमा लिएर नाचिन्छ, दोस्रो दिन सनपाटको फुर्का बनाई सोही हातमा लिएर र तेस्रो दिन सानाखाले मुजुरा बजाएर नाच्ने गरिन्छ । अष्टमीको दिन सखिया नाच रातभरि नै नाचिन्छ । यसलाई 'भेंडवा जगैना' भन्ने पनि गरिन्छ । यस रातमा सबै थारुहरु घरको डिहुरारमा कुभिण्डोको भेडा बनाई भालेको पहिलो बासाईसँगै बलि चढाउने गरिन्छ । अन्तमा दशैको टीकाको दिन विशेषरुपमा सजिएर गाउँको सबै घरमा गई नाँच्ने र त्यहाँ पाएको पैसाले सबै मिलेर 'ख्यारा' खाने गर्दछन् । 'ख्यारा' खाँदा गुरुवा, मौहिन्या, वडघरिया, भद्रभलादमी सबैलाई बोलाउने चलन छ ।

## (३) कठघोटिक नाच

वाँसले घोडाको आकार बनाई त्यसलाई नर्तकहरुले आफ्नो काँधमा भिरेर मादलको तालमा नाच्ने थारु नाचलाई कठघोरिक नाच भनिन्छ । पुरुषहरुद्वारा नाचिने यो नाच गर्नुपूर्व गुरुवाहरुले विभिन्न थरिका पूजा र वली चढाउने गर्दछन् । नाच टोलीमा दुई वा चारजना मादले र नाच टोली छ वा आठको संख्यामा हुन्छन् । सहयोगी अन्यगरी बीसजनाको टोली हुने गर्दछ । मादले मध्ये एकजना प्रमुख मादले रहने गर्दछन् जसलाई थारु भाषामा 'अगुवा मदरिया' भनिन्छ । यसैगरी एकजना सहयोगी मादले पनि रहन्छ जसलाई 'पछवा मदरिया' भनिन्छ । यो नाच खासगरी दशैको बेलामा वडघरियाको घरमा, गाउँका भूँइह्यार तथा केशौका गुरुवाको घरमा समेत नाच्ने गरिन्छ ।

### (४) लट्ठहवा नाच

दुबै हातमा एउटा एउटा वा दुई दुईवटा लट्ठी लिएर मादलको तालमा नाचिने भएकोले यसलाई लट्ठहवा नाच भनिन्छ । दशै तिहारमा विशेष गरी नाचिने यो नाचमा दुई वा चार जना मादले र नाच्नेहरु रहने गर्दछन् । बिना गीत मादलको तालमा आकर्षक ढङ्गले यो नाचिन्छ । यसमा नर्तकहरुले खुकुलो, रङ्गीविरङ्गी कपडा लगायतका हुन्छन् । विशेष कार्यक्रमहरुमा पनि नाचिने लट्ठहवा नाचको लागि नाच मण्डलीको एकजना अगुवा र एकजना पछुवा रहने गर्दछन् जसले टोलीलाई व्यवस्थित गर्ने कार्य गर्दछ । यसका साथै नाचटोलीका सदस्यको रक्षाका लागि एकजना गुरुवाको पनि व्यवस्था गरिन्छ ।

### (५) मुङ्ग्रहवा नाच

हातमा काठको मुङग्रो लिएर नाच्ने यो नाचको अभ्यास एक महिना अगाडि देखि गरिन्छ । यस नाचमा दुईदेखि माथि जोडा संख्यामा मादले र हातमा काठको मुङ्ग्रा लिई नाच्ने नर्तकहरु पनि दुइभन्दा माथि जोडा संख्यामा नै रहने गर्दछन् । दशैंको बेला नाचिने यस नाचमा मादले र नर्तकहरु पिठ्युँमा मयुरको प्वाँख, जीउमा रङ्गीबिरङ्गी कपडा, काखीमा रातो सप्की, टाउकोमा फुन्नायुक्त टोपी र सेतो रंगी पगरी, नाडीमा फुन्ना लगाइएको कन्ठी, घाँटीमा फुन्ना लगाइएको गऱ्याला, कम्मरमा धोती र विशेष श्रृङ्गार गरेर मादल भिरेका हुन्छन् ।

यस नाचलाई व्यवस्थित गर्न टोली प्रमुख र दुष्टात्माबाट बचाउनका लागि गुरुवाको व्यवस्था गरिएको हुन्छ । बेजोड वर्षसंख्यामा यो नाच नाच्ने मान्यता रहेको छ । गुरुवाले नाच शुरु गर्दा देवीदेवता एवं दुष्टात्माहरुलाई यति वर्ष नाच्छौ भन्ने कबोल गरेका हुन्छन् र त्यही बमोजिम यो नाच नाच्ने गरिन्छ ।

### (६) हुर्डुङ्ग्वा नाच

हुर्डुङ्वा नाच कोलाहलपूर्ण वातावरणमा गीत तथा नृत्यको तालमा बडो जोसिलो भएर मनोरञ्जनपूर्ण तरिकाले नाच्ने गरिन्छ । यसमा एकजना नाच्ने, एकजना मादले र एकजना हाँस्य कलाकार रहन्छन् । साथै गीत गाउने टोली दुईवटा रहने गर्दछ जसमध्ये एउटा टोलीमा गीत उठान गर्ने व्यक्ति रहन्छ । उसले गीत उठान गरेपछि अन्य सहयोगीले पनि सोही गीत भाखा मिलाई गर्दछ । यस नाचमा सबैजना पुरुषहरु रहने गर्दछन् भने संख्या जति भए पनि हुन्छ । नर्तकहरुले चाहि महिलाको गहना र कपडा लगाएका हुन्छन् । यो नाच नाच्ने क्रममा मादलको तालमा मादले र नर्तकसँगै गीत गाउने टोली 'हुक्कुइ हुक्कुइ' भन्दै नजिक आएर उफ्रिन पनि गर्दछन् । यस नाचमा

रामककाहरा (दिउँसो गाउने गीत), लटिया (साँझपख गाउने गीत) गाइने गरिन्छ । श्रीरामले रावण माथि विजय प्राप्त गरेको खुशीमा भव्यरुपमा देवताको सचित्र वर्णन गरी नाचको कर्म गरिन्छ । यो नाचको प्रचलन बढी मात्रामा बाँकेमा नै रहेको छ ।

### (७) झर्रा नाच :

खासगरी दशैको समयमा नाच्नको लागि करिब एक महिला अगाडिदेखि झर्रा नाचको अभ्यास गरिन्छ । यस नाचमा नर्तकहरुले हातमा बाँसको मसिना सिन्काबाट बनाइएको दुबै हातमा एकएकवटा गरी जम्मा दुईवटा मुठ्ठा झरी लिन्छन् । यसलाई एकापसमा हिर्काउँदा झर्राउने स्वर आउँछ त्यसैले यसलाई झर्रा नाच भन्ने गरिएको हो । यो नाचमा पनि एकजना गुरुवाको व्यवस्था गरिएको हुन्छ । बेजोड वर्षमा नाच्ने प्रचलन रहेको यो नाच शुरु गरेपछि कम्तीमा तीनवर्ष लगातार नाच्नु पर्दछ ।

### (८) मघौटा नाच

थारुहरुको महान् पर्व 'माघी' मा नाच्ने नाचलाई मघौटा नाच भनिन्छ । यस नाचमा एकजना मादले र एकजना वा दुईजना नाच्ने रहन्छन् । यसमा एकातिर केटाहरु र अर्कोतिर केटीहरु दोहोरी गीत गाउनको लागि रहन्छन् । मघौटा नाच बडघारियाको घरबाट शुरु गरी गाउँका सबै घर आगनमा पुगेर पैसा, चामल दक्षिणास्वरुप पाउने गर्दछन् । यस नाँचमा केटाकेटीको समूह बनाई एउटै खालका लुगा लगाउका हुन्छन् । केटाकेटीको समूह बनाई एउटै खालका लुगा लगाएका हुन्छन् । नाच्ने केटीले चाहि अरुले भन्दा भिन्न 'कस्न्यार लहङ्गा' लगाई पट्टी फरिया र विभिन्न गरगहना लगाएका हुन्छन् ।

### (९) बरका नाच

थारु समुदायमा ऐतिहासिक महत्व राख्ने यो नाच महाभारतको कथावस्तुमा आधारित रहेको छ । सबैजना पुरुषमात्र रहने यस नाच टोलीमा सयभन्दा बढी नाच्नेहरु रहने गर्दछन् । विशेषगरी दशैंमा नाचिने यो नाच लगातार कयौं दिन गरेपछि मात्र सकिन्छ । यो नाच धेरै खर्चिलो, तन्त्रमन्त्र तथा महाभारत कथाको राम्रो ज्ञान हुनु जरुरी पनि हुन्छ । यस नाचमा प्रमुख गुरुवा र सहायक गुरुवाहरु रहेका हुन्छन् । मादलेहरुमा एकजना अगुवा र एकजना पछुवाका साथै अन्य थुप्रै मादलेहरु रहन्छन् । यसैगरी नाच्नेहरु पनि दुई थरीका हुन्छन् । बरका नाच नाच्ने क्रममा एउटा ठूलो र लामो बाँसको खाबो गाडी त्यसमा लोहोटा झुण्ड्याइएको हुन्छ ।

**(१०) छोकरा नाच**

पुरुषहरुले महिलाको लेहङ्गा, चोली, चुरा, टिकुली, अघ्रान आदि लगाएर नाचिने नाचलाई छोकरा नाच भनिन्छ । यस नाचमा गीत गाउने दुई टोली हुन्छन् र मादलेको तालमा नर्तकहरु नाच्ने गर्दछन् । यो नाचमा प्रेमप्रसङ्गका गीतहरु गाइन्छ । यसमा नाच्ने र बजाउने एकजना भएपनि गीत गाउनेको संख्या भने धेरै रहेको हुन्छ । छोकरा नाच तिहारमा नाच्ने गरेतापनि अवस्था हेरी अन्य बेलामा पनि नाच्ने गरिन्छ ।

**(११) विरहैन चाँचर नाच**

यो नाच थारु संस्कृतिको मौलिक नाच हो । खासगरी विरह वा दुःख परेको बेलामा सान्त्वना दिनको लागि यो नाच नाच्ने गरिन्छ । श्रावण, भाद्रतिर नाचिने यो नाच विरह परेको कुरालाई चित्रण गर्दै नाच्ने गरेको पाइन्छ ।

**(१२) राशलीला/कृष्णलीला नाच**

कृष्णको जीवन चरित्रको सचित्र वर्णनका साथ गरिने यो नाच थारु समुदायको परम्परागत लोकनृत्य हो । गीतमा आधारित यस नाचमा राधाकृष्णको चरित्रको अभिनय पनि गरिन्छ । विशेषगरी तिहारको अवसरमा हर्षोल्लासका साथ यो नाच सम्पन्न गरिन्छ ।

**(१३) तरबार नाच**

हातमा तरबार लिएर नाच्ने भएको हुँदा यसलाई तरबार नाच भनिन्छ । यो एकल नाच हो जुन तान्त्रिक पद्धतिमा आधारित हुन्छ । यसमा एकल नाच हो जुन तान्त्रिक पद्धतिमा आधारित हुन्छ । यसमा एकजना नाच्ने र एकजना ढोलक बजाउने हुन्छन । यस प्रकारको नाचमा नाच्ने व्यक्तिले नाच्दा नाच्दै विभिन्न कला प्रदर्शन गर्दछन् । अंगप्रत्यंगमा तरबार छोपी टाउकोमा आगो बोकी भयानक रुप देखाउँदै नाच्ने गर्दछन् । यो सबैभन्दा सानो नाच मण्डली भएको नाच हो जसमा नर्तकले सेतो पहिरन, टाउकोमा पगरी र हातमा एउटा तरबार लिएको हुन्छ ।

**(१४) महरवा देवी नाच**

दशैंको अवसर पारेर युवायुवतीहरुद्वारा सरसफाई गरी सामुहिकरुमा यो नाचको प्रदर्शन हुन्छ । यस नाचमा नाच्ने व्यक्तिहरुको शरीरमा महरवा देवीको उत्पत्ति भएको विश्वास गरिन्छ ।

**(१५) वरमास्या नाच**

यो नाच बाह्रै महिना खेतीपातीको काम गर्दागर्दै नाच्ने, गाउने गरिन्छ । यो नाच प्राय : सबै चाडपर्वहरु, उत्सव र मेलापातमा पनि नाचिन्छ । यस नाचमा एकजना नर्तक, एक मादले र गीत गाउनेहरु धेरै रहेका हुन्छन् ।

**(१६) होली फागु नाच**

फागु पूर्णिमाको दिन विभिन्न रङ्, अबीर लगाई मादल र डफका साथमा गीत गाएर नाच्ने प्रचलन थारु समाजमा रहेको छ ।

**(१७) सरु नाच**

प्राय : वर्षभरिनै खुशियालीको अवसरमा नाचिने नाचलाई सरु नाच भनिन्छ ।

## ४.८ प्राचीन तीन ग्रन्थहरु

## परिचय :

थारु भाषा साहित्य तथा लोकसाहित्यमा तीनवटा ग्रन्थहरु रहेका छन् । यी ग्रन्थहरुमा ब्रह्माण्ड, पृथ्वी, जल, थल तथा सारा जीवनचरको सृष्टिदेखि मानव संस्कृति र सभ्यता विकासका कुराहरु सविस्तार वर्णन गरिएको छ । मानव जीवनको माया, प्रीति, ईश्या, रीसराग, पेशा आदिका बारेमा विभिन्न घटनाक्रमहरु मिलाएर यसमा समेटेको पाइन्छ । यी ग्रन्थहरुलाई हेर्दा थारु ज्ञाताहरु निकै विद्वान थिए भन्ने कुरा प्रमाणित गर्दछ । थारु ग्रन्थमा सबैभन्दा महत्वपूर्ण ग्रन्थ 'गुरुवावक जलमौटी' रहेको छ । थारुको सबैभन्दा पुरानोग्रन्थ यसैलाई मान्ने गरिन्छ । यस ग्रन्थमा थारुहरुको सृष्टि मात्र हैन सारा ब्रह्माण्डदेखि जीवनजगतको सृष्टिका कुराहरु समेत उल्लेख गरेको पाइन्छ ।

वड्कीमार तथा फूलबार ग्रन्थहरु भने निकैपछि लेखिएका छन् । यी ग्रन्थहरु मौखिकरुपमै पुस्ता हस्तान्तरण हुँदै जीवित रहेको हुँदा यसका लेखकको पछिचान हुन सकेको छैन । हाल आएर थारु युवाहरुको सत्प्रयासबाट यी ग्रन्थहरुलाई लेख्यरुप दिइएको छ ।

थारुग्रन्थहरु प्रशस्त मात्रामा प्राप्त नभएतापनि यी सीमित ग्रन्थहरुले थारु जातिको इतिहास, संस्कृति, भाषा, साहित्य आदि कुराहरुको बारेमा केही हदसम्म जानकारी दिने गर्दछन् । यी ग्रन्थहरुको संक्षेपमा विवरण तल प्रस्तुत गरिएको छ :

(क) **गुरुबाबक जलमौटी**

काव्यात्मक लोकशैलीमा श्रृष्टि र श्रृष्टिदेखि भएका घटनाको विस्तार गरिएको साथै प्रथम थारु प्रजापति 'गुर्बावा' को घटनाको वर्णन गरिएको पुराणलाई 'गुरुवावक जलमौटी' भनिन्छ । यसमा थारु ब्रहमाण्ड पुराण भौतिक जगतका सम्पूर्ण वस्तुहरुको सृष्टि, विकास आदिको विवेचना र विश्लेषण गरिएको छ । यसलाई थारु भाषाको पहिलो भाषिकाशास्त्र पनि भन्न सकिन्छ ।

यस ग्रन्थमा आरम्भमा पृथ्वी आगोको गोलो जस्तो थियो । त्यसबाट उठेको धुँवा बादल बनेर धेरै समयसम्म पानी परेपछि पृथ्वी जलमग्न भयो । पृथ्वीका सबै भाग पानीमा डुबे । पानी भरिएको ठाउँमा गड्यौलाले पातालबाट माटो ल्याई पुरेपछि मानिस बस्न र खेती गर्न लायक जमिन बन्यो । प्राणीहरुमा जो थोरै समयसम्म गर्भमा रहन्छ त्यो अघिको श्रृष्टि हो । धेरै समयसम्म गर्भमा रहने पछिका श्रृष्टि हुन् । यसका आधारले मानिस दशौं श्रेणीको प्राणी हो । त्यसपछि घोडा, हात्तीको क्रमले सबभन्दा धेरै गर्भवास गर्ने उँट उपान्तिम प्राणी हो । अन्तिम श्रृष्टि वा अवतार गुरुबाबा हुन्, जो जन्मिएपछि विश्वमा सबै प्रकारको व्यवस्था बाँधियो र यो संसारको रक्षा पनि उनीबाट नै भइरहेको छ भन्ने कुरा लेखेको पाइन्छ ।

यस जलमौटीमा पृथ्वी, जल, मानव तथा अन्य चराचरको श्रृष्टिदेखि कलियुग सम्मको अवस्थालाई वर्णन गर्नुका साथै बीचबीचमा फूलबारका विभिन्न अध्यायको पनि ब्याख्या विश्लेषण गरिएको छ । जस्तै : मन्सी फूलबार, दहफूलबार, चितरंग फूलबार, धन फूलबार आदि । यस फूलबारमा पार्वतीले शंकर भगवानलाई वरको रुपमा पाउनका लागि हिमवत खण्डमा गएर कठोर तपस्या गरेको बारेमा उल्लेख गरेको छ । यसको श्लोकको नमूना :

हा हा रे, पहीलत वरसल, धुरिया धुकुन ।
हर अब दैया कलजुग धरल मिरति भवन ॥१॥
हा हा रे दोसरत वरसल गोबर के रेख ।
अब दैया चारी पाउँ कलिजुग टेकल मिरति भवन ॥२॥
हा हा रे तिसरित बरसल कोइला कै रेख ।
अब दैया कोइ नही टिकही मिरति भवन ॥३॥
हा हा रे सो अस झलकत आवै अंगिया कै रेख ।
छाइल अंगिया मिरति भवन ॥४॥

यो श्लोकहरुमा पृथ्वीलोकको श्रृष्टिकालको अवस्थालाई वर्णन गर्दै यस लोकमा कलियुग प्रवेश गरेको कुरा समेत उल्लेख गरिएको छ जसमा कोइला, गोबर आदिका कण नै शुरुमा श्रृष्टि भएको उल्लेख गरिएको छ ।

हरे चली खेल जाई महादेव दहरा दलफूलबर ॥१५४॥
हा हा रे दुधी वघिनिया घोर फूल अखबार ।
हरे अपनत खेल जचै दहरा दह फूलबार ॥१५५॥
हा हा रे दुनहु देउतटा चलै घाटकै लाउ ।
हरे जेही चलही गैल खेल री दहरा दह फूलबार ॥१५६॥

माथिको श्लोकमा महादेव विभिन्न फूलबारीमा बिचरण गरेको कुरा उल्लेख गरिएको छ । फूलबारको विस्तृत अध्ययनका कुरा पनि वर्णन छन् । यसैगरी अन्य खण्डहरुमा पनि विभिन्न भाव र अवस्था झल्कने खालका सन्देशहरु धाराबाहिक रुपमा पाउन सकिन्छ ।

गुरुबावक जलमौटी ग्रन्थ थारु साहित्यको जीवन्त गाथा हो । यसले पृथ्वी, जल, मानव तथा अन्य चराचर जगतको अवस्था श्रृष्टिदेखि कलियुग सम्म क्रमवद्ध रुपमा वर्णन गरेको छ । थारु जातिको यस ग्रन्थलाइ हेर्दा परापूर्वकालमा थारु साहित्य समृद्ध अवस्थामा रहेको थियो भन्ने कुरा स्पष्ट हुन आउँछ ।

### (ख) बड्कीमार

थारु लोकसाहित्यको इतिहासमा वड्कीमारको स्थान ज्यादै महत्वपूर्ण देखिन्छ । यो महर्षी वेदव्यासको संस्कृत महाभारतको निकट देखिन्छ । आफ्नै भाषाशैलीमा काव्यात्मक रुपमा व्यक्त बड्कीमार मौखिक रुपमा पुस्ताहस्तान्तरण अवस्थामै जीवित रहेको अवस्थामा वि.सं. २०२९ मा महेश चौधरीको पहलमा यसले लेख्यरुप प्राप्त गऱ्यो । यसमा मानव जीवन तथा सम्पूर्ण चराचरको जीवनलीलाको स्पन्दनहरु वर्णन गरिएको छ ।

हजारौं वर्ष पुरानो लोकमान्यतालाई एकत्रित गरी लिखित साहित्यका रुपमा ल्याइएको महर्षी व्यासको महाकाव्य महाभारत संस्कृतमा थियो । अनेक नीतिनियमको आधार यो महाभारत समयको अन्तरालसँगै अन्य स्थानीय भाषामा यसको कथासार मौखिक तथा लिखितरुपमा उल्था हुन थाल्यो । यसरी थारु भाषामा पनि बड्कीमारका नामले थारु परम्पराको लोकश्रृष्टिको आधारमा पुस्ताहस्तान्तरण हुँदै आएको छ । यसका

पात्रहरु संस्कृत महाभारतकै कान्हा (कृष्ण), पाँचपाण्डव, कोटारिन माइ (कुन्तीमाता), डुर्पटी (द्रोपदी), दौनागरि (द्रोणाचार्य) आदि रहेका छन् । बड्कीमारमा उल्लेख गरिएका महान् पात्रहरुलाई थारु जातिले विभिन्न पूजापाठमा उच्च आस्थाका साथ पूजा गर्ने गर्दछन् । यसमा पनि खासगरी भींवा (भीष्म) र थारुबीच प्रगाढ सम्बन्ध रहेको देखिन्छ । यसको ज्वलन्त उदाहरणका रुपमा थारुहरुले मनाउने महानपर्व वरका अतवारीमा सबै भन्दा पहिले भीमकै नाममा परिकार अर्पण गरी पूजा गर्दछन् । यसबाट थारु जाति र महाभारतका पाण्डवबीच घनिष्टतम सम्बन्ध रहेको देखिन्छ ।

बड्कीमार गाउनुपूर्व आफ्ना इष्टदेवदेवताको स्तुतिगान अनिवार्य रुपमा गर्दछन्, जसलाई 'सम्रौटी' भनिन्छ । प्रारम्भमै इष्टदेवीदेवताको मंगलचरण भएको हुँदा थारु जातिको ईश्वरप्रतिको आस्था र सभ्य जाति हुन भन्ने कुरा प्रष्टाउँदछ ।

बड्कीमार श्लोकको नमुना :

"....... पाँच पुता मोर पहुँच मोहिता
पाँच पुता मोर कोही नाही तिता,
पाँच पुता मोर बाँटीचुरी खा,
राउवेध डुर्पटी लै आ डौरी नाउँ धनरनी हो....."

यस श्लोकमा कोटेरिन (कुन्ती) माताले पाँच पाण्डवलाई गरेको स्नेह साथै आफूले ल्याएको कोशेली आपसमा बाँडेर खानु भन्ने कुरा उल्लेख गरिएको छ ।

यसरी संस्कृत महाकाव्यका कथावस्तुलाई आफ्नै थारु भाषामा अभिव्यक्ति दिंदाको प्रतिफल बड्कीमार हो । यसमा दुर्योधन शकुनीको छलकपट, युधिष्ठिरको सत्यता, धर्मपरायणता, कुन्तीको मायाममता, पाण्डवहरु बीचको भातृत्व, कृष्णको उपदेश, पाण्डवहरुको बनबास, महाभारतको युद्ध, पाण्डवहरुको राज्य, स्वर्गप्रस्थान जस्ता महाभारतको कथा वस्तुलाई लय र ताल मिलाएर मौलिक तथा रोचक बनाइएको छ । संस्कृत महाभारतका १८ पर्वहरुबाट घटाएर बड्कीमारमा १४ पर्वहरु मान राखिएको छ ।

**(ग) फूलबार**

थारु जातिको ग्रन्थहरुमा फूलबारको पनि महत्वपूर्ण स्थान रहेको छ । यस ग्रन्थमा जगत जननी शक्तिमाता पार्वतीको लीला गीति शैलीमा प्रस्तुत गरिएको छ । यसमा माता पार्वतीलाइ गावर धीयरीको नाममा अवतारी रुप प्रस्तुत गरिएको छ । यहाँ गावरको अर्थ गोरी र धीयरीको अर्थ छोरी वा चेली हुन्छ । पार्वतीले छत्तीसकोटी देवीदेवतालाई फूल

चढाउनका लागि विभिन्न सरोवर र फूलबारीमा जाँदा व्यहोर्नु परेको वाधा अड्चनलाई यहाँ वर्णन गरिएको छ । फूलबारीमा फूल टिप्दा महादेवसँग हुन गएको मिलनलाई श्रृङ्गार रसको प्रयोग गरी रोचक बनाइएको छ ।

थारु जातिले दशै मनाउने तरिका, देवताहरुलाई चढाउने चिजहरुका साथै पूजा गर्ने विधिको पनि यहाँ वर्णन गरिएको छ । फूलबारमा हेवत राजा रानीमाई मदागीनको बारेमा समेत उल्लेख गरिएको छ जसमा हेवत राजाले बत्तीस कोषको शहर बसालेको, जनताहरुलाई सुनको दक्षिणा दिनुका साथै असर्फीहरु लुटाएको, रानीमाई मदागीनको कुनै सन्तान नभएकोले बाँझीको संज्ञा दिइएको आदि जस्ता कुराहरुको वर्णन गरिएको छ । यसका साथै केही श्लोकको नमूना यसप्रकार छन् :

हरे डहिंया सराती, धिपरी गैने खहराय ।
हाँ हाँ रे सुनहुन राजा हेवतवा विनति हमार ॥
हरे सानकी कटोरवा हो राजा आगे रे धई डेउ ।
हाँ हाँ कलजुग आइ ही राजा रहही सहिदान ॥

यसरी प्रस्तुत ग्रन्थमा माता पार्वती र महादेवको मिलन हुँदाको प्रसङ्गका साथै दशै पर्व र यसमा गरिने पूजन विधिको बारेमा समेत उल्लेख गरिएको छ । विविध रस र अलङ्कारले युक्त यो ग्रन्थ निकै रोचक र महत्वपूर्ण छ ।

## परिच्छेद पाँच

# निष्कर्ष

नेपाल आकारमा सानो भएतापनि बहुजातीय सामाजिक संरचना र विविधतायुक्त संस्कृतिले गर्दा एसियाकै 'जातीय सङ्गमस्थल' बन्न पुगेको छ । भनिन्छ, नेपालको सामाजिक संरचना भित्र ७५ भन्दा बढी जातीय समुदायहरु अटाएका छन् । यस अर्थमा नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो भन्ने पृथ्वीनारायण शाहको भनाई सान्दर्भिक देखिन्छ । नेपालको यही जातीय समुदायमा आफ्नो स्वतन्त्र अस्तित्व बोकेको एक महत्वपूर्ण जाति हो थारु जाति । पूर्व झापादेखि पश्चिम कैलाली कञ्चनपुरसम्मको तराई खण्डमा बसोबास गर्ने आदिवासी थारु जातिको मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने बाँके जिल्लामा पनि बसोबास रहँदै आएको छ ।

थारु जातिको नेपालको अति नै पुरानो जाति मानिएको छ । तर यस जातिको उत्पत्तिबारे विद्वानहरुको बीचमा एकमत छैन । कतिले यिनलाई आर्यमूलका भन्दछन् भने कसैले मङ्गोलबाट उत्पत्ति भएको थारु जाति हो भन्दछन् । अचेलका हामी यिनको बारेमा परिशीलन गर्दा अन्यौलको वातावरण देखापर्दछ । थारु जाति प्राचीनकालदेखि नै नेपालमा बसोबास गर्दै आएको सङ्केत चापागाउँको लिच्छविकालीन अभिलेखबाट थाहा पाइन्छ । थारु जातिको शारीरिक बनावटबाट आर्यसित मङ्गोलको सम्मिश्रणबाट यो जातिको उत्पत्ति भएको लक्षण देखिन्छ ।

थारु जातिको वर्गीकरण विभिन्न तरिकाबाट भएको देखिन्छ । थारु जातिमा प्रधान र अप्रधान गरी दुई भेद पाइन्छ । हिन्दू धर्म अँगालेका जातिमा जस्तो ब्राह्मण, क्षेत्रीय, वैश्य, शुद्रको भेद यस जातिमा पाइदैन । केही १/२ थरका बीच बाहेक अन्य सबै जातिमा बिना रोकतोक विवाह सम्पन्न हुने गर्दछ । खानपानमा छोइनितो हुने पनि यस जातिमा छैन ।

थारु जातिले आफ्नो मातृभाषा मैथिली, भोजपुरी र अवधि भन्दा बेग्लै रहेको दाबी गरेतापनि नेपालको पूर्व मेचीदेखि पश्चिम महाकाली नदीसम्म बसोबास गर्ने थारुहरु स्थानभेदले मैथिली, भोजपुरी र अवधि मिश्रित भाषा बोल्दछन् । बाँकेमा अवस्थित थारु भाषामा पनि अवधि भाषाको प्रभाव परेको देखिन्छ । यसरी मूल थारु भाषा एकै भएतापनि क्षेत्रगत हिसाबले मान्ने हो भने यसका थुप्रै भाषिकाहरु रहेको छन्- देसौरे भाषिका, दङाहा भाषिका, राना भाषिका, सप्तरीया भाषिका, देउखरीया भाषिका, भैरहिया भाषिका, नवलपुरिया भाषिका, सुनसरिया भाषिका । बाँकेमा बोलिने थारु भाषिका मूल रुपमा देसौरे र केही नगण्य थारु दाङ क्षेत्रबाट सरी आएका हुँदा दङाहा भाषिकाको प्रयोग पनि भेटिन्छ । थारु जाति शिक्षाको उज्यालोबाट निकै परपर देखिन्छ । बाँकेका थारु जातिमा भर्खर भर्खरमात्र शिक्षाको उज्यालो पस्न थालेको छ । नारी शिक्षा त नभए जत्तिकै छ । शहर बजारमा बसोबास गर्ने थारुहरुले आफ्ना छोराछोरीलाई शिक्षा दिन थालेका छन् । तर

उच्चशिक्षा प्राप्त गर्ने यहाँका थारु जातिका मानिस धेरै कम पाइन्छन् । थारु भाषामा लेखिएका साहित्यिक कृतिको पनि अझसम्म अभाव नै देखिन्छ । कथा, कविता र निबन्ध भने थारु जातिका मानिसले लेखेको देखिन्छ तर उपन्यास, महाकाव्य, अनुसन्धनात्मक कृति भने थारु भाषामा रचना भएको देखिएको छैन । थारुको भाषा तथा साहित्यको लिखित पुरानो रुप तीन वटा ग्रन्थहरु छन्– बड्कीमार, गुरुबाबक जल्मौटी, फूलवार । यी ग्रन्थहरु हजारौं बर्षदेखि मौखिकरुपमा गाइदै आइएका छन् । लोकसाहित्यमा धनी थारु जाति मेलापात, चाडपर्व र विवाहमा गीत गाउनु अनि बाजा बजाएर नाच्नु यिनीहरुको विशेषता नै रहेको देखिन्छ ।

थारु जाति चाडपर्व गरी रमाएर बस्न धेरै पहिलेदेखि जानेको देखिन्छ । बाँकेका थारुहरुले माघी, बरका अत्वारी, डस्या, ढुरेहरी आदि पर्व धूमधामसित मनाउँछन् । चाडपर्वहरु मनाउँदा खानुपिउनु, नाच्नुगाउनु मज्जासित गर्ने गर्दछन् । थारु संस्कृतिको पनि छुट्टै पहिचान रहिआएको छ । जन्मदेखि मृत्युपर्यन्तसम्मका विभिन्न संस्कारहरु गर्ने विधिविधान अन्य जातिको भन्दा निकै फरक रहेको छ । यहाँका थारु जातिको भेषभूषामा पुरुषहरुले मुख्यरुपले भोटो, इष्टकोट, धोती र टोपी लगाउँछन् भने महिलाहरु लेहङ्गा, चोली, अघ्रान वा गटिया लगाउँछन् । विवाह भएका आइमाईले अघिल्तिर टाँक भएको चोली लगाउँछन् भने विवाह नभएका केटीहरु पछिल्तिर टाँक वा टुना बाँध्ने चोली लगाउँछन् । थरुनीहरु गहना लगाउन निकै मन पराउँछन् । यिनीहरु लुर्कन, ढुङ्ग्री, नाकमा नत्थ, चुरा, नक्कली मुँगा, कौडी, पोते, एकान्नी, दुआन्नी र रूपियाँका माला लगाउँछन् । थरुनीहरु केशविन्यासमा निपूर्ण हुन्छन् । कुनै कुनै पुरुषले पनि केश पालेर जुरो बाँध्ने गर्दछन् । थरुनीहरु जुरो बाँध्नुलाई खोपा बनाउनु भन्दछन् । विवाहिता थरुनीहरुले हात, गोडा र छातीमा गोदना (Tatooing) लगाउने चलन छ । थारु जातिका लोग्ने मान्छे र आइमाईहरुले पश्चिमेली जातिले लगाउने पोशाक पनि लगाउन थालेका छन् ।

थारुहरुको मुख्य पेशा कृषि नै हो जुन बाँकेका थारुहरुमा पनि रहेको छ । माछा मार्ने कार्य पनि यहाँका थारुहरुले गर्ने गर्दछन् । थरुनीहरुले गुन्द्री, चटाई, ढकी र खाँडीको कपडा बुन्ने गर्दछन् । थारुहरुले गाई, बाखा, सुँगुर, हाँस, कुखुरा, परेवा आदि पाल्ने गर्दछन् । यिनीहरुले वर्षे बाली र हिउँदे दुबै बाली लगाउने गर्दछन् ।  वर्षे बालीमा धान, मकै र हिउँदे बालीमा चना, मुसुर, केराउ, गहुँ लगाउँछन् । थारुहरुले भर्खरभर्खर आधुनिक तरिकाबाट खेती गर्न थालेको देखिन्छ । तर थारुहरुको आर्थिक अवस्था अधिकांश रुपमा दयनीय नै देखिन्छ । थारुहरुको पाहुनाको सत्कारमा अनावश्यक खर्च गर्ने, जाँडरक्सीको अत्याधिक प्रयोग गर्ने, खेती नै एक मात्र पेशा र त्यो पनि पुरानै ढंगबाट गर्नुले यिनीहरुको

आर्थिक अवस्थामा सुधार भएको छैन । हुनेखाने व्यक्तिको असम्पन्न व्यक्तिमा सहानुभूति नभई होच्याउने प्रवृत्ति रहेको देखिन्छ ।

बाँके जिल्लाका थारुहरुको वस्तीमा साना तथा दुईतिर छानाले ढाँकेका अत्यन्त बाक्ला नजिक, नजिक बनेका घर देख्न सकिन्छ । एकै ठाउँमा गुजुमुज्ज पारेर घर बनाएर बस्नु, त्यसमा पनि ३०/४० जनाको संयुक्त परिवार भएका कारण थारुहरुको गाउँमा जनसंख्याको चाप बढी हुने गर्दछ । इमान्दार, सोझा र मेहनती थारुहरुको सामाजिक व्यवस्थापनमा बड्घरिया, भल्मन्सा, चिरक्या, गुरुवा आदिको महत्वपूर्ण स्थान रहन्छ । यसबाट थारुहरुमा गणतन्त्रात्मक झलक पनि देख्न सकिन्छ ।

यसरी नेपालको तराईका २२ जिल्लामा फैलिएर रहेका आदिवासी जनजाति थारुहरुमा बाँके जिल्लामा अवस्थित थारु जातिको पनि महत्वपूर्ण स्थान रहेको छ । यहाँ थारुहरुको जनसंख्या ६३,३४४ रहेको छ जुन बाँके जिल्लाको कुल जनसंख्याको १६.४२% रहेको छ । थारु मातृभाषा बोल्नेको संख्या पनि १५% छ । थारु जातिको भाषा, संस्कृतिको मूलरुप एकै भएतापनि भौगोलिक दूरी, आपसी सम्पर्कको अभाव र अन्य जातीय समुदायसँगको सम्पर्कका कारण यसमा केही फरकपन देखिने हुँदा बाँकेमा रहेका थारुजातिको भाषा तथा संस्कृतिमा पनि केही पृथक रुप भेट्न सकिन्छ । यसलाई बाँके जिल्लाका थारु जातिको आफ्नो मौलिक तथा महत्वपूर्ण पहिचान मान्न सकिन्छ । समग्र रुपमा भन्नुपर्दा थारु जातिको परम्परागत संस्कृति, ऐतिहासिक धरोहर केवल थारुहरुको पहिचान मात्र नभई नेपालकै गौरवमय आधारस्तम्भका रुपमा रहेका छन् । वि.सं. २०५७ श्रावण २ गते श्री ५ को सरकारले कमैया प्रथाको अन्त्य भएको घोषणा गरेपनि यिनीहरुको जीवनस्तर माथि उठ्न सकेको छैन । केही नगण्य थारु जातिका मानिसहरुले व्यापार, व्यावसाय र नोकरी समेत गर्ने गरेको पाइन्छ । यसरी नेपाली भूमिमा हजारौं वर्ष अघिदेखिको इतिहास बोकेको यो जातिमा अझै पनि सुकुम्बासी समस्या रहनु विडम्बनाको कुरा हो । त्यसकारण, अब यिनीहरुका लागि निर्णायक तहबाट नै थारु वर्ग तथा अन्य गैरथारुहरु मिलेर स्पष्ट कार्यक्रमहरु ल्याउनुपर्ने आवश्यक देखिन्छ । थारु जातिलाई शिक्षा लिन प्रेरणा दिलाउने नयाँ कदमहरु चाल्नुपर्ने देखिन्छ । यसको निम्ति गरीब तथा जेहेन्दार छात्रछात्राको निम्ति छात्रवृत्ति, पुरस्कार र आर्थिक सहयोगको व्यवस्था पनि थारु जाति कै लागि बेग्लै व्यवस्था हुनु आवश्यक देखिन्छ । थारु कल्याणकारिणी सभाले पनि थारु जातिमा रहेको अन्धविश्वासलाई हटाएर थारुजातिलाई सुधार गर्ने पाइला भने चालेको छ । नेपाली राष्ट्रियताको संरक्षण र सम्वर्द्धनको लागि सरकारी स्तरबाट पनि थारु जातिलाई उँभो लगाउनका लागि नयाँ कदम चाल्नुपर्ने अत्यन्त आवश्यक देखिन्छ ।

# सन्दर्भसामग्री


**पुस्तकहरु**

- केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

- जि.सी., एलिजा (२०६३), थारु जातिको रहन-सहन र विविध संस्कृति विश्लेषण ( शोधपत्र) ।

- दहित, गोपाल (२०६२), थारु संस्कृतिको संक्षिप्त परिचय, आदिवासी जनजाति उत्थान केन्द्र, राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर ।

- दाहाल, पेशल (२०५८), नेपालको इतिहास, भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

- राष्ट्रिय जनगणना- २०५८ ।

- शर्मा, मोदिनीप्रसाद (२०६४), थारु जाति एक अध्ययन, (दोस्रो संस्करण), काठमाडौं : साझा प्रकाशन ।

- शर्मा, नगेन्द्र (२०३७), नेपाली जनजीवन, (दोस्रो संस्करण), काठमाडौं : साझा प्रकाशन ।

**पत्रपत्रिका**

- युगवोध (२०५८, आश्विन) ।